# भूमि अधिकारका लागि
## महिला आन्दोलन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र


| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | प्रकाशकमा सुरक्षित |
| **प्रकाशन मिति** | : | फागुन, २०६७ |
| **प्रकाशन प्रति** | : | २ हजार प्रति |
| **प्रकाशक** | : | **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**<br>पो.व.नं. १९७९०, काठमाडौं, नेपाल, फोन नं : ०१-४३६०४८६<br>E-mail: landrights@csrcnepal.org |
| **सम्पादक** | : | रघुनाथ लामिछाने |
| **डिजाईन** | : | कुमार थापा |
| **आइएसबीएन** | : | ९७८-९९३७-८४२०-०-६ |

## हाम्रो भन्नु

सबै घरधन्दा सकेर पनि नेपालका ९० प्रतिशत महिला खेतीपातीको काम गर्छन् । कृषि उत्पादनमा ६०.५ प्रतिशत योगदान महिलाकै छ । दुर्भाग्य, तिनै महिलाको भूमिमाथिको कानुनी स्वामित्वचाहिँ मात्र १०.८४ प्रतिशत छ । यो पनि उनीहरुले चाहेका बेला कसैलाई दिन वा बेचबिखन गर्न पाउने अधिकारसहितको स्वामित्व हैन ।

हुन त मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह जन्मैदेखि पैतृक सम्पत्तिमा समान अधिकारको व्यवस्था गरेको छ । तर कार्यान्वयन नहुँदा यो व्यवस्था 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात्' बन्न पुगेको छ । अझ कतिपय गाउँले महिलालाई त यस्तो कानुन बनेको छ भन्ने जानकारीसमेत छैन । एकातिर ठूलो सङ्ख्या अहिले पनि भूमिहीन र कृषि मजदूरका रुपमा निकै कष्टकर जीवन व्यतीत गरिरहेको छ भने अर्कोतिर भूमि भएका परिवारमा पनि महिला भने स्वामित्व पाउनबाट वञ्चित छन् ।

जसले महिलाको पहिचान सङ्कटमा परेको छ । मर्यादा र इज्जत अपहेलित भएको छ । भूमिलाई नै सबैभन्दा ठूलो सम्पत्ति मानिने नेपाली समाजमा यसैको अभावमा उनीहरु हरेक दिन प्रताडित भइरहेका छन् विभिन्न बहानामा । हिंसाको चपेटामा परेका छन् । अनि हरेक कुरामा पुरुषको भर पर्न बाध्य पारिएका छन् ।

यस्तो परिवेशमा भूमिमा महिलाको स्वामित्व कायम नगराई उनीहरुको चौतर्फी विकास सम्भव छैन भन्ने लाग्नु स्वाभाविकै हो । सँगै खासगरी गाउँले महिलालाई आफ्नो अधिकार, गुमेको पहिचान, भूमिको महत्व, त्यो प्राप्तिका लागि गर्नुपर्ने आन्दोलन जस्ता विषयमा चेतना फैलाउनु पनि जरुरी थियो ।

यिनै कुराहरुलाई मध्यनजर गर्दै राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले २०६६ फागुन २४ देखि चैत ५ गतेसम्म महिलाको ११ दिने पदयात्रा कार्यक्रम तय गरेको थियो । भूमिमा महिलाको अधिकार स्थापना गर्न गाउँ तताउने मुख्य उद्देश्यले आयोजित यो पदयात्रा दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्तनगरबाट एकै दिन निस्केको थियो । जसमा ४२ जिल्लाका कृषिमा श्रम गर्ने ३ सय ३७ जना भूमिअधिकारबाट वञ्चित महिला सहभागी भए । यात्रा सहर हैन, गाउँ पसेको थियो । पीच सडक यसको मार्ग थिएन, गोरेटा र घोरेटा यसले रोजेको थियो । अनि पीडक र पीडित दुवै यसले खोजेको थियो ।

संसार अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) मनाइरहँदा त्यही अवसर पारेर यी श्रमजीवी महिलाले आफ्नो दिवस मनाउन रोजेको तरिका नित्तान्त पृथक थियो । पिठ्यूमा सानो झोला, झोलाभित्र एउटा बर्को, प्यास मेटाउन सानो सिसी र आफूजस्तै पीडितले दिएका खानेकुरा राख्नका लागि एउटा सिलावरको थाल लिएर उनीहरुको यात्रा सुरु भएको थियो ।

सुकुम्बासी र भूमिहीन तथा गरिब बस्तीका बासिन्दाले खुशी भएर दिएको सुदोपीठो नै ती पदयात्रीको 'ब्रेकफाष्ट, लन्च र डिनर' थियो । अनि खुला आकाशमुनिको पराल र गुन्द्री नै 'लज र गेष्ट हाउस' थिए । अनि तिनै दिउसभर थाकेको ज्यान त्यही लजमा मज्जाले निदाउँथ्यो र सपना देख्थ्यो- भोलिको नारी पुस्ताले अधिकारको खोजीमा भौतारिनु नपरोस्, स्वामित्व र स्वाभिमानको लडाइमा थप ऊर्जा नखर्च्योस् ।

चैत ५ गते कैलालीको टीकापुरमा तीनवटै समूहका यात्रीहरुको मिलनसहित यात्रा समापन भयो- भूमिमा महिलाको स्वामित्व कायम नहुन्जेल हातेमालो गरेर निरन्तर अधिकार आन्दोलनमा लाग्ने वाचासहित ।

भूमिमा स्वामित्व हुने महिलाको प्रतिशत राज्यमा १० को हाराहारीमा भए पनि सुदूरपश्चिममा यो प्रतिशत १.६५ मात्र छ । त्यसैले यो क्षेत्र र आसपास पदयात्रीको रोजाइमा परेको हो । जहाँबाट महिला अधिकारको बिगुल फुक्ने प्रतिबद्धता जाहेर गरेका छौं ।

यिनै पदयात्राले देखेका, अनुभव गरेका, भोगेका र महसुस गरेका पीडा, दर्द, खुशी, उत्साह, आँट, अनि प्रतिबद्धतालाई सार्वजनिक गरेर सरोकारवाला सबैमा बाँड्ने उद्देश्यले यो पुस्तिकाको जन्म भएको छ । हाम्रो विनम्र अनुरोध छ- यो पढिसकेपछि राम्रो लागेको कुरा बाहिर भनिदिनोस्, नराम्रो लागेको हामीलाई भनिदिनोस् ।

*- सम्पूर्ण यात्रु*

## यात्राको नजर

अमेरिकन पत्रकार तथा लेखक जोन गुन्थरले भनेका छन्- सबै खुशी बिहानी खानामा आधारित हुन्छन् । तर यही बिहानी खाना नपाएपछि खुशी आउने कुरै भएन । यसरी खुशी खोसिएकाहरु त्यसको कारण पत्ता लगाउन गाउँ छिर्ने निधो गरे । सुतेका र नबुझेकालाई ब्युताउने जमर्को गरे । छरिएकालाई बटुलबाटुल पार्ने प्रयास गरे । अनि एउटा शक्तिका रुपमा खोसिएको खुशी फिर्ता गराइछाड्ने सङ्कल्पसहित चेतनाको राँको बालेर झुपडी र टहराबाट निस्के ।

यात्राले कञ्चनपुरको दीपनगर र झलारीमा भूमिहीनको बिजोग देख्यो । २०३० सालदेखि बसेको जमिन अझै दर्ता नभएको पायो । ४ सयभन्दा बढी परिवार यस्तै अनिश्चित भविष्यमा अरण्यरोदन गरिरहेको देख्यो । धरमपुरको सामुदायिक वनले भोक कम गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय लक्ष्यलाई चुनौती दियो । सहस्राब्दी विकास लक्ष्यले सन् २०१५ भित्र भोकमरी अन्त्य गर्ने भनी गरेको घोषणामा अवरोध सिर्जना गर्‍यो- एकातिर वनको नाममा जमिन बाँझो राख्ने र अर्कोतिर नजिकैका भूमिहीनलाई भने खेती गर्न नदिएर । विडम्बना, तर पनि यो वनले कुनै सजाय भोग्नुपरेन ।

दुई ठूला नदीको बीचमा रहेकाले भूमिहीनका ३० घर जहिले पनि बगाउँछ । त्यसैले ठाउँको नाम नै बस्तीबाट बगुनमा रुपान्तरण भयो । बासकै यो हाल भएपछि खाने र अन्य प्रगतिबारे सोध्ने ठाउँ नै रहेन । असैनाको कालिका माविले मनुस्मृति अझै पढाउँदो रहेछ भन्ने पुष्टि भयो । आफ्नो सेवकबाहेक अन्य दलितलाई भोकै मर्नै लागेछ भने पनि खानेकुरा नदिनू भन्ने मनस्मृतिको निर्देशन यो आफैंले पालना गरेछ । विद्यालय बनाउन भनेर नजिकैका दलितका जमिन लिएपछि त्यसको सोधभर्ना र सट्टापट्टा दुवै दिन नपर्नु यो विद्यालयका लागि शरमको विषय पनि बनेन ।

महावीर खल्लामा मानिसको मूल्य चित्तलको भन्दा कम रहेछ । आफूलाई टोक्ने निकुञ्जको जुका मार्दा पनि २५ पैसा जरिवाना तिर्नुपर्ने निकुञ्ज नजिकका भूमिहीन भने त्यहीँका जनावरद्वारा जति सताइए पनि चूपचाप लाग्नुपर्ने अवस्था देखियो । आफूले लगाएको बाली नष्ट गर्न आएको चित्तल धपाएवापत धौलासिंह कुँवर त अझै कारागारको चिसो छिँडीमा जीन्दगी बिताउन बाध्य छन् । पशुभन्दा पनि तल्लो स्तरका जीवन यापन गरिरहेका यिनीहरुबारे बोलिदिने कोही छैन, जबकि ती जनावरका लागि खाने/बस्ने बजेटबाहेक सुरक्षाका लागिसमेत राज्यले हरेक वर्ष करोडौं रुपियाँ छुट्याउने गरेको छ । विश्वभरका सर्वहारा वर्गीय हिसावले मिल्छन् र एक हुन्छन् भन्ने विश्वविख्यात् दार्शनिक कार्ल मार्क्सको मान्यताले हिमालयमा हावा खायो । मछेला खोलामा बसेका भूमिहीनको बस्ती बगेपछि नजिकैको जङ्गलमा बसेका ४५ घरलाई भूमिहीनकै जस्तो पीडा खेपिरहेका मुक्त कमैयाले धम्क्याइरहेका छन् । तीन पटक त टहराहरुमा आगोसमेत लगाइदिइसके ।

सुख सुविधा गरीबका लागि बनेका शब्द हैनन् भन्ने धनीमानीको भनाइ बरबट्टामा प्रमाणित भयो । २०२८ सालदेखि बसेका ३२ परिवार भूमिहीन आफ्नो बस्तीबाहेक वरिपरि बल्ने बत्ती हेरेर चित्त बुझाउन बाध्य छन् । माछापालनका भूमिहीनले आफ्नो बस्तीको नाम नै अर्को देशको राखेर राज्यप्रति ब्यङ्ग्य गरेका छन् । सधैं बगाइरहने दुई नदीबीचको टापु भएकाले श्रीलङ्का नामाकरण गरिएको यो बस्ती कुन दिन नामोनिसानसहित बग्ने हो, पत्तो छैन ।

शिवनगरको बासुदेवी उच्च मावि पनि पुरानो भएकाले होला शायद, त्यही मनुस्मृतिबाट प्रभावित छ । त्यसैले आफ्नो भवन नजिकै बस्ने २८ परिवार भूमिहीन दलितभन्दा अलिक टाढाका भूमिवाला गैरदलित आफ्नो जमिन कमाउने इष्टहरु ठान्छ ऊ । पेहरानी कटानमा भूमिहीनले चलन गरिरहेका जमिन विद्यालय र क्लब मिलेर खोसे । ऐलानी जमिन उनीहरुले लिन हुने तर भूमिहीनले गरिखान नपाउने स्थानीयको कुतर्क प्रतिवाद गर्ने कोही निस्केन । राज्यले लुटाहाकै संरक्षण गर्‍यो ।

धेरै जमिन भएको व्यक्तिलाई जमिनदार भनिने शब्दकोशको परिभाषा नै टीकापुर बहुमुखी क्याम्पसले फेरिदियो । ऊ आफैं पनि यहाँको एउटा जमिनदार हो, जसले बसिरहेका भूमिहीनका छाप्रामा कैयौं पटक आगो झोसिसकेको छ । ८० विघा जमिन दर्ता गराएको उसले अन्य ३ सय विघा पनि आफ्नो भनेर दाबी गर्दै त्यहाँ बसेका १६ सय भूमिहीनविरुद्ध धावा बोलिरहेको छ । एकतानगर, शिवनगर, एकनापुर र बाढीपीडित टोल नाम गरेका बस्तीसँग सधैं पौंठेजोरी खेल्न अघि सर्छ यो क्याम्पस पढाउन छाडेर ।

बाँकेको कम्दीमा इतिहास धुजाधुजा पारेर च्यातियो । राणा शासन २००७ सालमै सकिएको भनेर गुरुले पढाएका कुरा यहाँ झुटो सावित भयो । राणाहरुले यहाँका भूमिहीनलाई उनीहरुले कमाएको जमिनबाट बेदखली गर्ने अनि थाहै नदिई बेचिदिने गरे । अन्यत्रै बसे पनि चल्ने भनेको उनीहरुकै

रहेछ यहाँ । कतिपय जमिनमा त मोहियानी हकसमेत कायम गर्न दिएका छैनन् ।

राँझा एयरपोर्ट नजिक फेरि मानिसको अवमूल्यन गरियो भूमि नभएकै कारण । उनीहरु बसिरहेको जमिन खोसेर पिपरमिन्ट उद्योगलाई दिन गुठी तम्तयार भएको छ भने अन्यत्रका सयौं विघा नाङ्गा पाखा नदेख्ने वन कार्यालयले भूमिहीन बसेकै यहाँको जमिन भने उठाउन लागिरहेको छ वृक्षरोपण गर्ने बहानामा ।

भूमि अड्डाहरुले जमिनदारका पक्षमा काम गर्छन् भन्ने प्रमाण कमलपुरले दियो । भूमिहीनले कमाइरहेको ऐलानी जमिनको धनी पूर्जा स्थानीय पहुँचवालाले हात पारे । उनीहरुले जोतिरहेको जग्गाको फिल्ड बुक तथा प्लट रजिष्टर अर्कैको नाममा भयो । भूमिहीन हेरेको हेरै आफैं बसेको जमिनको मालिक फेरियो । अड्डाहरुमाथि लाग्ने गरेका आरोप प्रमाणित गर्न कर्मचारी नै सक्रिय देखिए यसरी ।

बर्दियाको खैरी चन्दनपुरले सोध्यो- हाम्रो बस्ती सधैं कटान हुन्छ । धुर्का धुर्का परेर सकिन लाग्यो । दाउरासमेत भारतीय जङ्गलबाट ल्याउन बाध्य छौं, जनावरको आक्रमणबाट हामीले दुई आफन्त गुमाइसक्यौं, पानी पर्‍यो कि बस्ती डुब्ने भएकाले विद्यालयमा शरणार्थी हुन बाध्य छौं । चरम गरिबीकै कारण एक जनाले आत्महत्यासमेत गर्नुपर्ने अवस्था सिर्जना भयो । के गर्‍यो हामीलाई समाजले ? मुलुकले ? नेताले ? आफ्नै देशमा शरणार्थी हुन के गल्ती गर्‍यौं हामीले ? जवाफ हामीसँग पनि थिएन ।

दाङको बिजौरीमा पर्ने थानगाउँ रोयो । ३ पुस्तादेखि पसिना बगाइरहेको जमिनबाट २० घर भूमिहीन बेदखली गरिए । 'सबै दुःख खानाले कम गराउने' स्पेनिस उपन्यासकार तथा कवि मिग्युल डे सेरभान्टेजको धारणा यहाँ झन् बल्झ्यो । खाने जमिन नै खोसिएपछि, दुःख कम गराउने प्रमुख आधार नै लुटिएपछि थानगाउँबासी र मिग्युलको धारणा दुवै विचल्लीमा परे । राप्ती उपक्षेत्रीय अस्पताल नै बिरामी परेको पाइयो । उसलाई अनौठो रोगले गाँजेछ । डाक्टरहरु बिरामी जाँच्न छाडेर अस्पतालैपछाडिका भूमिहीनलाई थलो छाड्न धम्क्याउने पेशामा लागेछन् ।

गोबरडिहा आतङ्कको पर्यायबाची शब्द बन्यो भूमिहीनका लागि । बाढीपीडित ६५ परिवारलाई २०१८ सालमै जमिन उपलब्ध गराइए पनि त्यसको जग्गाधनी पूर्जा भने उनीहरुले पाउन सकेका छैनन् । त्यसैगरी राम चौधरीले २०३४ सालदेखि खेती गरिहेकालाई उक्त जमिनमा खेती गर्न छाड् भनेर धम्क्याएका मात्र छैनन्, भूमिहीनले लगाएका बालीसमेत लुटेर लगे । २०५२ सालदेखि बस्दै आएका ४५ परिवारका छाप्रामा स्थानीय ठूलाठालु भनाउँदाले आगोसमेत लगाए । सतबरियामा बसेका ६५ परिवार मुक्त कमैयालाई हटाउन वन कार्यालय र स्थानीय जमिनदार मिले । उनीहरुको यही मिलेमतोमा उक्त बस्तीमा आगोसमेत लगाइयो । जाडो होस् या गर्मी, यी जमिनदार र वनका कर्मचारीलाई गरीबका घर बलेर आएको राप निकै न्यानो लाग्ने गरेको छ । त्यसैले बस्तीहरु जलाउने र आगोमा रमाउने कुकार्य चलिरहेको छ निरन्तर ।

यात्राले धुरजन्नामा आफ्नो घर शिलान्यास गरेको उपलक्ष्यमा खुशी भएर नाचेकी लौटी चौधरीलाई पति भागिराम चौधरीले कुटेको प्रत्यक्ष देख्यो । अनि भूमिअधिकार आन्दोलनमै सक्रिय भएर लागेकी कल्पना योगी आफैं अंश पाउनका लागि तारेख धाएको पनि देख्यो ।

यी सबै सवाललाई यात्राले कानुनी नजरले पनि नियाल्यो । जहाँ महिलामाथिको भेदभावपूर्ण नागरिकता कानुनले उनीहरुलाई राज्यबिहीन बनाएको पायो । यस्तैखाले सम्पत्ति कानुनले छोरीलाई दायित्वका रुपमा लिने परिपाटी बसाल्यो । अनि बेखबिखन र यौन शोषणसम्बन्धी कानुनले सामाजिक लाञ्छना लगाउने बाटो खोल्यो । शिक्षा कानुनले आत्मनिर्णय अधिकारबाट वञ्चित गरायो । गर्भपतन कानुनले अपहेलना लाद्यो । विवाह तथा पारिवारिक सम्बन्ध कानुनले सतित्वमाथि प्रश्न उठायो । कानुनी तथा अदालती कारबाहीसम्बन्धी कानुनले स्वतन्त्र पहिचानमाथि धावा बोल्यो ।

अनि यी सबैको कारण अनुमान लगायो- पक्कै पनि भूमिमाथि महिलाको पनि स्वामित्व स्वतः हुने व्यवस्था भएको भए अवश्य यस्तो अवस्था हुँदैनथ्यो । र, यस्तो हुनका लागि भूमिहीन जति भूमिवालामा परिणत हुनु जरुरी छ । जबसम्म यो दिन आउने छैन, तबसम्म आधा धर्तीका रुपमा चिनिने महिलाको ठूलो जमात लौटीकै नियति भोग्न बाध्य हुनेछ । हैन भने आफू श्रम गरेर अरुलाई खुवाउने महिला जमिन अभावमा एक दिन भोकै पर्नेछन्, अनि... । किनकि इर्विन भान ग्रोबका अनुसार भोक त्यस्तो इच्छा हो, जसको खानुबाहेक अर्को समाधान हुन्न ।

# विषय-सूची


| | |
|---|---|
| **खण्ड १ : भू-परिवेश** | **१** |
| जिउँदै छ दासता | १ |
| बेहाल श्रीलङ्का | ६ |
| मसानघाटको बास | १० |
| राणा शासन कायमै छ कम्दीमा | १४ |
| महिला दउरेको गाउँ बेलकुण्डी | १८ |
| क्याम्पस पनि जमिनदार | २१ |
| थातथलोबाट विस्थापन हुँदै राजी समुदाय | २५ |
| **खण्ड २ : भूमिमा महिला स्वामित्व : वास्तविकता र औचित्य** | **२९** |
| गाउँले महिलाका केही जल्दाबल्दा मुद्दा | ४७ |
| भूमिमा महिलाको अधिकार : केही व्यवस्था | ५२ |
| **खण्ड ३ : यात्रा अनुभूति** | **५६** |
| **खण्ड ४ : आन्दोलनको समीक्षा** | **९१** |
| **खण्ड ५ : अनुसूची** | **१०७** |



## आभार

११ दिने भूमिमा महिला अधिकार पैदल
यात्राका सम्पूर्ण सहभागीहरु,

यात्राको क्रममा वास, खाना, पानी दिएर
सहयोग गर्ने संगठन र समुदायका साथीहरु,

यात्राका क्रममा ठाउँठाउँमा स्वागत र
छलफलको व्यवस्थापन गर्ने समुदाय,

यात्राको आयोजना गर्ने राष्ट्रिय भूमिअधिकार मञ्च, जिल्ला
भूमिअधिकार मञ्च, गाउँ भूमिअधिकार मञ्च
यात्रालाई सघाउने संस्थाहरु

यस पुस्तकको लागि आवस्यक सूचना संकलन,
अभिलेखन र प्रकाशनको कार्यमा सघाउने
सबैमा हार्दिक आभार प्रकट गर्दछौं ।

**-प्रकाशक**

## खण्ड १

# भू-परिवेश

## जिउँदै छ दासता

दाङको गोबरडिहा, विद्यानगरकी शारदा चौधरी १८ वर्षकी भइन् । यसबीचमा उनी ६ वर्ष त कमलरीमात्र बसिन् । सामान्यतया जमिन कमाउन पाएवापत जमिनवालाकहाँ काम गर्न पठाइएका छोरीलाई कमलरी भन्ने गरिन्छ । खासगरी भूमिहीन वा भूमि भए पनि अत्यन्त कम खेतिपाती भएकाले खान नपुग्नेहरु अरुको जमिन विभिन्न सर्तमा कमाउने गर्छन् । यसरी जमिन कमाउन लिने बेला दिनेहरुले 'बार्गेनिङ' गर्छन् । र, यस्तो बार्गेनिङमध्ये सबैभन्दा पहिले आउँछ- किशोरी छोरीलाई आफ्नो घरमा काम गर्न पठाइदिने ।

यसबाहेक विभिन्न कारणवश ऋण लिन बाध्यहरुसँग पनि यस्तो बार्गेनिङ चल्ने गर्छ । शारदा एउटा त्यस्तै बाध्यतामा परेकी किशोरी हुन, जो बाजेको उपचारका लागि लिइएको ऋणवापत ६ वर्ष दासतायुक्त जीवन बिताउन बाध्य पारिइन् ।

बाजे क्यान्सरका बिरामी थिए । बाबुसँग उपचार गर्न पैसा भएन । उपाय एउटै थियो- ऋण लिने । त्यही बाजेको उपचार गर्नका लागि लिएको ऋण तिर्न शारदा कमलरी बसिन् । यसरी कमलरी बस्नेले गर्नुपर्ने र नपर्ने कामको कुनै सीमा हुन्न । शारदाका लागि पनि छुट्टै नियम थिएन । अन्य कमलरीझैं उनले पनि गोबर सोहोर्ने, भाँडा माझ्ने, घर बढार्ने, कपडा धुनेलगायत् घरका सबै काम गर्नुपर्थ्यो ।





वर्षको २ हजार रुपियाँमा उनले यी सबै काम गर्नुपर्थ्यो । तर पनि उनले समयमा काम नगरेको, भनेको नमानेको, काम बिगारेको जस्ता आरोप खपिरहनुपर्थ्यो । कुटाइ र गाली खाइरहनुपर्थ्यो । खासगरी कुट्ने र गाली गर्ने काम उक्त घरका महिलाद्वारा नै हुन्थ्यो । यस मामलामा बरु पुरुष केही उदार देखिन्थे ।

पदयात्रा आयोजना गरिएको स्थान बाँके, बर्दिया, कैलाली, कन्चनपुर र दाङ सबै थारु बाहुल्य जिल्ला हुन । यो समुदायको ठुलो संख्या भूमि अभावबाट ग्रसित रहेकाले खानकै लागि अरुको जमिन कमाउनुपर्ने बाध्यताबाट गुज्रिरहेको छ । भूमि अभावकै कारण कतिपय गरीबले किशोरी छोरीसँग खाना साट्न बाध्य  छन् । सँगै छोरीको अधिकार, रहर, सपना र सम्पूर्ण खुशी बलिदान दिन बाध्य छन् ।

पराइकहाँ मात्र हैन, आफन्तकहाँ नै कमलरी बसेका घटना पनि पाइन्छन् त्यहाँ । गोबरडिहा, रतनपुरकी प्रमिला चौधरी आफ्नै दिदीकहाँ ३ वर्ष कमलरी बसिन् । १४ वर्षकी प्रमिला घरमा अपुग खाद्यान्न जुटाइदिनकै लागि दिदीकहाँ कमलरी बसेकी थिइन् । कमलरी भनेको कमलरी नै हो, त्यसैले आफन्तकहाँ बस्दा सहज हुने र अरुकहाँ बस्दाचाहिँ अप्ठेरो हुने भन्ने हुँदैन । प्रमिला अपवाद थिइनन् । उही गोबर, उही लुगा, उही बढारकुँडार र अराएका बाँकी कुरा, उनले पनि अरुले जस्तै गर्नुपर्थ्यो दिदीकै घर किन नहोस् ।

### रक्षक नै भक्षक भएपछि...

दाङको सोहनपुर गाविस वडा नं. ८ घर भएकी प्रनिता चौधरी (नाम परिवर्तन गरिएको) फल्कापुर माविका शिक्षक मदन मजगैयाकहाँ कमलरी बसेकी थिइन् । यिनले पटकपटक विभिन्न प्रलोभन र डर देखाएर प्रनितालाई बलात्कार गरे । फलस्वरुप प्रनिताले छोरो जन्माइन् ।

मजगैयाले यो सन्तान आफ्नो हैन भनेर पन्छन खोजे । केही रुपियाँ दिएर उम्कन खोजे । तर अनिता जस्तै पीडितका पक्षमा काम गर्ने सहयोगीहरुका कारण यो घटना अदालत पुग्यो । अहिले अनिताले मजगैयासँग ७ कठ्ठा १२ धुर जमिन र १५ हजार रुपियाँ क्षतिपूर्ति पाउने आदेश सनाएको छ अदालतले ।

यो क्षेत्रमा प्रथाका रुपमा झाङ्गिएको छ कमलरी । त्यसैले खान नपुग्नेले जीवन निर्वाहका लागि केही कमाइको आशमा छोरी अरुकहाँ नोकरको

काम गर्न पठाउनु स्वाभाविक भए पनि खान पुग्ने अवस्थाकै बाबुआमाले पनि छोरी पठाएका छन् । कतिपय घटनामा वल्लोपल्लो घरका किशोरीहरु गएका देखेर रहररहरमै कमलरी बस्न जाने पनि पाइन्छन् । रतनपुर, गोबरडिहाकै आशाराम चौधरीसँग ६ विघा जमिन छ । यो जमिन सामान्य परिवार भएकाका लागि पर्याप्त हो खान-पिउन । तर उनले पनि आफ्ना ५ छोरीमध्ये २ छोरीलाई बुटवलमा कमलरी बस्न पठाए । जमिनमा बोरिङसमेत गरेर खेतिपाती गरी राम्रोसँग गुजारा चलाउँदै आएका आशाराम यसरी छोरी पठाउनुलाई सामान्य ठान्छन् ।

कमलरीमाथिको यौन शोषण सामान्य ठानिन्छ । त्यसैले यौन शोषणको कुरा आउँदासाथ समाजले सोध्ने गर्छ- कसलाई ? जब उत्तरमा कमलरीलाई भन्ने आउँछ, त्यसपछि त्यस विषय गौण बन्छ । मानौं, यो उठाइरहनुपर्ने विषय हैन । कतिपय घटना दबाव दिएर वा सामान्य केही अन्न, पैसा दिएर गुपचूप पारिन्छ भने बाहिर आएका घटना पनि कानुनी प्रक्रियाअघि नै मिलाउने प्रयास हुन्छ सबैतिरबाट । जबकि ब्राह्मण, क्षेत्रीलगायत्का अन्य जातमा यस्तै घटना भए ती जघन्य अपराध मानिन्छन् ।

कतिपय छोरी कमलरी बस्न गएकै ठाउँबाट बेपत्ता भएका छन् । तर तिनको खोजखबर गर्न सक्ने हैसियत न बाबुआमाको छ, न उनीहरुको हारगुहार नै कसैले सुन्छ । यसरी बेपत्ता भएका कयौं छोरी भारत र नेपालकै विभिन्न सहरमा बेश्यावृत्तिमा संलग्न गराइएका अनुमान सामाजिक सङ्घ-संस्थाले गर्दै आएका छन् । केही घटनामा यो अनुमान प्रमाणित पनि भएको छ । तर एकिन अवस्था र सङ्ख्या भने जिज्ञासाको गर्भमै छ ।

उचित खानपानबाट वञ्चित हुनु कमलरीका लागि सामान्य नियम हो । बासी रहेका खानेकुरा, कनिका आदि उनीहरुका लागि छुट्याइएको हुन्छ । जबकि खाना बनाउने काम करिब करिब कमलरीकै जिम्मा हुन्छ । खाना तयार पारिसकेपछि सबैलाई खुवाएर आफू भने रहलपहल खान बाध्य पारिन्छन् उनीहरु । आफूले खान पाए पनि नपाए पनि सबैले खाइसकेपछि ती जुठा भाँडा माझ्ने ठेक्का भने फेरि यिनै कमलरीको हुने गर्छ । त्यसैले कुपोषण र भोकजन्य रोगहरुबाट प्रायः सबै कमलरी ग्रसित हुन्छन् ।

महिलालाई महिनावारी हुँदा विशेष हेरचाह आवश्यक पर्छ भन्ने सबैले जानेको कुरा हो । त्यही हेरचाहभित्र खानपिन पनि पर्छ । तर यही बेला उनीहरुलाई केही छुन नदिइने भएकाले र छिःछिः दूरदूर गरिने भएकाले शारीरिक हिसावले मात्र उनीहरुलाई हानि हुँदैन, मानसिक तनावले पनि





निकै सताउँछ । अघिपछि कतिपयले त जस्तोसुकै अनुरोध गरे पनि घर जान दिँदैनन् तर यो बेला भने घर जान अनुमति हैन, दबाब नै दिन्छन् । कारण- यतिबेला उनलाई धेरै काम लगाउन मिल्दैन तर खान भने दिनुपर्छ । किनकि उनी महिनावारी भएका बेला पनि बसिरहिन् भने घरमा जताजतै छोइन्छ ।

## न सास छ, न लास

बर्दिया धधवारकी गुलिया चौधरी अहिले ठूलो चिन्तामा छिन् । उनकी छोरीलाई १२ वर्षको उमेरमा गुलरियामा सम्झना होटेल खोल्ने व्यक्तिले काम गराउन लगेका थिए । उनी त्यहाँ हुँदासम्म कहिलेकाहीँ छोरीसँग भेटघाट गर्थिन् । पछि ती साहूले होटल महेन्द्रनगर सारे । अनि गुलियाको छोरीसँग भेटै हुन सकेन ।

केही समयपछि होटल साहूले गुलियाको घरमा खबर पठाए कि उनकी छोरी सर्पले टोकेर मरी । परेन फसाद ? न होटल कहाँ छ भन्ने थाहा छ ? न साहूकै नाम थाहा छ ? कहाँ जाऊन् छोरी खोज्न ? छोरी मरेकी हो कि हैन, केही पत्तो छैन । यी ५५ वर्षीय महिला अहिले छोरीकै चिन्ताका कारण ७० वर्षकी बूढी जस्ती भएकी छिन् । उनको हारगुहार कसले सुन्छ ?

खासगरी भऱ्याङमुनि सुत्न भनिन्छ कमलरीलाई । त्यसबाहेक मझेरी, टाँढ, प्यासेज आदि नै उनीहरुको सुत्ने स्थान हो । यस्तो स्थानमा बाहिरी मान्छे आउन सक्ने सम्भावना रहन्छ । त्यसैले कतिपय अवस्थामा जनावरबाट उनीहरु सताइने डर रहन्छ भने कतिपय अवस्थामा पुरुषको गिद्धेदृष्टि पर्नाले कमलरी बसेका छोरीहरु बलात्कृत भएका घटना निकै छन् । तर यसरी पीडित हुनुपर्ने कारणमा भने बाहिरी पुरुषद्वारा मात्र नभएर आफू बसेकै घरका पुरुष पनि छन् । जसबाट कमलरी सुरक्षित महसुस गर्न सक्दैनन् ।

कमलरी राख्नेले विवेक प्रयोग गरेको कमै पाइन्छ । नसक्ने काम पनि जबर्जस्ती लगाउने, भनेको मान्नैपर्ने, उनीहरुले कामका सिलसिलामा प्रयोग गर्ने सामान बिग्रिए, हराए उनीहरुलाई नै तिराउने जस्ता अविवेकी पारा तिनीहरु अपनाउने गर्छन् । गोबरडिहाकै विद्यानगरकी सुनिता चौधरी बल्ल ७ वर्षकी पुगिन् । उनी एक वर्षअघि नै कमलरी बस्न लगिएकी थिइन् । यी बच्चीको काम बच्चै हेर्ने थियो । आफैंलाई हेर्नुपर्ने उमेरकी यिनले के बच्चा

हेर्थिन ? तर पनि उनलाई हेर्न भनिएको बच्चा रोयो भने यिनले गाली खान्थिन् ।

अहिले गोबरडिहाकै सरस्वती प्राविमा पढिरहेकी परदेशनी चौधरी त बच्चा हेरिवरी भातसमेत पकाउँथिन् । यी १० वर्षीय बालिकाले काम बिगारेको आरोपमा धेरै पटक गाली पनि खाएकी छन् । झन् उनकै उमेरकी शिवकुमारी चौधरी त ठूला मान्छेझैं घरका सबै काम गर्थिन् । भनेको नमाने गाली खानुपर्ने डरले उनी सबै काम गरिदिन्थिन् । तर बच्चाले सबै काम राम्ररी कहाँ गर्न सक्छ र ? अनि नजानेको, नसकेको, ध्यान नदिएको, बिगारेको जस्ता आरोपमा उनी भातभन्दा पनि बढी गाली खान बाध्य थिइन् ।





## बेहाल श्रीलङ्का

कैलालीमा एउटा ठाउँ छ- माछापालन । माछापालनभित्र पनि अर्को एउटा बस्ती छ- श्रीलङ्का । यो जग्गा र बस्ती खोला किनारामा भएकाले यसको नाम श्रीलङ्का राखिएको हो । जसरी श्रीलङ्का नाम गरेको देश सामुद्रिक टापुका रुपमा छ । यो जमिन २०५२ सालमा सट्टाभर्नावापत सरकारले बाढीपीडितलाई दिएको हो । जसलाई वर्षेनि नदीले कटान गर्दै आफैंमा मिसाउँदै जाने क्रम तीब्र छ । एक त जग्गा नै थोरै छ । त्यो पनि मसान घाट । अझ अचम्म त के छ भने यही जमिनको पनि त्यहाँ बस्नेसँग लालपुर्जा छ, स्रेस्ता छैन ।

दाउरा बेच्ने, ज्याला मजदूरी गर्ने र भारतमा काम गर्ने यहाँका बासिन्दाको मुख्य दिनचर्या हो । बाँकी समय नदीले कुन दिन बगाउने हो भन्ने चिन्तामै सकिन्छ उनीहरुको । अर्कोतर्फ नजिकै विद्यालय त छ तर सशुल्क शिक्षा लिन सक्ने हैसियत यिनीहरुमा छैन । खासगरी दलितको यो बस्तीमा विद्यालयको शुल्क तिर्ने आँट नहुँदा कोही पनि पढ्न जाँदैनन् ।

जहाँ भूमिहीन वा सुकुम्बासी छन्, त्यहाँ कि जङ्गल हुन्छ कि त नदी । त्यसैले यिनीहरु सधैं पानी पर्दा बाढीको डरले सताइन्छन् । बर्दियाकै सेहरी अर्को यस्तै डरलाग्दो ठाउँ हो, जहाँ वर्षायाममा सातोपुत्लो जान्छ ठूलै मानिसको पनि । जग्गा ऐलानी छ । तर नदीले ऐलानी हो, दुःखी गरीब बसेका छन्, छाडिदिउँ भन्दो रहेनछ । बस्तीसँगैको खुटिया नदी पनि साह्रै निष्ठुरी छ यो मामलामा । त्यसैले उसले यो जमिन वर्षेनि कटान गर्ने गरेको छ । २०६६ सालमा खुटियामा आएको बाढीले त भूमिअधिकार मञ्चकी सदस्य कलावती चौधरीकै घर पनि बगाएर लग्यो । धन्न उनलाई सङ्गठनका अन्य सदस्य मिलेर ५ कठ्ठा जमिनको व्यवस्था गरिदिएका छन् । नत्र उनको कन्तविजोग हुन्थ्यो ।

नदीले सताएका भूमिहीनका बस्ती टन्नै छन्- दाङ, बाँके, बर्दिया र कैलालीमा । मोहमदपुर भैसाही जोशीपुर, इन्द्रपुर र लालपुरमा भूमिहीनका बस्ती हरेक वर्ष वर्षायाममा कटान हुने गरेको छ । गजबको कुरा त के छ भने केही वर्षपछि नदीले उक्त जमिन छाड्यो भने त्यो भूमिहीनको रहँदैन । नदीले यसरी छोडेको बगर पनि हुनेखानेकै अर्थात् जसको प्रशस्त जमिन छ, उसैले कब्जामा लिन्छ । पहुँच र शक्तिका आधारमा उसले यस्तो जमिन हडप्ने भएकाले यतिबेला त्यसबारे बोलिदिने कोही हुँदैन । त्यसैले भूमिहीन आफू बसेको जमिन कटान हुँदा, बगाउँदा वा हराउँदा जसरी टुलुटुलु

हेरिरहनमात्र बाध्य हुन्छन्, त्यसैगरी नदी उकासको जमिन स्थानीय ठालूले प्रयोग गर्दा पनि त्यसरी नै हेरिरहनेबाहेक केही गर्ने हैसियत राख्दैनन् ।

**वनले पनि छाडेन भूमिहीनलाई सताउन**

कुशेडाँडा बाँकेको नौबस्ता गाविसमा पर्ने एउटा बस्तीको नाम हो । जहाँ सुनगाभा सामुदायिक वन छ । वन स्थानीयको सुविधाका लागि संरक्षण गरिएको हुन्छ । अनि त्यही वनबाट विभिन्न सुविधा लिनका लागि वन उपभोक्ता समितिको सदस्य बन्ने चलन छ । तर यही समितिका सदस्य गोविन्द जैसीलाई भने आफैं सदस्य रहेको उक्त वन ठूलो दुश्मनका रुपमा आइलाग्यो । यी ६५ वर्षीय वृद्धलाई यही वनको जमिन खनजोत गरेको अभियोगमा वन कार्यालयले १६ दिन थुन्यो । धन्न १२ हजार धरौटी जुटाउन सकेकाले छुटे । मुद्दा त कहिले टुङ्गिने हो, ठेगानै छैन ।

आफूहरुले चलन गरिरहेको जमिन सामुदायिक वनको नाममा दर्ता भएपछि यहाँका भूमिहीन अहिले निकै मर्कामा परेका छन् । गरिखाने अन्य जीविका नभएकाले वर्षौंदेखि गरिआएको जमिन छाड्न नमानेपछि गोविन्दहरु थुनिन बाध्य भएका हुन । गोविन्दसँगै अहिले यही आरोपमा गौरी विकसहित ४ महिला पनि मुद्दा खेपिरहेका छन् ।

बर्दियाकै खैरी चन्दनपुर पनि वर्षेनि नदी कटानको शिकार हुँदै आएको छ । जहाँ वर्षायाम लागेपछि भूमिहीन आत्तिन बाध्य हुन्छन् । यहाँ बस्ने भूमिहीनहरु वर्षात्को समयमा स्कुलमा बास बस्नुपरेको धेरै वर्ष भइसक्यो । तर उनीहरुको यो दुःख बुझिदिने भने अहिलेसम्म कोही निस्केको छैन । गरिबीकै कारण एक जनाले आत्महत्यासमेत गरेको यो बस्ती कति चरम गरिबीबाट गुज्रिरहेको होला भन्ने सहजै अनुमान गर्न सकिन्छ । जसलाई नदीले समेत हेपिरहेको छ लगातार ।

नदी कटानपटान र डुबानबाट वर्षेपिच्छे प्रताडित हुने अर्को ठाउँ हो दौलतपुर । यहाँ ३० घर परिवार भूमिहीन बस्छन् । यो बस्ती २ वटा ठूला नदीको बीचमा टापु बनेको जमिनमा अवस्थित छ । त्यसैले सधैं नदीले बस्तीलाई ठुङ्गिरहन्छ । सधैं यसरी नदीले बस्तीको जमिन बगाइरहने भएकाले यस ठाउँको नाम नै बगुन राखिएको छ । २०३० सालदेखि बसेको यो बस्तीमा पूरै बालुवा भएकाले केही उत्पादन हुने कुरै भएन । त्यसैले बगुन दुःखको पर्यायवाची नाम भएको छ ।





कैलालीको गुलरपट्टी पनि २ वटा नदीको बीचमा छ । यस्तो बस्तीमा बाढीको समस्या नहुने कुरै भएन । उब्जाउ जमिन भए पनि हरेक वर्ष नदीले कटान गरेर सिध्याउनै लागिसक्यो । यहीबीचमा गुजारालाई सहज बनाउन सोही ठाउँमा पनि केही परिवारले बगर खेतीको शुरुवात् गरेका छन् । तर थाहा छैन, यो कहिलेसम्म कायम रहने हो ।

सरैया र बन्साहा भूमिहीनले बगर खेती सुरु गरेका अर्को त्यस्तै ठाउँ हो । सरैयामा ३६३ परिवार बाढीपीडित छन् । यहाँ पनि तटबन्धबाट नदी भित्र गइरहेकाले कुनै पनि दिन बस्ती बग्न बेर छैन । २० विघा जमिन त बाढीले बगाइ नै सक्यो । जो बाढीपीडित छ, उसलाई पुनर्स्थापना गरिएको जमिन उल्टै जुनसुकै बेला बाढीको चपेटामा पर्न सक्ने भएपछि को चिन्तित नहोला ? यहाँका बासिन्दा पनि यही चिन्तामा डुबेका धेरै समय बितिसक्यो । तर पनि समाधान भने कतैबाट पनि अहिलेसम्म फुरेको छैन ।

**सुकुम्बासी आयोगले नै गैरसुकुम्बासीलाई जमिन दिएपछि...**

बर्दियाको कालिका गाविस वडा नं. ३ मा भूमिहीनहरुको एउटा बस्ती छ- नयाँ बस्ती । उक्त ठाउँमा लामो समयदेखि बस्दै आएकालाई केही समयपहिले सुकुम्बासी समस्या समाधान आयोगले जग्गाधनी पूर्जा वितरण गर्‍यो । करिब १८ विघामा बसेका ७० घर सुकुम्बासीमध्ये आधा जतिलाई पूर्जा वितरण भयो । तर अचम्म यो भयो कि त्यसरी जमिनको पूर्जा पाउनेमा २१ जना न त्यहाँका बासिन्दा थिए, न यो बस्तीका कसैले चिनेका व्यक्ति । पछि थाहा भयो- उनीहरु त जग्गा भएका व्यक्ति पो रहेछन् । आयोगका पदाधिकारीले राजनीतिक पहुँचका आधारमा उनीहरुलाई पनि सुकुम्बासीसँगै मिसाएर पूर्जा दिलाएका रहेछन् । नयाँ बस्तीबासीले यो जानकारी पाएपछि अहिले ती २१ जनाविरुद्ध उक्त पूर्जा फिर्ता गराउन मुद्दा हालेका छन् बासिन्दाले ।

महावीर खल्लामा १ सय ६० परिवारको बस्ती छ । बीचमा खल्ला छ । मछली नदी खल्लामा बग्छ । त्यसैले खल्ला भरिएर फुटेमा १ सय ६० परिवार बिच्चलीमा पर्नेछन् । उब्जनीका लागि जमिन राम्रो छ तर जमिन राम्रो भएर मात्र के गर्नु, नदी कटानले गर्दा यो वर्षेनि बगरमा परिणत भइरहेको छ ।

२८ परिवार बाढीपीडित बसेका अर्को ठाउँको नाम हो- हिमालय । गडिबिजला तालको निकास यो बस्तीमा छ । त्यसैले उनीहरु सधैं त्राहीत्राहीको जीवन जीउन बाध्य छन् । तर अचम्म यही ताल उनीहरुले भने उपभोग गर्न पाउँदैनन् । रैथाने भएको दाबी गर्नेहरुले आगन्तुक भन्दै यो ताल उपभोगमा प्रतिबन्ध लगाएका छन् । अर्कोतर्फ नजिकैको मछली खोलाले पनि यही हिमालय क्षेत्र कटान गरिरहेको छ निरन्तर । जसले बासिन्दालाई तर्साउने र चिन्तित बनाउने गरेको छ ।

हिमालयमा पर्ने राजमार्गभन्दा माथिचाहिँ मुक्त कमैयाको बस्ती छ । नदी कटानको समस्या यहाँ पनि छ । केही भूमिहीन मछेला खोलामा पनि बसेका छन् । तर यसरी बस्नेको जग्गा र झुपडी दुवै बगाएपछि उनीहरु वनको छेउमा बसेका छन् । यसरी बस्नेमा ५० परिवार छन् ।

नदी, तालतलैयाको बस्ती सहज छैन । तर पनि यो वास्तविकता थाहा हुँदाहुँदै भूमिहीनसँग त्यस्ता जमिनमा जोखिम मोलेर बस्नुको विकल्प पनि छैन । यही विकल्पविनाको अवस्थाले उनीहरुले धेरै जन र धन गुमाइ पनि सकेका छन् । यसरी उनीहरुले क्षति बेहोर्नुपरेका स्थान र नदीका नाम दर्जनौं पुगिसकेका छन् । जसमध्ये एउटा ठाउँ हो- बेलकुन्डिया । जहाँबाट २०६५ असोज ४ गते आएको बाढीले ३५ परिवारको श्री सम्पत्ति सबै बगायो । धारामात्र बच्न सक्यो । त्यसपछि उनीहरु डाँडामा बसेका छन् । ताकि अबको बाढीले छुन नसकोस् । यस्तो बिजोग र विपद् पटकपटक आइपरे पनि उनीहरु आफ्नै भाग्य र कर्मलाई दोष दिनेबाहेक केही गर्न सक्ने अवस्थामा भने छैनन् ।





## मसानघाटको बास

झट्ट हेर्दा बालुवाखानी जस्तै छ । मानौं, यहाँबाट ठेकेदारले बालुवा ओसार्ने काम गर्छ । तर वास्तविकता अर्कै । बर्दियाको खैरी चन्दनपुर गाविसको वडा नं.७ मा पर्ने झप्टिपुर बालुवाखानी हैन, ७३ घरको बस्ती हो । जहाँ २० घर मुक्त कमैया र ५३ घर सुकुम्बासी मिलेर बसेका छन् । उनीहरुको दैलोसम्म नै बालुवा छ । त्यसैले यहाँ केही उब्जनी हुने कुरै भएन ।

हुन त प्रत्येक घरसँग २ देखि ३ कट्ठा जमिन छ, तर उत्पादन भने शून्य । विडम्वना, त्यही जमिनको धनी पूर्जा पनि उनीहरुसँग छैन । त्यतिमात्र कहाँ हो र ? कोठिया नदीको वर्षेनी कटान र पटानको सास्ती खेप्न बाध्य छन् उनीहरु । उता भारतीय जङ्गलबाट आउने जनावरले उत्तिकै सताउँछन् । उनीहरुको पीडा सबैलाई थाहा छ । जिल्ला प्रशासन कार्यालयले नै केही समयका लागि मात्र भन्दै २०५७ सालमा यहाँ उनीहरुलाई बसाएको थियो । तर बसाएको एक दशक बिते पनि जिल्ला प्रशासनका लागि केही समय अझै सकिएको छैन । यहाँका बासिन्दा भने प्रशासनले आफूहरुलाई अन्यत्रै सुरक्षित स्थलमा सार्ने आशमा दिन बिताइरहेका छन् ।

यो बस्तीलाई अर्कै ठाउँमा व्यवस्थित गर्ने निर्णय २०६० सालमै भूमिसुधार कार्यालयले गरिसकेको पनि छ तर कार्यान्वयन भने भएको छैन । त्यसैले यहाँका बासिन्दाले सरकारी कार्यालयका निर्णयमा विश्वास गर्न छाडिसकेका छन् । सोही वर्ष मुक्त कमैया पुनःस्थापना समितिले पनि यो बस्ती असुरक्षित भएको भन्दै अर्को ठाउँमा व्यवस्थित गर्ने निर्णय गरेको थियो तर त्यो पनि सेलायो ।

कम्तिमा बस्ने सुरक्षित ठाउँ त देउ भनेर यहाँका बासिन्दा स्थानीयदेखि जिल्ला तहसम्मका सङ्घ, संस्था तथा सरकारी निकाय र राजनीतिक दलसँग हात जोड्न गइसकेका छन् । आश्वासन सबैले दिएका छन्, तर व्यवहारमा कतैबाट उनीहरुले न्याय पाएनन् । आउन त धेरै मानिस आएका छन्, कागजमा टिपेर लगेजस्तो पनि गर्छन्, तर थाहा छैन, के टिप्छन्, किन टिप्छन्, कहाँ लान्छन् ? बासिन्दा छक्कै पर्छन् ।

बालुवामात्र हैन, भूमिहीन वा सुकुम्बासीलाई बस्न दिइने भनिएको जमिन कुनै पनि हिसावले काम नलाग्नेखालको छ । कहीँ बालुवामात्र, कहीँ नदीको बाढीले जुनसुकै बेला बगाउन सक्ने, कहीँ जङ्गली जनावरले बाली खाइदिने वा झुपडी भत्काइदिने र मानिसलाई समेत आक्रमण गर्ने स्थानमा मात्र भूमिहीनले बस्न पाउँछन् ।

ऐलानी जमिन यस्तो ठाउँमा मात्र भएर हो त ? प्रश्न उठ्न सक्छ । यो पक्कै हैन । किनकि राम्रो, सुरक्षित र उब्जनी हुने ठाउँमा पनि प्रशस्तै ऐलानी जमिन छ । तर ती कि जमिनदारले ओगटेका छन्, कि विद्यालय, कि पार्क वा अन्य यस्तै निकाय र संस्थाले । अर्कोतर्फ खाली जमिन सामुदायिक वनले आफ्नो नाममा दर्ता गराइहाल्ने प्रवृत्ति पनि बढेको छ । यही कारण अहिले गाउँका सरकारी जमिन सरकारी छैनन् । वन, विद्यालय, संस्था, क्लब, जमिनदार आदिका नाममा छन् । नाममै नभए पनि उनीहरुको कब्जामा छ । त्यसैले बाढी, नदी कटान, जङ्गली जनावरले सताउने ठाउँ र डाँका लाग्ने ठाउँ तथा बालुवाले भरिभराउ क्षेत्रमात्र खाली भएकाले भूमिहीनहरु त्यस्ता ठाउँमा बस्न बाध्य पारिएका हुन ।

कन्चनपुरको कृष्णपुर गाविस लालझाडी सामुदायिक वनछेउ मछेली किनारमा ४१ परिवार सुकुम्बासी बसेका धेरै भयो । जो पानी पर्न थाल्यो भने सँगैको खोलामा आउने बाढीका डरले पालैसँग सुत्छन् । त्यही ठाउँबाट पनि उठ् भनेर स्थानीयले तीन पटक झुपडीमा आगो लगाइसके । कुनै पनि बेला बगाउन सक्ने र जङ्गली जनावरले सताउने यस्तो ठाउँमा समेत बस्न नदिने गाउँलेको नीति भूमिहीनले बुझ्न सकेका छैनन् ।

**सबै झसङ्ग**

यात्रामा सहभागी हुनेको परिचय दिने क्रम चलिरहेको थियो । त्यत्तिकैमा एक महिलाले आफ्नो पालोमा उठेर भनिन्- म मसानघाटबाट आएको । सबै सहभागी गललल हाँसे । केही त झसङ्ग पनि भए । किनकि सबैको बुझाइअनुसार मानिस मरेपछि जलाइने नदी किनाराको ठाउँलाई मसानघाट भनिन्छ । यस्तो ठाउँमा कसरी मानिस बस्न सक्छ ? पछि थाहा भयो- गाउँलेले लखेट्दा लेखेट्दा उनीहरु बस्न पुगेको ठाउँ त्यस्तै रहेछ कञ्चनपुरको कृष्णपुर । उराठलाग्दो र ४-५ घरमात्रै भएकाले त्यहाँ दिउसै पनि डर लाग्दो रहेछ । त्यही भएर गाउँ समाजले उनीहरु बसेको ठाउँको नाम नै मसानघाट राखिदिएका रहेछन् । जुन चिनिने नाम नै रहेछ । त्यस्तो ठाउँमा पनि पटकपटक घर भत्काइदिएकाले ४-५ घर भने सङ्घर्ष गरेरै टिक्न सकेका रहेछन ।

त्यसैगरी कैलालीको देखतभुलीमा दुई नदीबीचको सानो टापुमा भूमिहीन बस्दै आएका छन् । वर्षेनि दुवैतिरको नदीले कटान गर्दै गर्दै यो टापु





साँघुर्‍याउँदै लगेको छ । यो स्थानलाई बगाउन र कटान हुनबाट रोक्ने त कहाँ हो कहाँ ? उल्टै यहाँबाट समेत हटाउन लागिपरेका मानिस देख्दा भूमिहीनहरु छक्कै पर्ने गरेका छन् । कसैलाई काम नलाग्ने र नदीले समेत देखिनसहेको स्थानमा बस्दा पनि आँखाको तारो बन्नुपर्ने कारण उनीहरुले खोजिरहेका छन् तर अहिलेसम्म पत्तो लाग्न सकेको छैन । न स्थानीय प्रशासन, न गाउँले, न त कुनै नेताले नै यसको उत्तर दिनु जरुरी ठानेका छन् ।

यस्ता ठाउँमा पनि उनीहरु सहजै बस्न सक्ने स्थिति छैन । कहिले सामुदायिक वनले यो जमिन हाम्रो हो भनेर उनीहरुलाई उठाउन खोज्छ भने कहिले सुकुम्बासी र मुक्त कमैया तथा भूमिहीन र मुक्त कमैया जुधाएर स्थानीयले दुवैलाई लखेट्ने योजना बनाउँछन् । अनि कतिपय अवस्थामा गाउँलेका चरिचरन, सामाजिक कार्य गर्ने स्थल, मसानघाट, वनको जमिन, विद्यालयको जमिन आदिमा बसेको भन्दै स्थानीय पहुँचवालाले लखेट्छन् । यस्तो कार्यमा प्रशासनले समेत एकतर्फी कुरा सुनेर भूमिहीनका टहरा, झुपडी भत्काउने, आगो लगाउने जस्ता कार्य गर्दै आएको छ । कतिपयलाई यसरी अरुको जमिन जबर्जस्ती मिचेको वा मिच्न उक्साएको भन्दै सार्वजनिक मुद्दासमेत लगाइने गरिएको छ ।

गजब त के छ भने सामुदायिक वनको नाममा वा विद्यालय आदिको नाममा दर्ता गरेर त्यो जमिन वर्षौं बाँझो राख्न सरकारले छुट दिएको छ तर त्यही जमिनमा खनजोत गरेर खान्छौं, बरु केही आयस्ता वन वा विद्यालयलाई पनि दिन्छौं भन्दा प्रशासनले यसो गर्न दिँदैन । बाँझो राख्न पाइने तर खेती गर्नचाहिँ नपाइने, नियम बुझिनसक्नुको छ ।

अर्कोतर्फ सामुदायिक वनहरुमा पनि समस्या छ । वन भन्नासाथ सम्पूर्ण भूभाग रुखले ढाकिएको हुँदैन । रुखबिरुवाबाहेकको स्थानमा झुपडी बनाउन देउ, बरु यो वनको सुरक्षा हामी गर्छौं भन्नेलाई पनि अनुमति दिइँदैन । यो कारण पनि समस्या बढिरहेको छ । एकप्रकारले भूमिहीन, सुकुम्बासी र सामुदायिक वनवाला एकअर्काका दुश्मन जत्तिकै देखिएका छन् यो मामलामा ।

सामुदायिक वन स्थानीय समाजका लागि प्राकृतिक स्रोतको जोहो गर्ने उद्देश्यले प्रेरित हुन्छ तर यस्ता वनको काखैमा वर्षौंदेखि बसेका भूमिहीनलाई भने यो वनले अलग्याएको हुन्छ । आफूलाई रैथाने, स्थानीय भनेर दाबी गर्नेहरुले भूमिहीनलाई वनका स्रोतमाथिको पहुँचबाट वञ्चित गराउँदै आएका छन् । जसलाई सबैभन्दा बढी प्राकृतिक स्रोत आवश्यक

पर्छ वा योविना जुन समुदाय बाँच्नै सक्दैन, त्यही समुदायलाई वञ्चित गराएर राज्यले कस्तो र कसका लागि वन जगेर्ना गर्न खोजेको हो भन्ने प्रश्न अनुत्तरित देखिन्छ ।

ऐलानी जमिन धेरै छ मुलुकमा तर त्यस्तो जमिन कति छ भन्ने जानकारीचाहिँ सरकारी अड्डासँग छैन । त्यसैले यही सरकारी कमजोरीका आडमा जमिन हुनेले नै ऐलानी जमिन ओगट्ने र केही वर्षपछि कर्मचारीलाई प्रभावमा पारेर त्यो आफ्नै नाममा दर्ता गराउने क्रम जारी छ मुलुकमा तर त्यही जमिनमा विनादर्ता भूमिहीनले छाप्रो हाले भनेचाहिँ राज्यलाई छटपटी हुने गरेको देखिन्छ । अर्कोतर्फ कतिपय स्थानमा स्थानीय जमिनदारले त्यस्तो जग्गा आफू कब्जा गरेर सुकुम्बासीलाई काममा लगाउने गरेको पाइन्छ । बाहिरबाट हेर्दा त्यो जग्गा सुकुम्बासी वा भूमिहीनले चर्चेको देखिए पनि वास्तविकरुपमा भने त्यसको असली मालिक जमिनदार हुने गरेका छन् तर यसमा भने जिल्लास्थित भूमि अड्डाहरुलाई कुनै टाउको दुखाइ छैन ।

### बालीमा बस्तु

रतिकला कुमाल दाङको बेला गाविस वडा नं. ५ मा बस्न थालेको ४३ वर्ष भयो । उनी बसेको जमिन ऐलानी हो । करिब २ कठ्ठा जति जमिन छ । यसैमा थोरैतिनो केही बाली लगाएर केही महिना भरथेग गर्दै आएको छ उनको परिवार । तर स्थानीयले बेलाबेलामा उनको बाली नष्ट गरिदिन्छन् । यहाँबाठ उठेर जा भनेर धम्क्याउँछन् । बालीमा गाईबस्तु लगाइदिन्छन् । अनि त्यही केही महिना धान्ने आधार पनि चकनाचुर हुन्छ । सामुदायिक वनको जग्गा भएकाले यहाँ बस्न पाइन्न भन्छन् गाउँले । तर कुमाल परिवार भने आफूले भोगचलन गरिरहेको जमिन कसरी वनको हुन्छ भनेर प्रश्न गर्छन् । तर उत्तर कतै छैन ।





## राणा शासन कायमै छ कम्दीमा

मुलुकबाट जहानिया राणा शासन हटेको ६ दशक भयो । इतिहास त्यही भन्छ । तर बाँकेस्थित कम्दी-९ मा पर्ने जब्दवाका भूमिहीन किसान भने यो इतिहास पत्याउन तयार छैनन् । होउन् पनि कसरी ? उनीहरुको गाउँमा अहिले पनि राणा हैकम कायमै छ ।

यहाँका भूमिहीन किसानसँग आफ्नो जमिन छैन । त्यसैले गरिखानका लागि उनीहरुले अरुको जमिन कमाउनुपर्ने बाध्यता छ । यही क्रममा उनीहरुले शरद शमशेर र कमलेश शमशेर जस्ता राणा परिवारका जमिन कमाउँदै आएका छन् । जमिन कमाउन पाउनु र तोकिएको आयस्ता उनीहरुलाई दिएर बाँकीबाट बालबच्चा, जहान परिवार पाल्न पाउनुसम्म ठीकै छ । यसबीचमा उनीहरुले दिने दुःखलाई पनि सामान्य ठान्दै आएको छन् जोताहाले ।

तर अहिले पछिल्लो समयमा जग्गावालाले जोतिरहेको किसानलाई थाहै नदिई जग्गा बेचिरहेका छन् । अनि नयाँ जग्गाधनीले विभिन्न बहाना देखाएर उनीहरुलाई त्यो जग्गा खनजोत गर्नबाट वञ्चित गराइरहेको छ । आफूले भनेअनुसार उत्पादनको निश्चित भाग बुझाउँदा पनि खेती गर्न नपाउनाले सिङ्गै परिवारको खानपानमा समस्या परेको भूमिहीनको गुनासो सुन्ने कोही निस्केको छैन ।

एकातर्फ आफ्नो जमिन नै नचिन्नेहरु जग्गाधनीका रुपमा रहने र बाहिरैबाट जग्गा बेचिदिने कार्य भइरहेको छ भने अर्कोतर्फ जसले त्यो माटोमा श्रम गरेर राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउँछ, जग्गावालालाई कुत दिन्छ र आफ्नो परिवार पनि पाल्छ, त्यही मान्छेलाई भने आफूले खनजोत गरिरहेको जमिन बिक्री भएको जानकारीसमेत दिनु नपर्ने कस्तो अवस्था ? अहिले कम्दी जस्तै अन्यत्रका भूमिहीन किसान पनि यही प्रश्न सोधिरहेका छन् ।

कमाइरहेको जमिनबाट विभिन्न बहानामा जोताहालाई (बेदखली) निकालिदिने कार्य अन्य जिल्लामा पनि भएका छन् । यसरी खेती गर्नबाट वञ्चित गरिँदा मोहियानी हकबाट समेत वञ्चित गराइएका घटना थुप्रै छन् । कानुनअनुसार मोहीले कमाइरहेको जमिनबाट आधा पाउँछ । तर जमिनवालाले विभिन्न प्रलोभन देखाएर वा धम्क्याएर थोरै जमिन वा केही पैसा दिएर मोहियानी हकबाट उनीहरुलाई अलग बनाउने काम गरिरहेका छन् । वर्षौंदेखि कमाइरहे पनि मोहियानीसमेत दर्ता हुन नसकेको हजारौं

किसानले भने त्यही थोरै जमिन वा रकम पनि पाउँदैनन् । धम्क्याएकै भरमा लालाबालाले पेट भरिरहेको उक्त जमिन त्यत्तिकै छाडिदिनुपर्ने अवस्था छ ।

### गरिबीसँग साटिएको दुर्दशा

गोहनी चौधरीको घर बर्दियाको सूर्यपटुवा-४, इन्द्रपुरमा छ । थोरै जमिनले खान पुग्दैन । त्यसैले उनले स्थानीय जमिनदार दीपेशजङ्ग शाहको जग्गा कमाएकी छन् । उनले त्यो जमिन सहजै कमाउन पाएकी भने हैनन् । उनको २ विघा जमिन कमाउन गोहनीले नेपालगन्जमा बस्ने दीपेशकहाँ काम गर्न छोरो पठाइदिनुपरेको थियो । तर कुटपिट गरे भनेर छोरो भागेर आयो । मङ्सिर महिना थियो । उसले आउँदै गरेको माघीमा कुरा गरौंला, अहिले छोराको ठाउँमा छोरी पठाइदेउ भने । छोरी नपठाए जग्गा खोस्ने डरले उनले १९ वर्षकी जवान छोरी नारायणीलाई दुई महिनाका लागि भनेर पठाइदिइन् । तर दुई महिना बिते पनि दीपेशले छोरी फिर्ता गरेनन् । उल्टै काठमाडौंमा बस्ने आफ्नै बहिनीकहाँ काम गर्न पठाइदिए ।

त्यहाँ उनले निकै यातना पाइन् । दूध तताउँदा घटेको आरोपमा समेत गाली खाइन् । यस्तै क्रियाकलाप सहन नसकेर भागेकी नारायणी बल्ल ९ वर्षपछि गएको वर्ष घर त आइन् तर साथमा ४ र २ वर्षका दुई बच्चासहित । न यिनीहरुका बाबुको पत्तो छ, न ९ वर्षको ज्यालाको हिसावकिताव नै । अचम्म त यो भयो कि जब छोरी बेहाल अवस्थामा घर आइपुगी दीपेशले कमाउन दिएको जमिन पनि खोसे । अहिले यो परिवारलाई खानकै लागि धौ धौ परेको छ ।

बेदखली समस्या व्यक्तिको जमिनमा मात्र छैन । ऐलानी भनेको सरकारी जमिन हो । तर बर्दियाको मैनापोखरमा स्थानीय जमिनदारले ऐलानीबाट भूमिहीन किसानलाई उठ्न धम्की दिइरहेका छन् । नमिलेको कुरा के छ भने उनीहरुले राज्यको सम्पत्ति मिचियो, हिनामिना भयो भन्ने मायाले भूमिहीनलाई उठाउन खोजेका हैनन्, त्यहाँ आएर भूमिहीन बसिदिएकाले आफूले त्यस्तो जमिन कब्जा गर्न पाइएन भन्ने आक्रोशले उठाउन खोजेका हुन ।

त्यतिमात्र हैन, उखु मिलको नाममा रहेको जग्गासमेत जमिनदारले आफ्नो नाममा दर्ता गरेका छन् । आफूलाई समाजसेवी देखाउन उनीहरुले





त्यसमध्ये केही जमिनचाहिँ स्कुलको नाममा पनि दर्ता गरिदिएका छन् । आफू र आफूले भनेका संस्थाहरुका नाममा दर्ता गराउँदा आपत्ति नहुने सरकारी जमिन भूमिहीनले खनजोत गरेर खाँदा तथा झुपडी बनाएर बस्दा भने टाउको दुख्ने यहाँका बासिन्दाको रोग गजबकै बुझिनसक्नु छ ।

दाङको गङ्गापरस्पुर गाविसमा पर्ने पर्सिया, कटियान गाउँ, बोधिपुर, प्रनाह आदिमा जमिनदारले कमाइरहेको जमिनबाट भर्खरैमात्र ७ जना मोही बेदखल गरिए । तीमध्ये ४ जना जोतभोग गरिरहेकै छन् भने ३ जनाचाहिँ भूमिसुधार कार्यालयको शरणमा पुगेका छन् । उनीहरु आफूहरुले पाउनुपर्ने मोहियानी हकवापत आधा जमिन पाए अरु जमिनमा खेती नगर्ने अडानमा छन् तर थाहा छैन, भूमिसुधार कार्यालयले के गर्छ ? किनकि भूमिहीन किसान, मोही, बेदर्तावाल मोही जस्ता भूमिअधिकारबाट वञ्चित समूहले अहिलेसम्म भूमिसँग अड्डाहरु आफूहरु जस्ताका लागि न्याय दिने निकाय हुन भन्ने महसुस गर्न सकेका छैनन् । स्थानीय पहुँचवालाको प्रभावमा परेर निर्णय गर्ने भएकाले यसरी अर्ध न्यायिक निकायमा पुगेकाहरु न्याय पाउँछु नै भन्नेमा ढुक्क छैनन् ।

केही स्थानमा भूमिहीन भूमिहीनबीच नै द्वन्द्व सिर्जना हुने काम जानाजान गराइएको छ । बर्दियाको कालिका शक्तिनगर र जुक्तिनगर यस्ता ठाउँ हुन, जहाँ सुकुम्बासीले उपयोग गरिरहेको जग्गा खोसेर मुक्त कमैयालाई दिने तयारी भइरहेको छ । जसबाट २ सय ५१ परिवार बेदखल हुनेछन् । जसलाई बस्न र खान भूमि आवश्यक छ र त्यसैका लागि आन्दोलन गरिरहेका छन्, उनीहरुकै जमिन खोसेर अर्को त्यस्तै पीडित वर्गलाई दिनुको के अर्थ हुन्छ ? बुझ्न सकिएको छैन ।

बर्दियाको कमलपुरमा भूमिहीन बसेका ऐलानी जग्गामा उनीहरुले नै जोतभोग गर्दै आएका थिए तर अहिले उक्त जमिनको जग्गाधनी पूर्जा भने अर्कै व्यक्तिले निकालेको छ । अब त्यो जग्गाबाट हट्न भूमिहीनलाई धम्की आइरहेको छ । जोतिरहेको जग्गाको फिल्डबुक तथा प्लट रजिष्टर अर्कैको नाममा हुँदा पनि भूमिहीनले कतिपय जमिन दर्ता गराउन सकेका छैनन् ।

बर्दिया, मानपुर टपरा र राजापुर जस्ता क्षेत्रमा जमिनदार देखा नपर्ने थुप्रै जमिन छ । तर त्यस्तो जमिन पनि भूमिहीनले प्रयोग गर्न पाउँदैनन् । गाउँका हुनेखानेले नै कब्जा गरिरहेका छन् ।

उता दाङको बिजौरी ६, थानगाउँमा ३ पुस्तादेखि जोतेको जमिनबाट अहिले आएर जमिनदारले जोत्न रोक लगाएको छ । जसबाट २० परिवार बेदखल गरिएका छन् । दाङकै गोबरडिहा, पचाहामा पनि २०३४ सालदेखि बसोबास गरेका किसानलाई जमिनदारले हटाउने र उनीहरुले लगाएका बाली लुट्ने काम गरिरहेका छन् । स्थानीय राम चौधरी जस्ता जमिनदारले यस्ता अभियानको नेतृत्व गरिरहेका छन् । गोबरडिहा ८ मा २०५२ सालदेखि बसोबास गरिरहेका ४५ परिवार किसानलाई स्थानीय जमिनदारले उठेर जाने चेतावनी दिँदै बस्तीमा आगो लगाइदिने गर्दै आएका छन् । यसरी बसिरहेको थातथलोबाट आफूलाई स्थानीयस्तरको ठालू र समाजसेवी ठान्नेहरुले नै भूमिहीनहरुको जरो उखेल्न खोज्नु कसको हितमा छ भन्ने बुझ्न सकिएको छैन ।

### काम गरेर खान पनि पाइएन

मनकली चौधरी दाङको बिजौरी गाविसमा पर्ने थानागाउँमा बस्छिन् । उनी बसेको जमिन ऐलानी हो । २ बिघा जमिन अधिया गरेर ७ जनाको परिवार पालेकी छिन उनले । तर उनले कमाइरहेको जमिनमध्ये १५ कठ्ठा जमिनवालाले बेचिदिए । अरु पनि बेच्दैछन् क्रमशः । जबकि उनलाई यसरी बेचेको थाहा नै छैन ।
कमल पोखरेल(जमिनवाला) ले यसरी आफूलाई थाहै नदिइ जमिन बेचिदिएपछि अहिले उनको परिवार विचल्लीमा परेको छ । किन्ने मानिसले जमिन छोड, म तिमीहरुलाई गर्न दिन्न भनेपछि बल्ल उनले बेचेको थाहा पाइन् । आफूले सर्तअनुसार आधा कमाइ बुझाइरहे पनि जमिन छाड्नुपर्ने कारण नबुझेकी मनकली यतिखेर चिन्तामा छिन्- अब परिवार कसरी पाल्ने ?

कतिपय घटनामा भूमिहीनविरुद्ध स्थानीय जमिनदार र सरकारी निकायबीच मिलेमतो हुने गरेका पाइन्छ । दाङको सतवरिया ६, भौकामा यस्तै घटना दोहोरिइरहन्छ । २०६५ सालदेखि बसोबास गरेका मुक्त कमैयासहितका भूमिहीनका बस्तीमा पटकपटक आगो लगाइने गरिएको छ । उनीहरुलाई अन्यतवरले पनि सताइँदै आएको छ । जसमा जमिनदार र जिल्ला वन कार्यालय मिल्ने गरेका छन् । यी दुवैको डर र त्रासबीच ६५ परिवार ठूलो मर्कामा पर्दै आएका छन् ।





## महिला दाउरेको गाउँ बेलकुण्डी

कञ्चनपुर बेलकुण्डीका सबै महिलाको काम दिनभर जङ्गल जाने र दाउरा काट्ने अनि साँझ-बिहान टाउकोमा बोकेर तीन किलोमिटर टाढाको गुलरिया बजार जानु हो । त्यहाँ पुगेपछि उनीहरु एक भारीको २५ देखि ३० रुपियाँमा दाउरा बेच्छन् । अनि चामल, मट्टितेल, नून, मसलालगायत् जे/जे आवश्यक छ त्यही किनेर ल्याइ परिवारमा खाएजस्तो गर्छन् । किनकि अहिलेको जमानामा यति थोरै पैसाले आउँछ नै के र ?

त्यही दाउरा पनि सधैं बिक्दैन । कहिलेकाहीँ दाउरा नबिक्दा कैलालीको अत्तरिया बजारसम्म जानुपर्छ । जुन १० किलोमिटर पर पर्छ । के गर्नु ? दाउरा नबिके चुह्लो बल्दैन । उनीहरुको बाध्यता छ । पुरुष भने गाउँमा काम नपाउँदा भारतलगायत् टाढा काम गर्न जान्छन् । वर्षामा काम पनि पाइँदैन । कहिलेकाहीँ त दुई तीन दिनसम्म च्याउमात्रै खाएर बसेका अनुभव गाउँभरका महिलासँग छ । बाढी आउँदा त्यही च्याउ पनि खोज्न नसकिने भएकाले बाढी यी भूमिहीनका लागि सबैभन्दा ठूलो दुश्मनका रुपमा देखिएको छ । मछेली भूमिअधिकार मञ्च कृष्णपुरमा सङ्गठित यी दाउरे महिला गरिखाने भूमिका लागि आन्दोलन गर्दागर्दा थाकिसकेका छन् तर उनीहरुलाई कसैले पनि केही राहतसम्म दिलाउन सकेको छैन ।

भूमिहीनहरु खेती गर्नका लागि जमिन उपलब्ध नहुँदा उनीहरु दिनभर जङ्गलमा जाने, त्यहीं घाँस-दाउरा गर्ने, तरकारी र कन्दमूलहरु खोजेर ल्याउने अनि त्यसैबाट जीविका चलाउने गर्न बाध्य छन् । त्यसैले बिहान उठेदेखि नसुतुन्जेल जङ्गल र यसैमा आधारित स्रोतमा संलग्न हुनु उनीहरुको दिनचर्या बन्न पुगेको छ ।

नेपाली जङ्गलमात्र हैन, विदेशीका जङ्गलमा समेत विभिन्न जोखिम मोलेर जीविकाका लागि धाउन यी भूमिहीन बाध्य छन् । बर्दियाको खैरी चन्दनपुर गाविस-७ मा पर्ने झप्टिपुरका बासिन्दा आफू बसेको र वरिपरिको जमिनमा पनि केही उब्जाउ नहुने भएकाले भारतीय जङ्गलको भर पर्न बाध्य छन् । दाउरा, घाँस गर्न पनि भारत नै जानुपर्ने बाध्यता छ । त्यहाँ पनि त्यत्तिकै जान कहाँ पाइन्छ र ? वार्षिक १ सय ५० रुपैयाँ तिर्नुपर्दछ । जुन रकम आम्दानी शून्य भएका भूमिहीन गरीबका लागि कम हैन ।

अरु त के तरकारीको जोहो गर्नसमेत उनीहरु भारतीय जङ्गलमै भर पर्नुपरेको छ । त्यहाँबाट निउरो र कोइरालोको साग ल्याएपछि बल्ल उनीहरुको चुह्लो बल्ने सुरसार गर्छ । यसरी पैसा तिरेर पनि ढुक्कसँग

ल्याउन पाए त हुन्थ्यो । भारतीयले जङ्गलभित्र भेटे भने धेरै सास्ती दिन्छन् । हेपेर बोल्छन् ।

यसरी बाध्य भएर भारतीय जङ्गल छिर्नुपर्दा कतिपय त बलात्कृतसमेत भएका छन् । तर उल्टै आफ्नै जीविकामा असर पर्ने डरले उनीहरु यो कुरा नै बाहिर ल्याउँदैनन् । यो क्रम वर्षेनि हैन, हरेक महिना दोहोरिन्छ । अनि उनीहरु चित्त बुझाउँछन् कि यो हाम्रो गरिबीले निम्त्याएको बाध्यता हो ।

कहीँ केही उम्रिहाल्यो भने पनि जङ्गली जनावरले खाइदिइहाल्छ । २०६३ साल भदौमा त बाहिर गएका पति आएको हो कि भनेर हेर्न निस्केकी एक महिला र उनीसँग रहेकी काखेछोरीलाई हात्तीले आक्रमण गर्‍यो । दुवै आमाछोरीलाई मारिदियो ।

जङ्गली जीवन बिताउन बाध्य भूमिहीन अन्यत्र पनि प्रशस्तै पाइन्छन् । कैलालीको डुडेझारीमा बसेका भूमिहीनलाई सरकारले आक्रमण गरेर हटाएपछि अहिले १२ हजार परिवार ऐश्वर्य सामुदायिक वन परिसरमा छाप्रो हालेर बसेका छन् । अनेकौं समस्या झेलेर ।

**न जमिन न जङ्गल**

म वैदेशिक रोजगारीका लागि विदेश गएकी थिएँ तर त्यहाँ धेरै हण्डर पाएँ । दुःख कति पाएँ भन्ने बताएर साध्य नै छैन । त्यसैले अब कहिल्यै नजाने प्रण गरेको छु । बरु आफ्नो पुरानै पेशा दाउरा काट्ने र बेच्ने काममा लाग्छु अब । आफ्नो नाममा पनि जमिन भएको भए त्यसैलाई धरौटी राखेर व्यापार गर्ने थिएँ । तर त्यो सम्भावना अहिलेलाई ठ्याम्मै छैन भूमिहीन भएकाले । हेरौं, कुनै दिन यही जङ्गलले हाम्रो दुःख देखेर मुक्ति देला कि ?

आफ्नो छेउछाउका वनहरु सामुदायिक वनका रुपमा समुदायमा हस्तान्तरण भएपछि अरुलाई के भयो थाहा छैन, हामी जस्ता जङ्गलमा आश्रित भूमिहीनलाई भने निकै मर्का परेको छ । त्यसैले बाध्य भएर भारतीय जङ्गल जाने, अनि दाउरा काटी ल्याएर बेच्ने गरेको छु । थाहा छैन कुन दिन भारतीयले भक्कुमार कुट्ने हुन ? तर पनि के गर्ने, बाध्यता छ ।

*- लक्ष्मी सिह, गुलरिया-११, सुरजपुर*





पालबजार अर्को एउटा यस्तो बस्ती हो, जहाँको बजार क्षेत्र पूरै ऐलानी जमिनमा छ । त्यहाँ पनि भूमिहीन बसेका छन् । तर भूमिहीनको बस्ती जङ्गल नजिक भएकाले उनीहरुलाई बजार भनिने ठाउँमा समेत जङ्गली हात्तीले सताउँछ । शायद साना झुपडी भएर होला, उनीहरुका घर हात्तीले बारम्बार भत्काइदिन्छ । अनि बल्लतल्ल लगाइएको बाली पनि खाइदिन्छ वा खुँदेर नष्ट गरिदिन्छ ।

एकातिर वन नजिक भएकै कारण उनीहरु जनावरबाट सताइन्छन् । अर्कोतिर त्यही वनबाट पाउनुपर्ने स्रोतबाट भने कतिपय स्थानमा वञ्चित पारिएका छन् । आफूलाई स्थानीय दाबी गर्नेले एक त भूमिहीनलाई सामुदायिक वनको सदस्य बनाउँदैनन् भने बनाइहाले पनि उनीहरुमाथि एकदमै भेदभाव गरिन्छ । कैलालीको धरमपुरमा मुक्त कमैया र भूमिहीनबीच द्वन्द्व चर्केको छ । एकले अर्कोलाई देखिनसहने अवस्था छ । मुक्त कमैयाले भूमिहीनलाई आफ्नो भाग खोस्न आएको ठानेर हटाउन खोजेका छन् । तर भूमिहीन भने आफूहरु पनि मुक्त कमैया जस्तै भएकाले यहाँबाट नहट्ने जिद्दी गरेर बसेका छन् । यही द्वन्द्वका कारण भूमिहीनले नजिकैको वनबाट दाउरासमेत पाउँदैनन् । उनीहरुले पानी प्रयोग गरेबापतसमेत पैसा तिर्नुपर्छ ।

## क्याम्पस पनि जमिनदार

खासगरी मध्यपश्चिमका तराइ जिल्ला जमिनदार बढी भएको क्षेत्र हो । उब्जाउ जमिन बढी हुने र श्रम सस्तोमा लिन पाइने भएकाले जग्गा धेरै ओगट्ने र उत्पादनबाट आम्दानी बटुल्ने क्रम यहाँ धेरै वर्षदेखि जारी छ । त्यसैले सयौं विघा जमिन ओगटेर जमिनदार कहलाएका थुप्रै भेटिन्छन् अहिले पनि । यो यस्तो क्षेत्र हो, जहाँ मानिसमात्र जमिनदार छैनन्, एकातिर हजारौं परिवार यही क्षेत्रमा भूमि अभावको पीडामा छटपटाइरहेका छन् भने अर्कोतिर टीकापुर बहुमुखी क्याम्पसको नियन्त्रणमा मात्र ३८० विगाहा जमिन छ । ८० विगाहा उसकै नाममा दर्ता छ भने बाँकी ३ सय विगाहा क्याम्पसले आफ्नो दाबी गर्दै आएको छ । क्याम्पसले दाबी गर्दै आएको उक्त जमिनमा भने ४ वटा बस्ती छ । एकतानगर, शिवनगर, एकनापुर र बाढीपीडित नाम गरेका यी टोलमा थुप्रै भूमिहीन बस्छन् । जसमा १ हजार ६ सय परिवारले छाप्रो हालेका छन् ।

तर बस्ती सुरक्षित छैन । शान्त पनि छैन । त्रास र तनाव छ त्यहाँ । कुनै पनि बेला झडप हुने सम्भावना रहिरहन्छ । थरिथरिका र विभिन्न उद्देश्यका भएकाले बासिन्दाबीच नै पनि मिलन छैन । उता क्याम्पस प्रशासन र व्यवस्थापन समितिले बेलाबेलामा त्यहाँबाट हट्न भूमिहीनलाई उर्दी जारी गर्दै आएको छ । उसले विद्यार्थी लगाएर छाप्रा उठाउने प्रयास पनि पटकपटक गर्दै आएको छ । यी बस्तीमासुकुम्बासीमात्र नभई केही जग्गा भएकाहरुले पनि क्याम्पसको यो जमिन ओगटेका छन् । यसको मार भने भूमिहीनलाई परेको छ । यस्ता केही व्यक्तिकै कारण यहाँ नक्कली भूमिहीन र सुकुम्बासीले जमिन ओगटेको आरोप लाग्दै आएको छ ।

निश्चय नै क्याम्पस समाजकै एक भाग हो । त्यसैले यसलाई जमिन चाहिनु स्वाभाविकै हो । क्याम्पस सञ्चालनार्थ  ३८० विघा जमिन किन चाहियो ? यस्तो अवस्थामा  जमिन भूमिहीनले पाउनुपर्ने माग जायज छ । तर न क्याम्पसलाई चाहिने जमिन किटान गरिदिने निकाय छ यहाँ, न त प्रयोगमा नआएको जमिनमा कसैले आश्रय पाउन र खेती गरेर खान पाउने कि नपाउने भनेर निर्णय गरिदिने निकाय नै । यस्तो अवस्थामा उक्त क्याम्पसको जमिन र ठूलो तर प्रयोगहीन जमिनमा भएको बसोबासबारे विवाद निम्तिनु स्वाभाविक मान्न सकिन्छ ।

अर्कोतर्फ क्याम्पसले सबै जमिन दर्ता गराएको छैन । नियन्त्रणमा लिएकै भरमा जमिन आफ्नो भनेर दाबी गर्नु पनि कति मनासिब हो ? विचारणीय





पक्ष छ । यस्तो अवस्थामा जसरी उक्त खाली जमिन क्याम्पसले आफ्नो भनेर दाबी गरिरहेको छ, अरुले पनि त्यसमा दाबी गर्ने ठाउँ बाँकी रहन्छ । जहाँसम्म क्याम्पसको जमिन भन्ने दाबी छ, उक्त जमिन क्याम्पस आफैले कमाएर किनेको पक्कै होइन । उसलाई पनि सरकारले ऐलानी जमिन दिएको हो । आफ्नो स्वामित्वमा रहेको जमिन सरकारले क्याम्पसलाई दिन सक्छ भने भूमिहीनलाई दिन नसक्ने कुरै आउँदैन । यसरी हेर्दा क्याम्पससमेत आफैं जमिनदार भनेर भूमिहीन बस्तीका टहरामा आगो लगाउन हौसिनु सुहाउने विषय हुन सक्दैन ।

### अस्पतालको आँखा पनि जमिनमा

दाङ सदरमुकाम घोराहीको ट्राफिक रोडमा एउटा नदी छ- कटवा । जसको किनारमा २०४२ सालदेखि थुप्रै सुकुम्बासी बस्दै आएका छन् । उक्त बस्ती राप्ती उपक्षेत्रीय अस्पतालसँगै जोडिएको छ । अहिले अस्पतालले बस्तीका २९ घरलाई उठ्न बारम्बार ताकेता गरिरहेको छ ।

एकातिर अस्पतालले आफ्नो जमिन काँडेतारले घेरेको छ भने अर्कोतिर उक्त बस्ती पनि आफ्नै स्वामित्वको भएको दाबी गर्दै ती सुकुम्बासीलाई उठ्न धम्क्याइरहेको छ । उता सुकुम्बासी भने यो जमिन अस्पतालको नभएको बताउँदै आएका छन् । सुकुम्बासीको भनाइ छ- यो जमिन उसको भए किन त्यत्रो वर्षदेखि यहाँ बस्दा केही बोलेन ? किन ऊ आफ्नो पूर्जा ल्याएर नापजाँच गराउन तयार हुँदैन ? तर अस्पताल भने पेलेरै उनीहरुलाई त्यहाँबाट धपाउने योजनामा लागिरहेको छ ।

शिक्षालयहरु जमिनदार भएका तर नजिकै मानिस भने भूमिहीन भएका उदाहरण थुप्रै पाइन्छन् । बर्दियाको शिवनगरमा बासुदेवी उच्च मावि छ । उसले पनि अन्य जमिनदारसरह आफ्नो जमिन निश्चित उत्पादन लिएर खेती गर्न दिएको छ । तर विडम्बना, यसरी शिक्षालय, क्लब, संस्था आदिका नाममा भएका जमिन कि बाँझै राखिन्छन्, कि खेतीका लागि दिइन्छ तर भूमिहीनले भने कमाउन पनि पाउँदैन । भूमिहीनले तिर्न सक्दैन वा यसको हैसियत छैन भनेर तिनले समेत खेतीका लागि भूमिहीन सुकुम्बासीलाई जमिन कमाउन पत्याउँदैनन् । हुनेखाने वा अरु जमिन भएकाले नै यस्तो जमिन कमाउन पाउँछन् । पहुँचका आधारमा बरु उनीहरुले थोरै आयस्ता बुझाएर ती जमिनसमेत हडप्छन् तर बढी आयस्ता दिन्छु भने पनि भूमिहीनले चाहिँ गरिखान जमिन नपाउने अवस्था छ । यो विद्यालयले पनि आफ्नो जमिन कमाइ गर्न हुनेखानेलाई नै सुम्पेको छ ।

विद्यालय आडैमा बस्ने २८ घर दलित भने कामको अभावमा भारतमा मजदूरीका लागि जान विवश छन् ।

अझ कैलालीको असैनामा त कालिका माविले विद्यालयका लागि भनेर स्थानीय दलितको जमिन लियो । उसले न क्षतिपूर्ति दियो न सट्टाभर्नावापत अन्यत्र जग्गा नै दिएको छ । यसरी व्यक्ति जमिनदारमात्र हैन, निर्जीव जमिनदारको शोषणमा समेत पर्न बाध्य छन् गरीबहरु । हुन त ती दलितलाई शिक्षालयका लागि जमिन लिएकोमा चित्त नदुखाउन सल्लाह दिनेहरु पनि छन् गाउँमै । तर उनीहरुले बुझ्नुपर्ने तर नबुझेको कुराचाहिँ के हो भने जसले खानै पाउँदैन वा पाएको छैन, पढाइ उसको प्राथमिकतामा पर्दैन । अनि जमिन विद्यालयले लिएको त हो नि भनेर चित्त बुझाउने आधार के हुन सक्छ उनीहरुसँग ?

**हेर्दाहेर्दै आफू बसेको जमिन अर्कैको भएछ**

दाङको बेला गाविस वडा नं. ५ मा ६१ परिवार भूमिहीन बस्छन् । तीमध्ये १४ परिवार बसिरहेको जमिन अर्कैले आफ्नो नाममा दर्ता गरिसकेछन् । जो यो गाउँमै बस्दैनन् ।

गाउँभन्दा निकै टाढाको सदरमुकाममा बस्ने नजरमान मुखिया, लमही बस्ने डम्बरकुमारी केसी र त्यहीँ बस्ने मुरलीधर केसीले यी भूमिहीन बसिरहेका जमिन आफ्नो भनेर दर्ता गराए । हुँदाहुँदा अहिले अमेरिका बस्ने कुलबहादुर डाँगीले समेत यो जमिन आफ्नो भएको दाबी गर्दै दर्ता गराए । एकातिर यहाँ बसिरहेका भूमिहीनले वर्षौंदेखि बसेको प्रमाण पेश गरेर आफ्नो नाममा दता गर्न निवेदन दिएका छन् तर दर्ता भएन । अर्कोतर्फ यो जग्गासँग कुनै साइनो नै नभएका व्यक्तिले निवेदन दिँदैमा सरकारी अड्डाले सरकारी जमिन व्यक्तिको नाममा दर्ता गरिदियो । यो कसरी भयो ? अहिले त्यहाँ बस्ने भूमिहीन सोध्न थालेका छन् ।

कैलालीको पेहरानी कटानमा ७ विघा ऐलानी जमिन थियो । जसमा २०५८ सालदेखि २१ परिवार भूमिहीन बसेका थिए । अहिले उक्त जमिन ४ विघा स्थानीय क्लब र ३ विघा विद्यालयले नियन्त्रणमा लिएका छन् । बसिआएका भूमिहीन भने छाप्रामा सीमित । त्यही ऐलानी जमिनमा क्लब र विद्यालयले पहुँच जमाउन पाउने तर भूमिहीनले गरिखान भने नपाउने यो कस्तो नियम ? बुझिनसक्नु भएको छ । अहिले भूमिहीनले स्थानीयका अगाडि त्यो





जमिन फिर्ता गर भन्न सक्ने अवस्था त छैन बरु उल्टै ती जमिनमा निश्चित आय बुझाएर हामीलाई गरिखान देउ भनेर माग गर्नुपरिरहेको स्थिति छ । र, पाए भने यसकै लागि क्लब र विद्यालयलाई धन्यवाद दिने अवस्थामा पुगेका छन् उनीहरु ।

उता लालमटिया ४ मा २०३४ सालदेखि बसोबास गर्दै आएका ७३ परिवारलाई सामुदायिक वनले त्यहाँबाट हट्न चेतावनी दिँदै आएको छ । बेला ४ चम्फामा पनि ३ दशकदेखि बस्दै आएका भूमिहीनलाई सामुदायिक वनले उठाउने प्रयत्न गर्दै आएको छ ।

यसरी विद्यालय, क्लब, सामुदायिक वन र अन्य संस्था नवजमिनदारका रुपमा स्थापित भएका छन् । उनीहरुले पनि भूमिहीनलाई सताउँदै आएका छन् । सकभर आफ्नै नाममा दर्ता गर्ने र नसके भूमिहीनले गरिखाएका, बसेका जमिन जबर्जस्ती नियन्त्रणमा लिने उद्देश्य देखिन्छ । यसरी जमिन कब्जामा लिइसकेपछि खनजोत भइरहेको त्यो जमिन बाँझो राख्ने गरिएको छ भने खेती गर्न दिइहाले पनि यसैका आधारमा जीविका चलाइरहेका भूमिहीनलाई दिइँदैन । उनीहरुले आयस्ता दिन्नन् वा फेरि कब्जा गर्छन् र जमिन फिर्ता दिन्नन् भन्ने डरले उनीहरु सकभर पूर्खौंदेखि कमाएर बालबच्चा पाल्दै आएकालाई उक्त जमिन प्रयोग गर्न दिँदैनन् । जसका कारण त्यो भूमिहीन किसान कि त्यहाँबाट लखेटिनुपर्ने बाध्यता हुन्छ अर्थात् मजदूरीका लागि भारतीय भूमि चाहार्नुको विकल्प हुँदैन ।

पछिल्लो पटक भूमिहीन बसिरहेका वा उनीहरुले कमाइरहेका जमिन सामुदायिक वनका नाममा दर्ता गराउने र त्यसपछि यो जमिन हाम्रो हो, यहाँबाट उठ् भनेर उनीहरुलाई हटाउने षडयन्त्रहरु पनि भइरहेका छन् । यही कारण कैयौं ठाउँमा वनवाला र भूमिहीनबीच झडप भएका छन् । सयौं टहरा भत्काइएका छन् । वनले आफ्नो नाममा दर्ता गराएर त्यत्तिकै बाँझो राख्न पाउने तर भूमिहीनले त्यसलाई हराभरा बनाएर खेती गर्न भने नपाउने अनौठो नियमका कारण भूमिहीनहरु अन्यायमा पारिएका छन् ।

## थातथलोबाट विस्थापन हुँदै राजी समुदाय

अछाम र दैलेखको राब्भा पुर्ख्यौली थलो भएका राजी समुदायलाई राणा सरकारले कैलालीको सोल्टा, जामु कुइनेस्थानमा र कर्णाली नदीमा माछा मार्न पाउने अधिकार दिएको थियो । राजीको नाममा ३ वटा घाटसमेत दर्ता भई लालमोहरसमेत लागेको थियो । रामघाटदेखि पश्चिम, चिसापानीदेखि उत्तर डोटीको ठूली गाउँदेखि पूर्वका चार किल्लामा अरुले माछा मार्न र डुङ्गा खियाउन, तार्न पाउँदैनथ्यो । त्यतिबेलाका बडा हाकिम जङ्गलमा शिकार खेल्न आउँदा राजीलाई बोलाई कुखुरा, बोका चढाई पूजा गरेरमात्र डुङ्गामार्फत् शिकार खेल्न पाउने चलन थियो । साथै सरकारी मानिसले डुङ्गा चढ्दा जुत्ता हाल्न नपाउने, कम्मरबाट खुकुरी फुकाएरमात्र डुङ्गामा बस्न पाउने चलन थियो ।

भूमिहीन र अन्य आयस्रोत केही नभएका राजी समुदायका लागि यो गरिखाने मेलो थियो एकप्रकारले । तर अहिले जो पायो त्यहीले डुङ्गा चलाउने, माछा मार्ने, मह काड्न पाउने जस्ता कारण राजीको जीविकामा धक्का लाग्यो । वनहरु सामुदायिक वनमा रुपान्तरण हुने र नदीहरु ठेक्कामा लाग्न थालेपछि राजीसँग पुर्खौंदेखिको थलो र जीविकाको आधार छाड्नुको विकल्प भएन ।

अहिले यसरी विभिन्न स्थानबाट विस्थापन हुन बाध्य राजीहरु कैलालीको खेलाड-४ सुरुवामा बस्छन् । २ सय ७८ परिवार राजी यहाँ बसे पनि उनीहरुको जीवन भने बडो कठिन छ । भूमि नभएका कारण थातथलो छाडेर घुम्दै आइपुगेका राजी यहाँ पनि स्थानीयसँग झगडा गर्दैमा हैरान छन् ।

हुन त लोपोन्मुख सीमान्तकृत जातिका रुपमा रहेको राजी घुमन्ते फिरन्ते जीवनमा विश्वास गर्थ्यो पहिले । तर समय परिवर्तनसँगै अब त्यस्तो पाराले नचल्ने ठम्याइपछि उनीहरु गृहस्थी जीवन यापन गर्न चाहन्छन् । तर उनीहरुको यो चाहनामा साथ दिने भने कोही छैन । कैलाली, सुर्खेत, अछाम, दैलेखमा बस्दै आएका उनीहरु डुङ्गा चलाएर, माछा मारेर, मह काडेर, जडीबुटी सङ्कलन गरेर अब बाँच्न नसकिने निष्कर्षमा पुगेका छन् । राज्यले वनहरुलाई सामुदायिक वनका रुपमा हस्तान्तरण गर्ने र नदीहरु ठेक्कामा दिने गर्नाले पनि यो कार्य अब सम्भव भएन ।

त्यही कारण विभिन्न ठाउँबाट आएर बसेका राजीलाई स्थानीयले यहाँ बस्न पाउँदैनौ भनी पटकपटक घरमा आगो लगाइदिने गरेका छन् । करिब ३३





विघा जमिन २ सय ७८ परिवारलाई बाँडेर बसेका उनीहरु बेलाबेला सामुदायिक वनका पदाधिकारीसँग पनि झडपमा उत्रन बाध्य छन् । स्थानीय र वनवालाहरु राजीलाई त्यहाँबाट उठाउन खोजिरहने तर राजीहरु भने आफूहरुले बास पाउनुपर्ने अडान राखिरहने भएकाले झडप परिरहने गर्छ । धन्न उनीहरु सङ्गठित भएकाले र भूमिअधिकारकर्मीको सहयोगले जन्मजात थलोबाट बिस्थापन भए पनि त्यहाँबाट भने पुनः बिस्थापित हुनुपरेको छैन । तर उनीहरुलाई नै थाहा छैन कि यहाँ पनि कतिन्जेल यस्तो पीडा सहेर बस्न पाइने हो भन्ने ।

यो राजी बस्ती नजिकै मुक्त कमैयालाई बसोबास गराएको छ राज्यले । उनीहरुलाई जमिन पनि दिइएको छ । तर उनीहरु जस्तै यी भूमिहीन सीमान्तकृतलाई भने जग्गा दिनुपर्ने आवश्यकता सरकारले महसुस गर्न नसकेकामा राजी समुदाय चिन्तित छ । उनीहरु भन्छन्- हामीलाई राज्यले पक्षपात गर्‍यो ।

कैलाली, कन्चनपुर, सुर्खेत, बर्दिया, बाँके, दाङ र डडेलधुरामा गरी ४ हजार ६ सय ४६ जनसङ्ख्या रहेको राजीसाल्य समाज नामक संस्थाको प्रतिवेदनमा उल्लेख छ । यसबाहेक अन्य केही जिल्लामा पनि राजीको धेरथोर बसोबास रहेको अनुमान छ । अझै पनि छोरीलाई पढाउन हुन्न भन्ने मान्यता रहेको यो समुदायबाट २९ जनाले एसएलसी पास गरेका छन् । २ जना स्नातक र ५ जना प्रमाणपत्र तहमा अध्ययन गरिरहेका छन् ।

आफ्नै छुट्टै कला संस्कृति, आफ्नै भाषा र परिवेशले सम्पन्न राजीको आफ्नै रहनसहन छ । तर अहिले उनीहरु तितरवितर भएकै कारण सांस्कृतिक धरोहर पनि छिन्नभिन्न भएका छन् । बसाइ सर्ने क्रममा घरको धुरी कालो भयो भने बस्ती उठेर अर्को ठाउँमा सार्ने राजीको परम्परा थियो । सरकारले पनि उसको यो परम्परालाई स्वीकृति दिएको थियो । तर अहिले समय फेरियो, त्यतिबेलै सरकारले दिएको अनुमति अहिले लागू हुन पाएन । अर्थात् उनीहरु अब खाली जमिनमा बस्न पाउँदैनन् । स्थानीय दाबी गर्नेले नजिकको ऐलानी जमिन आफ्नो दाबी गर्ने र पहुँचवालाले त्यसलाई कब्जामा लिने बढ्दो प्रचलनसँगै राजीको परम्परा र जीविका दुवै सङ्कटमा पर्न थाल्यो । यही कारण हो- जसले राजीलाई पटकपटक बिस्थापित हुन बाध्य पार्दै आएको छ ।

जसको जिन्दगी नै प्राकृतिक स्रोत जल, जङ्गल र जमिनसँग प्रत्यक्ष सरोकार राख्दै बितेको छ र उनीहरु यो विना बाँच्नै सक्दैनन्, आज यही समुदायलाई त्यसबाट टाढा पारिएको छ । स्रोत साधनमा उनीहरुकै पहुँच

छैन । राज्यले सीमान्तकृत वर्गका रुपमा राखेको छ । यही कारण प्रतिपरिवार पाँच सय रुपियाँका दरले प्रतिमहिना सामाजिक सुरक्षा भत्ता पनि राज्यले उपलब्ध गराउँदै आएको छ । तर आफ्नो स्थायी थलो नभएकाले राजी समुदायले यसलाई राज्यको आफूहरुप्रति झारातिराइका रुपमा बुझेको छ ।

यसअघि राजी समुदायको बसोबास विशेषगरी कैलालीको बढी गाउँ, घाट गाउँमा थियो । २०४० सालको बाढीले ३ सय परिवारका घर टहरा बगायो । ७ जना मानिस र दर्जनौं चौपाया बगे । त्यहाँ भने उनीहरुको जग्गाधनी पूर्जासहितको जमिन थियो । अहिले उक्त स्थान कर्णालीको बगर बनेको छ । त्यही बाढी थियो, जसले राजीलाई तितरबितर बनायो । कोही बर्दिया पुगे, कोही कैलाली, त कोही कन्चनपुर ।

तत्कालीन गृहमन्त्री खडकबहादुर सिंहले ३५ परिवार राजीलाई ज्योतिनगरस्थित टीकापुर विकास समितिको जग्गा प्रतिपरिवार २ कट्ठाका दरले दिलाएका थिए । उनीहरुलाई १० कट्ठा जमिन खेती गर्न दिने निर्णय पनि भएको थियो । तर सिंहको निधनपछि समितिका कर्मचारी तथा स्थानीय नेताहरुले उक्त निर्णय कार्यान्वयन गर्न दिएनन् । त्यतिमात्र हैन, पूर्व राजा वीरेन्द्र, ज्ञानेन्द्र र पूर्व रानी ऐश्वर्यलाई २०३२ सालमा चिसापानीबाट सुर्खेत जाने क्रममा कर्णाली नदीबाट डुङ्गामा तारेका बेला उनीहरुले राजी समुदायलाई राम्रो ठाउँमा बसाउन प्रशासनलाई निर्देशन दिएका थिए । तर सबै कुरामा तत्कालै कार्यान्वयन हुने उक्त हुकुम पनि राजीका सन्दर्भमा भने भुत्ते खुकुरी सावित भयो । त्यसलाई कसैले लागू गरेन । न आदेश दिनेले नै त्यसबारे खोजीनीति आवश्यक ठाने ।

भूमिमात्र हैन, जताजतैबाट हेपिएका छन् राजी । टीकापुरस्थित वीरेन्द्र विद्या मन्दिर उच्च माविको भवन र टीकापुर पार्क निर्माण गर्दा राजी समुदायका २० जनाले १ महिना निःशुल्क श्रमदान गरे । तर विडम्बना, त्यही विद्यालयमा राजीका बालबालिका निःशुल्क पढन पाउँदैनन्, न उक्त विद्यालयमा १ जना राजी शिक्षक नै छन् । पार्कका ५० मध्ये एक जना कर्मचारी पनि राजी राखिएन ।

कैलालीको सुगरखाल गाविसमा पञ्चायतकालमा भक्तबहादुर राजी प्रधान पञ्च भएका थिए । यो जातिबाट सबैभन्दा ठूलो राजनीतिक पदमा पुग्ने व्यक्ति यिनै भएका छन् अहिलेसम्म । त्यसैले पनि आफूहरुको पक्षमा कसैले बोलिदेला भन्ने यिनीहरुलाई पटक्कै विश्वास छैन । आफू बसेको जग्गाको पूर्जा दिलाइदिन्छु भनेर धेरै नेतालाई जाँड र माछा खुवाए पनि त्यसको





बदला आश्वासनमात्र पाएकाले उनीहरुको अब कसैप्रति विश्वास छैन ।तर पनि भूमिहीनहरुको सङ्गठन राष्ट्रिय भूमिअधिकार मञ्चले भने केही आशा जगाएको छ उनीहरुमा । अनि पीडितहरुको गतिलो संगठनलेनै केही गर्न सकिन्छ भन्ने विश्वास बढेको छ उनीहरुमा । त्यसैले पटकपटकको बिस्थापन पीडा भोग्नु नपर्ने आशमा यतिखेर राजी समुदाय सङ्गठितरुपले अघि बढिरहेको छ । स्थानीय बासिन्दा र सामुदायिक वनवालाहरुले तीन चार पटक घर टहरामा आगो लगाए पनि उनीहरु दृढ छन् भूमिअधिकार पाउनका लागि । र, त्यसलाई ऊर्जाका रुपमा बदलेर उनीहरु सशक्त ढङ्गले अघि बढिरहेका छन् ।

खण्ड २

# भूमिमा महिला स्वामित्व : वास्तविकता र औचित्य

सन् १८८९ मा फ्रान्सको राजधानी पेरिसमा आयोजित अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनमा श्रमिक नेता क्लारा जेटकिनले घोषणा गरेकी थिइन्- हाम्रो आन्दोलन महिला श्रमको सम्मान गराउन केन्द्रित हुनेछ । नभन्दै त्यसपछि विश्वका खासगरी विकसित थुप्रै मुलुकका महिलाको काम गणना हुने परिपाटी बस्यो । महिलालाई हेर्ने नजरमा परिवर्तन आयो । पुनर्उत्पादनमा मात्र संलग्न महिला उत्पादन कार्यमा लाग्ने क्रम तीव्र बन्न पुग्यो ।

तर उनले यसरी घोषणा गरेको १ सय २२ वर्ष बित्दा पनि नेपाली महिलाले गर्ने कामको भने उचित मूल्याङ्कन हुन सकेन । जसका कारण महिलामा उत्पादनका लागि असीमित ज्ञानको भण्डार हुँदाहुँदै पनि त्यसलाई स्वीकार गर्ने संस्कृति निर्माण हुन सकेन । उनीहरु जमिनको कुशल व्यवस्थापक र सच्चा पहरेदार अनि कृषि क्षेत्रका प्रमुख उत्पादक शक्ति भएको वास्तविकता अगाडि आउनै सकेन । प्राकृतिक स्रोतसँग सबैभन्दा नजिकको सम्बन्ध भएका महिला यही कारण सधैं पछाडि धकेलिइरहन बाध्य भए ।

जसको प्रभाव महिलाको चौतर्फी विकासमा परिरहेको छ । श्रमको सम्मान नभएकै कारण आज महिला किसान आफैंले दिनरात नङ्ग्रा घोटेदै आएको जमिनको स्वामित्ववाट वञ्चित छन् । जसले उनीहरुलाई दोस्रो दर्जाको नागरिकका रुपमा गणना गर्न सघाइरहेको छ । हिंसा, बहुविवाह, वालविवाह, दाइजो, कुटपिट, बेचविखन तथा यौन शोषण यही





स्वामित्वबिहीनताले निम्त्याएका केही कलङ्क हुन । जसलाई सहिरहन नेपाली महिला बाध्य छन् ।

नेपाली महिला घरपरिवार, गाउँसहर, समाज, बाटोघाटो, सडक, संसद, अदालत जतातत्तै सङ्घर्ष गरिरहेका छन् । कानुन, परम्परा, मान्यता, जाति, धर्म, सामन्ती उत्पादन सम्बन्ध, संस्कार आदिको माखेसाङ्लोले महिलालाई हरेक क्षेत्रबाट जकडेको छ । घरपरिवार र समाजमा महिलाको धेरै जिम्मेवारी र जवाफदेहिता छ तर अधिकार जति सबै पुरुषमा छ । यही वास्तविकताको नियति भोगिरहेका छन् महिला ।

त्यस्तै गरेर, हिजोका भूमिपति वा ठूला जमिनदार र मौजावाल नै आजका सबै क्षेत्रका पहुँचवाल र हर्ताकर्ता भएका छन् । शासनसत्ता, प्रशासन, उद्योग-व्यापार सबैतिर हिजोका र आजका ठूला भूमिपतिहरुकै बाहुल्य छ । तर, परम्परागतरुपमा नेपाली महिलाको पैतृक सम्पत्तिमा अधिकार नहुने र भूमि अधिकारबाट पनि वञ्चित हुने अवस्था भएकाले अपवादबाहेकका घटनामा जमिनदार परिवारकै भए पनि महिलाको हैसियत भने निरीह नै छ । तथा उनीहरु पुरुषमा आश्रित हुने गरेको यथार्थता छ ।

नेपालको महिला अधिकार आन्दोलनले पनि पैतृक सम्पत्तिमा अधिकारको सवाल उठाए पनि महिलाको भूमि अधिकारको विषयलाई स्पष्टरुपमा अभियानका रुपमा ल्याउन सकेको छैन । राजनीतिक क्षेत्रबाट पनि महिलाको पैतृक सम्पत्तिको व्यवस्था हुनुपर्ने विषयमा सतही समर्थन देखिएको छ तर महिलाको भूमि अधिकारको विषय किटानीसाथ उठ्न बाँकी नै छ । यही कारण अन्य खुद्रा मसिना कुरा महिलाको पेवा ठानिए पनि भूमि अधिकारचाहिँ नेपालको सन्दर्भमा पुरुषको मात्र पेवा ठानिँदै आएको छ ।

### भूमिसँग महिलाको नाता

भूमि साझा सम्पत्ति हो । यो अन्य प्राकृतिक स्रोत र साधन जस्तै निजी वस्तु हुन सक्दैन । त्यसैले भूमिमाथि महिलाको समान पहुँच र उपभोग आधारभूत मानव अधिकार पनि हो । यस अर्थमा जमिन महिलाको अधिकार, सम्मान, पहिचान, इज्जत, तागत, हिम्मत र आत्मविश्वास हो । मानवीय मर्यादा, जीवन रक्षा र जीवन निर्वाहको मूल आधार यही कारण जमिनमाथिको अधिकार हो । यी यावत् कारणले भन्न सकिन्छ कि जमिनमाथि स्वामित्वविना महिलाको वास्तविक मुक्ति सम्भव छैन ।

वर्गीय र जातीय भेदभावका साथै लैङ्गिक भेदभाव पनि सामाजिक अन्यायको विषय हो । लैङ्गिक भेदभावको अवस्था परिवर्तन गरेरमात्र महिला र पुरुष दुवैलाई बराबर अधिकार दिलाउन सकिन्छ । अनिमात्र सामाजिक मर्यादा र अवसरमा दुवैको समान पहुँच हुन सक्छ । पैतृक सम्पत्ति एवम् प्राकृतिक स्रोतमा समान हिस्सेदारी समानताका लागि पहिलो सर्त हुनु जरुरी छ । अनिमात्र राज्यका विभिन्न निकायमा बराबरीको सवाल अघि आउँछ । नेपाली महिलाले भोगिरहेका समस्या केलाउँदा यी निष्कर्षमाथि विमति जनाउनुपर्ने आवश्यकता देखिन्न ।

आधारभूत मानवीय आवश्यकतालाई जीविका निर्वाहको साँघुरो दायराबाट मात्र हेरिनु कमजोरी ठहरिन जान्छ । यस्तो अवस्थामा सहभागिता, सुरक्षा, पहिचान, माया, आदरता, स्वतन्त्रता, सद्भाव, आराम जस्ता फराकिलो आयामबाट हेर्न थालिएको सन्दर्भमा भूमिमाथि महिलाको स्वामित्वलाई पनि यसै अर्थमा लिइनुपर्छ ।

नेपाली समाजमा महिला र पुरुषबीच भेदभाव कायम रहिरहनुको एउटा प्रमुख कारण जमिनलगायत् अधिकांश सम्पत्तिको मालिक एवम् हर्ताकर्ता पुरुषमात्र हुनु हो । महिलाको सामाजिक हैसियत कमजोर हुनाको मुख्य कारण यही हो । पैतृक सम्पत्तिमा महिलाको अधिकार नहुने कारणले गर्दा पित्तृसत्तात्मक मूल्य-मान्यता मौलाइरहेको छ । पितृसत्तात्मक समाजको स्थापना नै सम्पत्तिमाथि पुरुषको एकाधिकारबाट सुरु भएको हो । त्यसैले यो स्थिति रहेसम्म नेपाली समाज गरिबीबाट मुक्त भई समुन्नत र समतामूलक बन्न सक्दैन । किनकि संयुक्त राष्ट्र सङ्घका पूर्व महासचिव कोफी अन्नानले समेत एक पटक भनेका थिए- मैले गरिबीमा महिलाको मुहार देखें । जसमा पूर्णतः सत्यता छ ।

नेपालका बहुसङ्ख्यक समुदाय विशेषगरी महिलाको मानवीय मर्यादा, जीवन रक्षा र जीवन निर्वाहको मूल आधार भूमि नै हो । उनीहरुमा भूमिको दिगो उत्पादनका लागि असीमित ज्ञानको भण्डार छ । उनीहरु यसका कुशल व्यवस्थापक र सच्चा पहरेदार पनि हुन् । त्यसैले भूमिमाथि नारीहरुको समान पहुँच र उपभोग आधारभूत मानव अधिकारको ज्वलन्त सवाल पनि हो । जमिन नभएकै कारण महिला पिता, पति र छोराको नामबाट चिनिन बाध्य छन् । यसको अर्थ महिलाको आफ्नै परिचय छैन । जसको प्रमुख कारण हो- महिला भूमि अधिकारबिहीन छिन् ।

भूमिमा महिलाको अधिकार स्थापित नगरी कुनै पनि ग्रामीण महिला किसान स्वतन्त्र र सक्षम बन्न सक्दिनन् । भूमिमा अधिकार भएपछि परिवार





र समुदायमा समेत महिलाको सम्मानित स्थान बन्छ । अनिमात्र आफ्नो शरीरमाथि आफैं नियन्त्रण गर्ने आधार प्राप्त हुन्छ । महिलाका लागि ऐन, कानुन, शिक्षा, स्वास्थ्य, राजनीतिक सहभागिताको क्षेत्रमा पनि थुप्रै काम सँगै लानुपर्छ । तर, भूमिमा महिलाको अधिकार भनेको जग बसाल्ने तहको काम हो ।

जमिनको समग्र व्यवस्थापन जसले गर्छ, संरक्षण गर्छ, त्यसमा उसैको हक हुनुपर्छ । नेपालको सन्दर्भमा महिला र पुरुष नै जमिनमा काम गर्छन् । तर विडम्बना, हक भने पुरुषको मात्र कायम छ । त्यसैले आफैं काम गर्ने जमिनमा बरोबरी हक सामान्य सिद्धान्तभित्रै पर्ने कुरा हो । जुन सामाजिक न्यायको सवाल पनि हो । तर यही वास्तविकता नबुझ्केकै कारण नेपाली महिला प्रताडित भइरहन बाध्य छन् ।

## उत्पादकत्वसँग जोडिएको साइनो

कृषि कर्ममा संलग्न महिलालाई जमिनको मालिक बनाउने व्यवस्थाले मुलुककै आर्थिक उत्पादकत्व बढ्ने निश्चित छ । भूमिलगायत् उत्पादनका साधनमा महिलाको हक नभएकाले नै उनीहरुमाथि हिंसा, विभेद, शोषण, अन्याय, उत्पीडन र भेदभाव बढिरहेको छ । यस्तो अवस्थाले उनीहरुको जाँगर मार्छ । हौसला र सपना निमिट्यान्न पार्छ । यस्तो अवस्थामा उनीहरुले दिलोज्यानले उत्पादनमा तन र मन लगाउने सम्भावना हुँदैन । त्यसैले महिलाले सार्वजनिक क्षेत्रको पद र जिम्मेवारी ग्रहण गर्न सक्षम हुनका लागि पनि श्रमको बाँडफाँट र उत्पादनका साधनमा बराबरी हक कायम हुनैपर्छ ।

भूमिमा महिलाको अधिनत्व नभएकै कारण उनीहरुले हिंसा र भोक खेप्नुपरेको हो । यसको असर बालबच्चाको खाना र विकासमा पनि परेको छ । परिवारकै स्वास्थ्य खराव हुनुसँग पनि यो विषय जोडिएको छ । त्यसैले यस्तो अवस्थामा महिलालाई भूमिमाथि स्वामित्व नदिइनु भनेको कुनै पनि निर्णय गर्ने अधिकारबाट वञ्चित गरिनु हो भन्ने पुष्टि भएको छ ।

एउटी महिला बिहान उठेदेखि बेलुकीसम्म आफ्नो परिवारका लागि सरदर १८ घण्टासम्म खट्ने गर्छिन् तर तिनै महिलाले परिवारमा सबैभन्दा थोरै र पछि खाने गर्दछन् । त्यसकारण सबभन्दा बढी भोक र कुपोषणको शिकार पनि महिला नै बन्छन् । अझ महिलाभित्र पनि गर्भवती तथा सुत्केरीलाई पर्याप्त खानेकुरा नपुग्नाले धेरैले अकालमा ज्यान गुमाइरहेका छन् । तर

यसरी महिला पर्याप्त खानेकुराको अभाव भएर भोकभोकै मरेको घटना भने कहिल्यै पनि मानव अधिकारको सवाल बन्दैन ।

यसैगरी ग्रामीण भेगका महिलाका लागि त भूमि नै सम्पत्तिको प्रमुख स्रोत हो । भूमिमा नै महिलाले रातोदिन पसिना चुहाउँछन् र जीवन नै परिवारको पालनपोषणमा बिताउँछन् । तर विडम्बना, तिनै महिला भूमिको मालिक हुनबाट वञ्चित छन् ।

हाम्रो दैनिक सामाजिक जीवनमा हेर्दा पनि रोप्ने, गोडमेल गर्ने, मलखाद हाल्ने, ओसाउने, भित्राउने, सुकाउने जस्ता अधिकांश कार्यमा मुख्य भूमिका महिलाले नै निर्वाह गर्दै आएका छन् । यस्तै पशु स्याहार, दानापानी जस्ता कार्यमा समेत उनीहरु नै अगाडि छन् । कामको चापले परिवारमा सबभन्दा ढिलो सुत्ने र चाँडो उठ्ने महिला नै हुन । कृषि कार्यमा पनि पुरुषभन्दा महिला नै बढी संलग्न छन् तर उनीहरुलाई किसान बुझ्दिैन । अन्न फलाउने र भकारी भर्ने उनीहरु कुपोषणका शिकार भएका छन् । हरेक प्रकोपले धनी र गरीब महिला नछुट्याए पनि घाइते, अपाङ्ग र मृत्यु हुनेमा भूमि अधिकारबाट वञ्चित किसान महिला नै  बढी हुने गरेका छन् ।

## तथ्याङ्कको कसीमा महिला योगदान

भूमिमा महिलाको अधिकारबारे बहस पुगेको छैन । नयाँ भएकै कारण यसबारे पर्याप्त खोज, अनुसन्धान हुन सकेको पाइन्न । यही कारण यो विषयमा एकदम कममात्र तथ्याङ्क पाइन्छ । तिनै सीमित तथ्याङ्कका आधारमा थप अनुसन्धान गर्नुपर्ने र बुझ्नुपर्ने बाध्यता छ ।

नेपालको पछिल्लो जनगणनाअनुसार जनसङ्ख्याको ५१.१ प्रतिशत महिला छन् । शिक्षा, स्वास्थ्य, औसत आयु सबै हिसावले नेपाली महिला पुरुषभन्दा निकै पछाडि र पीडित छन् । नेपालको कृषि उत्पादनमा महिलाको ६०.५ प्रतिशत र पुरुषको ३९.५ प्रतिशत योगदान छ । तर उत्पादनमा महिला सहभागिता बढी भए पनि उत्पादनको प्रमुख साधान भूमिमाथिको कानूनी स्वामित्व भने पुरुषको ८९.१७ प्रतिशत छ । महिलाको चाहिँ मात्र १०.८३ प्रतिशत छ ।

घर र खेतीको जग्गा दुवैको मालिक हुने महिला भने जम्मा ४ प्रतिशत मात्र छन् । १०.८३ प्रतिशत भूमिमा स्वामित्व भएका महिला कुन आर्थिक वर्ग, क्षेत्र र जातिका छन् र यो स्वामित्वको क्षेत्रफल कति हो भन्ने वास्तविकताको खोजी अर्को महत्वपूर्ण सवाल हो ।





तथ्याङ्कअनुसार २ लाख १७ हजार ७ सय ८५ परिवारसँग त आफ्ना लागि छाप्रो हाल्ने जमिनको टुक्रा पनि छैन । उनीहरु पुरै आफूलाई काम लगाउने जमिनदारप्रति आश्रित छन् । न जमिनको मालिक हुने, न त कृषि श्रमिकका रुपमा उचित पारिश्रमिक नै पाउने अवस्थाको कारणले गर्दा हरुवा, चरुवा, कमैया, हलिया, सुकुम्बासी र साना मोही अत्यन्तै पीडित बन्न पुगेका हुन् । यी पीडितलाई पनि परिवारको तहभित्र नियालेर हेर्दा महिला र केटाकेटीको अवस्था अझै दर्दनाक भेटिन्छ ।

यसरी उपलब्ध केही तथ्याङ्क केलाउँदा नेपालमा महिलाको स्थिति कति नाजुक र दयनीय छ भन्ने देखिन्छ । अर्कोतर्फ उत्पादनको प्रमुख शक्ति भइकन पनि उनीहरुलाई त्यसबाट स्वामित्व हात पार्न भने कसरी पन्छाइएको छ भन्ने पनि तथ्याङ्कले स्पष्ट पारेका छन् । अझ ग्रामीण तहको पनि सबैभन्दा तल्लो तहमा पुगेर राम्रोसँग अनुसन्धान गर्ने हो नेपाली महिला किसानको अवस्था अझै दर्दनाक देखिने निश्चित छ ।

## सवाल वास्तविक स्वामित्वको

कुनै महिलाले आफ्नो इच्छाअनुसार कुनै खास जमिनको भाग उपयोग गर्न स्वतन्त्र निर्णय गर्ने अवस्था नरहेसम्म त्यसमाथिको स्वामित्व वास्तविक मान्न सकिन्न । लामो समयदेखि महिलाको भूमि अधिकारका पक्षमा वकालत गर्दै आउनुभएकी प्रख्यात् भारतीय अर्थशास्त्री विना अग्रवालको ठम्याइ छ कि महिलाको भूमि अधिकार भन्नाले जमिनमाथि कानुनी हकमात्र हैन, व्यवहारमै भूमिको उपयोगसम्बन्धी निर्णय लिन सक्ने र उक्त भूमिमा के गर्ने, के नगर्ने भन्ने नियन्त्रणसमेत कायम हुने अवस्था हो । जमिनमा के, कस्तो बालीनाली लगाउने, उत्पादकत्व बढाउन के/कस्तो लगानी गर्ने जस्ता विषयमा निर्णय गर्ने अधिकार कोसँग छ भन्ने कुरा पनि महत्वपूर्ण हुन आउँछ ।

| विकास क्षेत्र | जमिनमा स्वामित्व | घरमा स्वामित्व |
|---|---|---|
| पूर्वाञ्चल | ७.३४ | ०.५९ |
| मध्यमाञ्चल | ५.२६ | १.१२ |
| पश्चिमाञ्चल | ५.२० | ०.६९ |
| मध्य पश्चिमाञ्चल | ३.६८ | ०.५३ |
| सुदूर पश्चिमाञ्चल | १.६५ | ०.४५ |

एक त नेपालमा एकदम थोरै महिलाको स्वामित्वमा मात्र जमिन देखिन्छ । अर्कोतिर त्यही स्वामित्व पनि सहज र वास्तविक मान्न सकिहाल्ने अवस्था छैन । बनावटी स्वामित्वका कारण यो स्थिति आएको हो । हदबन्दीभन्दा बढी जमिन लुकाउन परिवारका सदस्यहरुको नाममा पनि जमिन राख्ने प्रवृत्ति, लोग्ने मरिसकेको तर छोराहरु सानै भएका कारण महिलाको नाममा अनिवार्यरुपमै जमिन सार्नुपर्ने नियम र महिलाको नाममा पनि 'एक टुक्रा' राखिदिएर खुसी बनाइदिउँ न भन्ने अवस्थाले पनि जमिनमा महिलाको स्वामित्व बढेको हो । साथै यो स्वामित्वको क्षेत्रफल कति छ भन्ने कुरा पनि हेर्नुपर्ने अर्को पाटो हो ।

एकातर्फ समुदायमा जमिनदारको दबदबा छ । अर्कोतर्फ त्यही समुदायको एक भाग परिवारमा पुरुषको हैकम लादिने अवस्था छ । यो अवस्था सिर्जना हुनुमा पनि जग्गाको मालिक को भन्ने यथार्थले काम गरेको छ । त्यस कारण परिवार तहदेखि नै महिलालाई सशक्त तुल्याउँदै महिला र पुरुष दुवैलाई उत्पादनमा उत्तिकै सहभागी बनाउनु आवश्यक छ । जसले सामाजिक न्यायको अवस्था कायम गराउन महिलाले भूमि अधिकार पाउनुपर्ने सवाललाई उजागर गर्न मद्दत पुऱ्याउँछ । महिलाले भूमि अधिकार पाउने सवाल उनको समग्र सशक्तिकरणका पक्षसँग अभिन्नरुपमा गाँसिएको विषय पनि हो । त्यसैले भूमि अधिकार प्राप्तिले अरु थुप्रै सामाजिक तथा आर्थिक अधिकार दाबी गर्न ढोका खोल्छ ।

महिला हिंसा समाजमा जघन्य अपराधका रुपमा झाङ्गिदै गइरहेको छ । महिलामाथि हुने विभेद र हिंसाको कारण नखोजी दीर्घकालीन समाधानतिर जान सकिँदैन । महिला हिंसालाई समाजबाट उखेलेर फाल्न उत्पादनका साधन यसमा पनि भूमिमा महिलाको अधिकार स्थापित गराउन सके ठूलो योगदान पुग्ने निश्चित छ ।

समानता, विकास र शान्ति विश्व महिला आन्दोलनको प्रमुख मागका रुपमा छ । जबसम्म महिलाले जमिनमाथि न्यायोचित अधिकार पाउन सक्दिनन् तबसम्म समाजमा समानता, विकास र शान्ति नारामा मात्र सीमित रहन पुग्छ । उत्पादन कर्ममा धेरै योगदान पुऱ्याउने महिलाले जबसम्म जमिन र घर जस्तो आधारभुत सम्पत्तिमा पहुँच र नियन्त्रणको अधिकार पाउँदैनन्, समाजबाट गरिबी, अन्याय हटाउने कुरा कोरा कल्पना मात्र हुन जान्छ । यस्तो अवस्थामा हामीले उठाउँदै आएको समानता,





विकास र शान्तिको नारालाई सार्थकरुपमा पूरा गर्न पनि जमिनमा महिलाको अधिकार स्थापित गर्ने कदम उठाउनै पर्छ ।

## कानुनी भेदभाव

पितृसत्तात्मक सोचले निर्देशित ऐन कानुनहरुको आधारमा सिर्जित सरकारी नीति तथा योजनाहरु यथावत् छन् । ती कानुनले महिला भएकै आधारमा भेदभावपूर्ण चलखेल जारी राखेका छन् । सम्पत्ति हस्तान्तरण गर्दा लोग्ने वा उमेर पुगेको छोराको स्वीकृति लिनुपर्ने मुलुकी ऐनको व्यवस्थाले विद्यमान कानुनले लिङ्गका आधारमा महिलामाथि कसरी विभेद गरिरहेको छ भन्ने प्रष्ट हुन्छ ।

महिलालाई राज्यस्तरबाटै हेपिने कार्य सनातनदेखि नै चलिआएको छ । १९१० मै बनेको मुलुकी ऐनले पनि महिलामाथि विभेद गरेको देखिन्छ । कुमारी अवस्थामा बाबुको, बिहापछि पतिको र विधवा भएपछि छोराको अधीनमा महिलालाई राख्नू भन्ने कानुनले नै किटान गरेबाट थाहा हुन्छ- राज्यले सङ्गठित र योजनागतरुपमै महिलालाई सधैंका लागि तल पारिराख्ने रणनीति अख्तियार गर्नुको परिणाम अहिले पनि नेपाली महिलाले भोगिरहेका छन् ।

लैङ्गिक भेदभावको अवस्था परिवर्तन गरेर महिला र पुरुष दुबैलाई बराबर सामाजिक मर्यादा र अवसर नदिएसम्म समाज विकास सम्भव छैन । छोरा र छोरीलाई उस्तै खानपान, उत्तिकै दाम पर्ने लुगाफाटो र उस्तै स्कुलमा पढाएरमात्र पुग्दैन । पैतृक सम्पत्तिमा पनि बराबर अधिकार हुनुपर्छ । राज्यको विभिन्न निकायमा आरक्षण दिएर भए पनि बराबर सहभागिता गराउनुपर्छ भन्ने आवाज चर्को रुपमा उठिरहेको छ । यसै सेरोफेरोमा अहिले सतहमा आइरहेको 'भूमिमा महिला अधिकार' को बहस सान्दर्भिक छ ।

बेइजिङ सम्मेलनले पनि यदि महिला आर्थिकरुपले सवल हुने हो भने उनी जमिनको मालिक हुनै पर्छ, परिवार, समाज र देशमा स्वाभिमानी देखिने अरु उपाय छैन भन्ने कुरा स्पष्ट गरेको छ । तर महिलाका पक्षमा यति राम्रा घोषणा, व्यवस्था, कानुन भए पनि ती लागू नहुँदा यी नभएसरह बनेका छन् । यस्तो अवस्थामा भइदिएका व्यवस्थामात्र लागू गराउन सक्ने हो भने पनि महिलाको अवस्थामा निकै सुधार आउने अपेक्षा गर्न सकिन्छ । तर व्यापक दबावका बाबजुद पनि यी नियम व्यावहारिक बन्न नसकिरहेका तीतो यथार्थ मुलुकसामु विद्यमान छ ।

कानुनसँगै धर्म पनि महिलालाई अधिकारबिहीन बनाउने कुरामा लागिपरेको कतिपय सन्दर्भमा देखिन्छ। धर्मले कसैलाई पीडा र मर्कामा नपार्ने विश्वास गरिन्छ। सबैको भलो नै धर्म हो भन्ने पण्डित सबै धर्ममा पाइन्छन् तर महिलाका सवालमा भने यही धर्मसँग जोडिएका शास्त्रहरुले अन्याय थोपर्दै आएका छन्। सनातन भएका नाममा र परम्पराका नाममा यिनै शास्त्रका आधारमा चल्ने वा विश्वास गर्नेहरुले महिलालाई विभेद गर्दै आएका छन्।

## भूमिमा महिलाको हक कसरी ?

सदियौदेखि रहिआएको समाजको शक्ति संरचनामा फेरबदल ल्याउन, महिला-पुरुषबीचको असमानता हटाउन पनि जमिनमा महिलाको स्वामित्व अनिवार्य छ। महिला पुरुष बराबर हुन् पनि भन्ने अनि उत्पादनका स्रोत र साधनमा समान अधिकार दिनलाई टार्न खोज्दा त्यही सामन्तवादी र यथास्थितिवादले बलियो जरो गाडिरहन्छ। केवल आदर्श र सिद्धान्तले मात्र महिलाको जीवनमा तात्विक भिन्नता ल्याउन सक्दैन। महिलाले सार्वजनिक क्षेत्रको पद र जिम्मेवारी लिन पनि श्रमको बाँडफाँट र उत्पादनका साधनमा बराबरी हक चाहिन्छ।

भूमिमा महिला किसानको स्वामित्व किटानीको लागि एक व्यक्ति वा परिवारका नाममा देशभरि एउटै धनीपूर्जा नम्बर कायम गर्नु पहिलो काम हुन सक्छ। त्यसपछि लैङ्गिक समानताको निश्चितताका लागि त्यस्तो धनीपूर्जा पति र पत्नी दुवैको नाममा जारी गर्नुपर्छ। साथै सबै किसिमका एकल महिलाको हकमा स्वतः एवम् स्वतन्त्र अधिकार कायम गरिनुपर्दछ।

भूमिमा स्वतन्त्र अधिकार लिन चाहनेलाई स्वतन्त्र अधिकार कायम हुने व्यवस्था गरिनुपर्दछ। त्यसैगरी सुकुम्बासी एवम् जोताहा किसानलगायत् भूमि अधिकारबाट वञ्चित सबैलाई नागरिकता तथा जग्गाको प्रमाणपत्र प्रदान गरिनु उत्तम हुन्छ। आमाको नामबाट नागरिकता पाउने व्यवस्था यो अधिकार प्राप्तिका लागि अर्को सहज वातावरण हो।

आदिवासी जनजातिले परम्परागतरुपमा उपयोग गर्दै आएका सामुदायिक भूक्षेत्र (चरन, खोरिया इत्यादि) माथि सम्बन्धित जनजातिको सामूहिक अधिकार स्थापित गर्न सकियो भने पछाडि पारिएका एउटा तप्कामाथि न्याय गरिएको ठहरिनेछ। त्यसैगरी त्यसको पहुँच र उपभोगमा महिलाको समान कानुनी अधिकार संरक्षण गरिनुपर्ने सवाल पनि बिर्सन मिल्दैन। यही कुरा कमलरी, बुक्रही, हलिया, हरुवाचरुवा परिवारका महिलामा पनि लागू





हुन सक्यो भने बल्ल भूमिमाथि महिलाले खोजेको स्वामित्व प्राप्तिका लागि सहज मार्ग बन्न सक्छ।

भूमिमा महिलाको अधिकार स्थापित गर्नु पक्कै पनि सहज विषय हैन। नेपाल जस्तो पितृसत्तात्मक ढाँचाले समाजको सम्पूर्ण तहमा जरा गाडेको देशमा यस्तो हुनु स्वभाविकै पनि हो। त्यसैले उनीहरुले भूमिसम्बन्धी सूचना पाउने व्यवस्था अर्को महत्वपूर्ण सवाल हुन आउँछ। यसका लागि राज्यले जिल्ला जिल्लामा भूमि अधिकार महिला सहजकर्ता परिचालित गर्न सके भूमिहीन महिलाको पहुँच भूसूचनासम्म पुग्न सक्छ। जसले उनीहरुलाई सशक्त तुल्याउन मद्दत गर्नेछ।

विद्यमान शोषण, अन्याय, उत्पीडन, भेदभाव र पछौटेपनको प्रमुख स्रोत सामन्ती उत्पादन सम्बन्ध र सामन्ती ढाँचामा आधारित संरचना हो। जहाँ सबैजसो श्रमजीवी महिला भूमिहीन छन्। यस्तो स्थिति समाप्त गर्न लोकतान्त्रिक आन्दोलनको विकल्प छैन। यस्तो स्थितिमा यो मुद्दालाई राजनीतिक पार्टीहरुले पार्टीभित्र र बाहिर व्यापकरुपमा छलफल गर्नु जरुरी छ। यसलाई आन्दोलनको विषय बनाउन पनि त्यत्तिकै आवश्यक छ। नेपालका किसान आन्दोलनको अगुवाई गर्ने राजनीतिक पार्टी एवम् यी सँग सम्बद्ध किसान सङ्घ, सङ्गठनहरुले सिचाई, मल, बीउ, बजार, पूर्वाधारको मात्रै कुरा गरेर पुग्दैन। भूमिमा रहेको असमान वितरणको अवस्था अन्त्य गर्ने आन्दोलन गर्नुपर्दछ।

यसका लागि भूमिमा रहेको सामन्त तथा नोकरशाही पुँजीपति वर्गको पकड समाप्त गर्नैपर्छ। सम्पत्तिमाथिको पहुँचको यो लडाई गरिबी, आर्थिक विपन्नता विभेद, असमानताविरुद्धको लडाईं त हुँदै हो, साथै यो लोकतन्त्रको लडाई पनि हो भन्ने बिर्सनु हुँदैन। दलहरुले पनि आफ्नो आन्दोलन सफल पार्ने हो भने भूमिसुधारको पक्षमा स्पष्टता जाहेर गर्नुको विकल्प छैन।

## विकास र महिला अधिकारको सम्बन्ध

एक दशकअघिसम्म विकास भन्नाले नयाँ बाटो खन्ने, उन्नत जातको बीउ लगाउने, विद्यालय खोल्ने वा स्वास्थ्य–केन्द्र बनाउनेमात्र बुझिन्थ्यो। संसारमा जस्तै हाम्रो देसमा पनि अहिले विकासलाई अधिकारमुखी दृष्टिले हेर्ने वा बुझ्ने प्रयास सुरु भएको छ। गरिब, दलित, महिला सबैको मौलिक वा आधारभूत मानव अधिकार संरक्षण हुनुपर्ने कुरा जोडले उठ्न थालेको छ।

प्रत्येक नागरिकको खाद्य–अधिकार, शिक्षा–अधिकार, भूमि–अधिकार, उचित ज्याला पाउने अधिकारलगायत् आश्रयको अधिकारसमेत सुनिश्चित गर्नु नै विकासको लक्ष्य हुनुपर्नेबारे अहिले आएर विकासकर्मी, राजनीतिकर्मी र प्रशासनयन्त्रमा रहेका नीति-निर्माता वर्ग पनि सहमत हुन थालेका छन् ।

कुनै पनि विषयबारे चर्चा गर्दा महिला सशक्तिकरण र महिला अधिकारको दृष्टिले हेर्नु जरुरी हुन्छ भन्ने मान्यता पनि पहिलेभन्दा व्यापक हुँदै गएको छ । वर्गीय र जातीय साथै लैङ्गिक भेदभाव पनि सामाजिक अन्यायको विषय हो । लैङ्गिक भेदभावको अवस्था परिवर्तन गरेर महिला र पुरुष दुवैलाई बराबर सामाजिक मर्यादा र अवसर नदिएसम्म समाजको विकास सम्भव छैन ।

### लैङ्गिक दृष्टिकोणबाट समस्या केलाउँदा

क्युबाका राष्ट्रपति फिडेल क्यास्ट्रोले घरको काममा पत्नीले जति समय दिन्छिन्, त्यत्तिकै समय पतिले पनि दिनुपर्ने नियम बसाले । र, यसलाई कडाइका साथ लागू गराए । यसबाट सिक्न सकिन्छ कि विकासको मूलधारमा महिलालाई ल्याउन उनलाई चुह्लो र मझेरीबाट बाहिर ल्याउनै पर्छ, जसका लागि पुरुषलाई पनि उनको काममा सघाउने अवस्था मिलाउनै पर्छ । अनिमात्र उत्पादन र पुनर्उत्पादन दुवै काममा महिला-पुरुष दुवैको समान सहभागिता हुन सक्छ ।

भूमि अधिकार अभियानकर्ताहरुले आफ्नो कार्यक्षेत्रको परिवेश विश्लेषण गर्दा लैङ्गिक समतामूलक दृष्टि अङ्गाल्नु आवश्यक छ । त्यसैले सरोकार समूह तथा जनसङ्गठनका प्रत्येक सदस्य वा कार्यकर्तालाई यस विषयमा अभिमुखीकरण गरिनु उपयुक्त हुन्छ । तर यो पाटोतर्फ खासै ध्यान पुगेको पाइन्न ।

त्यसैगरी जनसङ्गठन र सरोकार सञ्जाल निर्माण गर्दा स्थानीयदेखि राष्ट्रिय तहसम्मका प्रत्येक समिति वा इकाइमा सुरुदेखि नै महिला-पुरुषको सहभागिता बराबर पार्दै लैजानु आवश्यक हुन्छ । साथै, प्रत्येक तहमा महिला सहजकर्ता तथा महिला नेतृत्व विकासका लागि सचेत प्रयास हुनुपर्छ । महिलाका निम्ति शिक्षा अधिकार, रोजगारीको अधिकार, राजनीतिक तथा प्रशासनिक क्षेत्रमा आरक्षण जस्ता सवाल निकै महत्वका छन्, तर यी कुनै पनि भूमि अधिकारका विकल्प भने होइनन् भन्ने कुरा सबैले बुझ्नु जरुरी छ । र, अभियानहरुले यसलाई प्रष्ट पार्न सक्नुपर्छ ।





नेपाली समाजमा महिला र पुरुषबीच असमानता, अन्याय र भेदभावको खाडल निकै गहिरो छ । यसो हुनुको एउटा प्रमुख कारण जमिनलगायत् अधिकांश सम्पत्तिको मालिक पुरुषमात्र हुनु हो । यही कारण महिलाको सामाजिक हैसियत कमजोर बनेको छ । नेपालका बहुसङ्ख्यक समुदायको मानवीय मर्यादा, जीवन रक्षा र जीवन निर्वाहको मूल आधार जमिनमाथिको अधिकार हो । यो वास्तविकता लुकाएर समस्या समाधान गर्न सकिन्न ।

हुन त लैङ्गिक विभेद हटाउने काम सहज छैन । यौन स्वाधीनता र महिला सशक्तिकरणबारे आवाज बुलन्द पार्दै आएकी बङ्गादेशकी लेखिका तलसिमा नसरिनले मुलुक नै छाड्नुपरेको घटना ताजै छ । उनी अहिले यही कारण लुकीलुकी हिँड्न बाध्य छिन् । तर पनि काँडा देखेर डराउन थालियो भने सुन्दर गुलाफ हात पर्दैन भन्ने कुरा पनि उत्तिकै सत्य हो भन्ने बुझ्न जरुरी छ ।

### केही जल्दाबल्दा सवाल

- *एकल महिलाले भूमिमा अधिकार पाउन ज्यादा सङ्घर्ष गर्नुपर्ने*
- *झन्झटिलो भूमि कानुन, महिलालाई विभेदको आँखाले हेरिएको*
- *भूमिमा हक कायम नहोस् भनेर महिलाको विहे दर्ता नगरिदिने, नागरिकता नबनाइदिने*
- *उही र उस्तै काममा असमान ज्याला*
- *घरेलु हिंसा*
- *सरकारले सुकुम्वासीलाई वितरण गर्ने जग्गा पुरुषको नाममा मात्र दिने*
- *पैतृक सम्पत्तिको नियम कार्यान्वयन नहुँदा दाईजो जस्तो असामाजिक परम्परा टिकिरहेको*
- *मानव बेचबिखन*

जमिनको स्वामित्वबाट वञ्चित भएकै कारण महिलाले दोस्रो दर्जाको नागरिकका रुपमा जीवन व्यतीत गर्नुपरिरहेको छ । महिलामाथि हिंसा, बहुविवाह, बालविवाह, बेचविखन तथा यौन शोषण जस्ता कलङ्क वृद्धि हुनुमा यो प्रमुख कारण रहेको छ । अर्कोतर्फ यसले असमान आर्थिक तथा सामाजिक संरचना टिकाइराख्नुका साथै लैङ्गिक विभेदलाई मलजल गरिरहेको छ ।

आफ्नै नाममा जमिन हुने महिलाले पनि आवश्यकताका आधारमा जमिनको स्वतन्त्र किनबेच वा भोगचलन गर्न पाइरहेका छैनन् । यसो गर्न उनलाई समाज, परम्परा, कानुन र लिङ्गको हाउगुजीले रोक्ने गरेको छ । 'पोथी बासेपछि अलच्छिन

सुरु हुन्छ' भन्ने भनाइले महिलालाई अघि बढ्न अवरोध सिर्जना गरेको छ, जुन भूमिमा स्वामित्व भएका सीमित महिलाका सवालमा पनि लागू हुन्छ ।

भूमि अधिकारको विषय मानव अधिकारको विषय पनि हो । मानव अधिकार भनेपछि यो महिला र पुरुष दुवैको बराबरी अधिकारको विषय हुनुपर्छ । त्यसैले भूमिमा पुरुषको मात्र अधिकार कायम गराएर यो विषयलाई मानव अधिकारसँग जोड्न कदापि मिल्दैन ।

महिलाको भूमि अधिकार ग्रामीण तथा कृषिमा संलग्न महिलाको आर्थिक सशक्तिकरणका लागि जग नै हो । महिलाको व्यक्तिगत क्षमता बढाएर आत्मविश्वास जगाउन तथा सम्पूर्ण महिलाको सामूहिक हैसियत नै उकास्नका लागि पनि भूमिमाथि महिलाको अधिकार अत्यावश्यक हुन्छ ।

संसारभरका अनुभवले सिकाएको पाठ के छ भने 'जसको जोत उसको पोत' लागू हुँदा आर्थिक उत्पादकत्व पनि बढेको छ । त्यसैले जोताहा महिला र किसान दुवैलाई जमिनको मालिक बनाउने व्यवस्थाले आर्थिक उत्पादकत्व पनि बढ्नेछ ।

### महिला हिंसाका मुख्य रुप

| परिवारबाट हुने | समाजबाट हुने | राष्ट्रबाट हुने |
|---|---|---|
| हत्या, कुटपिट, झगडा, भ्रुण हत्या, खाना कम दिने, प्रजनन् नियन्त्रण, यौन दुर्व्यवहार, बलात्कार, जवर्जस्ती विवाह, धम्की, असमान व्यवहार, मानसिक अशान्ति, डर, त्रास, इच्छा विपरित गर्नुपर्ने काम, मान्नुपर्ने परम्परा आदि | शारीरिक यातना, प्रजनन् नियन्त्रण, छोराको चाहना, बेचबिखन, असमान ज्याला, व्यापारीकरण वेश्यावृति, साँस्कृतिक, परम्परागतरुपमा गरिने भेदभाव, धार्मिक असमानता आदि | कानुनी भेदभाव, राजनीतिक सहभागितामा कम मात्र सहभागी हुन पाउने, दोषयुक्त हुनुपर्ने (जस्तै : अनैतिक गर्भधारणमा महिलामात्र बढी दोषी देख्ने) आदि. |

नेपालमा 'जसको जोत उसको पोत' जस्तो लोकप्रिय नारा लाग्न थालेको आधा शताब्दी नाघिसक्यो । तर अझै पनि सबै किसान जमिनको मालिक





बन्ने अवस्था आएको छैन । त्यसैले भूमि सुधारका लागि राजनीतिक तथा सामाजिक आन्दोलन अझै जारी छ । यो आन्दोलनलाई पहिलेको भन्दा निकै प्रभावकारी बनाएर व्यवहारमा उतार्न नसकेसम्म नेपाल आर्थिक गरिबी, सामाजिक पछौटेपन, हिंसात्मक राजनीतिक द्वन्द्वलगायत्का सामाजिक समस्याबाट मुक्त हुन सक्दैन । तर विडम्वना नै भन्नुपर्छ, भूमिसुधारको पक्षमै वकालत गर्ने अधिकांश राजनीतिक नेता, कार्यकर्ता, प्राज्ञ, प्रशासकलगायत् गैससकर्मी पनि किसान भनेपछि पुरुष किसानलाई मात्र बुझ्ने र महिला किसानको अस्तित्व नै नदेख्ने एकाङ्गी दृष्टिका छन् । भूमिसुधार भन्नेबित्तिकै पुरुष किसानका लागि भन्ने मानसिकता चालू आन्दोलनमा पनि हावी छ । भूमि अधिकारको आन्दोलनभित्रै महिलाको भूमि अधिकारको विषयलाई प्रवेश गराउनु पनि अहिले महत्वपूर्ण काम भएको छ ।

जमिन आफ्नो नहुने तर कृषिकर्ममै निर्भर रहन बाध्य परिवारहरु नै आर्थिक हिसावले सबभन्दा गरीब र सामाजिक हिसावले पनि सबभन्दा हेलित वर्गमा पर्ने कुरा घामजस्तै छर्लङ्ग छ । जमिनको असमान वितरणका कारण यस्तो अवस्था सिर्जना भएको हो । त्यसैले यस्तो पीडाजनक स्थिति अन्त्यका लागि असमान वितरणलाई चिर्नुको विकल्प छैन ।

### समस्या किन उस्तै ?

नेपालको राष्ट्रिय योजना आयोगलगायत् विभिन्न उच्चसरकारी निकाय, राष्ट्रसङ्घीय संस्थाका साथै अन्य अन्तर्राष्ट्रिय दाता तथा विभिन्न गैरसरकारी विकासे संस्थाले यहाँको गरिबी र गरिबी निवारणको रणनीति तथा योजनाबारे हजारौं पानाका दस्तावेज तयार गरिसकेका छन् । गरिबी निवारणका नाममा पाँच दशकमा थुप्रै आयोजना र परियोजना पनि सम्पन्न भएका छन् । विद्यमान भूमि सम्बन्धका कारण गरिबी बढिरहेको सवाल थोरै अन्तर्राष्ट्रिय संस्था र दाताहरुको मात्र विषय बनेको छ ।

आफ्नो घर र एक टुक्रा जग्गा पनि नभएका गरिबलाई जम्मा गरेर करेसाबारीसम्बन्धी तालिम दिने, उन्नत जातका धानको महत्व बुझाउने गोष्ठीमा सहभागी गराउने र उनीहरुलाई उन्नत जातका सुन्तलाको बेर्ना बाँड्ने काम भने निकै भएको छ । अनि जमिन नै नभएकालाई सिमेन्टयुक्त आधुनिक चर्पी बनाइने संस्थाहरु पनि यहाँ प्रशस्त छन् । तर यी कार्यका लागि सबैभन्दा पहिले जमिन चाहिन्छ भन्ने कुरालाई भने उनीहरुले बुझ पचाउँदै आइरहेका देखिन्छ । यस्तो अवस्थामा गरिबी निवारणको उनीहरुको कार्यक्रम बुझ्न नसकिने भएको छ ।

आलोचनात्मक समीक्षा गरेर हेर्दा यस्तो विकासे कामलाई विकास र गरिबी निवारणको नाममा गरिब, दलित र महिलालाई योजनाबद्ध हिसावले गरिएको उपहासमात्र मान्न सकिन्छ । गरिबको वास्तविक अवस्था अध्ययन गर्ने धैर्य नै नराखी टापटिपे तरिकाले कार्यक्रम बनाएर तिनै गरिबमाथि थोपर्दा गरिबी निवारण, दलितको उत्थान वा महिला सशक्तिकरणका नाममा उल्टो उनीहरुलाई उत्पीडन थप्ने काम नै बढी भएको देखिन्छ ।

## किन चाहिन्छ महिलालाई भूमि ?

केही मानिस भन्ने गर्छन्- पतिको, छोराको वा नातिको नाममा हुनु भनेकै पत्नीको, बुहारीको वा नातिनी बुहारीको अधिनमा पनि हुनु हो । त्यसैले महिलाकै नाममा किन जमिन चाहिन्छ र ? यो त केही गैरसरकारी संस्थाले उठाएको विषयमात्र हो । तर नेपालको वर्तमान सन्दर्भमा भूमि अधिकारको विषयलाई आधारभूत मानव अधिकारको विषयका रुपमा बुझ्नु जरुरी हुन्छ । त्यसैले जन्मसिद्ध अधिकारका रुपमा परिभाषित मानव अधिकारबाट सुसज्जित हुनका लागि पनि उनीहरुले भूमिमाथि स्वामित्व पाउनु मनासिव ठहर्छ । जसलाई विभिन्न शिराबाट हेर्न सकिन्छ ।

सरकार, दलहरु, विकासे संस्थाहरु सबै नै महिला, दलित, गरिबको सशक्तिकरणको पक्षमा भएको दाबी गरिरहेछन् । महिलाको भूमि अधिकार ग्रामीण तथा कृषिमा संलग्न महिलाको आर्थिक सशक्तिकरणका लागि जग नै हो । महिलाको व्यक्तिगत क्षमता बढाएर आत्मविश्वास जगाउन तथा सम्पूर्ण महिलाको सामूहिक हैसियत नै उकास्नका लागि पनि महिलालाई भूमि अधिकार अत्यावश्यक हुन्छ ।

त्यसैगरी जनजीविकाको सुरक्षाको दृष्टिले पनि भूमि आवश्यक पर्ने कुरा हो । ग्रामीण जनजीवन हेर्दा भूमि नै दिगो जीविकाको महत्वपूर्ण स्रोत हो । त्यस्तै गरेर ग्रामीण महिला नै भूमिका वास्तविक व्यवस्थापक भएकाले यो अधिकारविना उनीहरुको जनजीविकाको सुरक्षा दरो हुन नसक्ने निर्विवाद छ ।

नेपाल र संसारभरकै अनुभव हो कि जमिनको व्यवस्थापनका साथै सम्पूर्ण वातावरणको संरक्षण गर्ने ज्ञान, सीप र जिम्मेवारी महिलामा बढी रहँदै आएको छ । महिलालाई भूमि अधिकारले सम्पन्न बनाउँदा वातावरणीय संरक्षण पनि अझै राम्रो हुन्छ भन्नेमा शङ्का छैन । त्यसैले वातावरणीय दृष्टिले हेर्दा पनि महिलालाई भूमिमाथि स्वामित्व दिलाउनैपर्ने देखिन्छ ।





अपवाद छोडेर महिला बेचविखनको प्रमुख कारण पनि भूमिलगायत्को सम्पत्तिमा महिलाको अधिनत्व नरहनु पाइन्छ । महिलालाई व्यापारको वस्तु बनाउने प्रयत्न भइरहेको छ । नेपाली महिला हरेक वर्ष भारतलगायत्का देशस्थित कोठीमा बेचिने गरेका तथ्याङ्क सार्वजनिक भइरहेका छन् । विपन्नताले रोजगारी खोज्दै खाडी मुलुकमा पुग्ने महिलाले कति ज्यादति खेपिरहनुपरेको छ भन्ने भनिसाध्य नै छैन । यही विवशताले एचआईभी सङ्क्रमणलाई गाउँ-गाउँसम्म भित्र्याएको छ । गाउँमै रोजगारी बढाउन, महिलालाई आत्मनिर्भर र सक्षम बनाउन पनि भूमि अधिकार आधारभूत सर्त बनेको छ ।

## तथ्याङ्क विभागका अनुसार महिला स्वामित्व

जहाँ शोषण, विभेद र असमानता हुन्छ त्यहाँ तनाव, कलह, लडाई र सङ्घर्ष जस्ता कुराले बास गरिरहन्छन् । माओवादी युद्ध पनि कुनै न कुनैरुपमा जमिनको असमान वितरण प्रणालीभित्रको शोषणको कारणसँग जोडिएको थियो । सामाजिकरुपमा दीगो शान्ति स्थापनाका लागि अब महिलाको भूमि अधिकार अनिवार्य र अपरिहार्य बनेको छ ।

चाहे नीति निर्माता हुन, सरकारी वा विकासे सङ्घ-संस्था नै किन नहुन, सबै आफू महिला, गरिब, दलितको सशक्तिकरणको पक्षमा रहेको दावा गर्छन् तर महिलाको भूमिमा अधिकार हुनुपर्ने कुराको सन्दर्भ कहिल्यै ल्याउँदैनन् । जबकि ग्रामीण महिलाको आर्थिक सशक्तिकरणको आधार नै भूमि हो । जमिन नै नभए आय आर्जनका नाममा दिइने बाखा, कुखुरा कहाँ पाल्ने, मल बीऊ कहाँ छर्ने ? महिलामा रहेको आत्मविश्वास वृद्धि गरी क्षमता बढाई समग्र महिला सशक्तिकरणका निम्तिसमेत भूमि अधिकार पहिलो सर्त बनेको छ र हुन पनि पर्छ ।

## अहिल्यै किन ?

यतिबेला जमिनमा महिला स्वामित्वको कुरा उठाउने ठीक समय भएको छ । नेपालको भाग्य र भविष्यको मार्ग निर्देशन गर्ने संविधान लेखनको कार्यमा मुलुक लागिरहेको छ । यो महान् कार्यमा जमिनलगायत् विभिन्न अधिकारबाट वञ्चित महिलाको ३३ प्रतिशत सहभागिता छ । त्यस्तै भूमि अधिकारबाट वञ्चितहरुले विभिन्न समयमा गरेको दबावमूलक कार्यक्रम धर्ना, र्‍यालीपछि एक उच्चस्तरीय भूमिसुधार आयोग गठन भई त्यसले उनीहरुका समस्या समाधान कसरी गर्न सकिन्छ भनेर सुझाव पनि पेश

गरिसकेको छ । जसमा भूमि अधिकारबाट वञ्चितहरुको समेत सहभागिता थियो ।

राजनीतिक फेरबदलमा यति ठूलो परिवर्तन आइसकेको छ भने देशको कृषि उत्पादनमा ६०.५ प्रतिशत योगदान पुऱ्याउने महिलालाई जमिनको मालिक बनाउने काममा अब ढिलाई गर्ने बेला छैन । यस कार्यमा महिला अधिकारका क्षेत्रमा कार्यरत् सङ्घ/संस्था, सङ्गठन, महिला अधिकार आयोग, मानव अधिकार आयोग, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, उच्चस्तरीय भूमिसुधार आयोग, कानुनविद् तथा न्यायाधीश सबैको उत्तिकै योगदान रहन्छ ।

नेपालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको हक हित संरक्षणका निमित्त स्थापना भएको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले पनि भूमिमा महिलाको स्वामित्वलाई प्रमुखतासाथ उठाउनुपर्छ । यस कार्यमा सबै क्षेत्रबाट साथ र सहयोग जरुरी हुन्छ । उच्चस्तरीय भूमिसुधार आयोगको कामको थालनीमा धेरै सवालमध्ये महिलाको भूमिमाथि पहुँच र नियन्त्रण कसरी गर्न सकिन्छ भन्ने विन्दुबाट काम सुरु गर्न सकियो भने समस्या समाधानको नजिक पुग्न समय लाग्दैन ।

**र, अन्त्यमा**

मानव विकास प्रतिवेदन २००४ भन्छ- आफैं खेती नगर्ने नेपालका ५ प्रतिशत मानिसले ३७ प्रतिशत जमिन ओगटेका छन् । जबकि ४७ प्रतिशत परिवारसँग १५ प्रतिशतमात्र जमिन छ । वर्तमानमा महिलामाथि भइरहेका शोषण, हिंसालगायत् तमाम विभेदको कारण जान्न यही एउटा तथ्याङ्क नै काफी छ । त्यसैले यस्तो अन्याय अन्त्य गरी महिलालाई त्यस अवस्थाबाट मुक्ति दिलाउनका लागि भूमि अधिकारको मुद्दा जसरी हिजो निर्विकल्प थियो, आज पनि त्यसमा फेरबदल आएको छैन ।

सम्पत्तिका विभिन्न रुपमध्ये भूमिलाई अन्य सम्पत्ति जस्तो न चाहेर यो घटाउन सकिन्छ, न बढाउन वा तन्काउन नै । नेपाल जस्तो कृषिमा आधारित देशमा यसको महत्व झन् बढी छ । सोझो अर्थमा भन्नुपर्दा नेपालको सन्दर्भमा भूमि महिलाको जीवन हो । त्यसैले भूमिले नै उनीहरुको जीवन बचाइको शैली निर्धारण गर्छ । अझ गहिरिएर हेर्दा भूमिमाथिको स्वामित्व भोको पेट भर्ने सवालमात्र पनि होइन । यो सामाजिक न्याय र समुन्नति, महिलाको सामाजिक सम्मान र प्रतिष्ठाको विषयसमेत हो । उनको पहिचान पनि हो ।





आज महिलालाई उनै आश्रित जमिनबाट विस्थापित गरिएको छ । जमिनमा काम नै नगर्ने, आफ्नो साँध सिमाना नै थाहा नभएका मानिसको हातमा जमिनको ठूलो हिस्सा छ । तर त्यही जमिनमा बाली हराभरा बनाउने महिला भने सोही जमिनको स्वामित्वबाट टाढै बस्न बाध्य पारिएका छन् ।

त्यसैले यस्तो अवस्थाबाट आधा आकाशको हिस्सा ओगट्ने महिलालाई मुक्ति दिलाउनु जरुरी छ । जसका लागि सबैभन्दा पहिले लिङ्गका आधारमा हुने भेदभाव र त्यसपछि क्रमशः अन्य भेदभाव छिमोल्दै जानु आवश्यक छ । तर यसका लागि आत्तिनु भने हुँदैन । निरन्तरता र धैर्य यसका लागि सबैभन्दा महत्वपूर्ण चिनविज हुन । किनकि अमेरिकी काली श्रमिक नेता रोजा पार्कले भनेकै छिन्- समानता प्राप्त गर्ने यात्रा कठोर र निकै लामो हुन सक्छ ।

## गाउँले महिलाका जल्दाबल्दा मुद्दा

- कल्पना कार्की

भूमि उत्पादनको प्रमुख साधन हो तर यसलाई खाद्यान्नसँग मात्र जोडेर हेर्नु हुन्न । भूमिले मान्छेलाई बसोबास दिन्छ, पहिचान दिन्छ र उसको सामाजिक हैसियत कायम गर्दछ । जोसँग भूमि छ, उसको समाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक पहिचान दिलाउँछ । जोसँग भूमि छैन, ऊसँग यी कुनै पनि कुरा हुन्न । त्यसैले भूमिमा महिला अधिकारको सवाललाई फराकिलो अर्थमा बुझ्न जरुरी छ ।

भूमिमा महिलाले अधिकार खोज्नु केवल महिलाका लागिमात्र हैन । यो अधिकारले परिवार, समाज र राष्ट्रको चौतर्फी विकासमा सघाउँछ । महिलाको आत्मविश्वास बढ्छ, उनको नेतृत्व क्षमता वृद्धि हुन्छ र, यो सबै भनेको समग्रमा महिलालाई सम्मान र पहिचानसहितको मानवमा रुपान्तरण गर्ने सवाल पनि हो ।

नेपालमा ९० प्रतिशत महिला खेतिपातीको काममा संलग्न छन् । कृषि उत्पादनमा उनीहरुको योगदान ६० प्रतिशत छ । तर पनि भूमिमा महिलाको स्वामित्व भने न्यून छ । त्यसैले उनीहरुलाई थप ऊर्जाशील बनाउनका लागि पनि भूमिमा महिलाको हक स्थापित गराउनु जरुरी छ । यसले मुलुकको समग्र आर्थिक स्थिति उकास्नमात्र मद्दत गर्दैन, महिलामाथि हुने विभेद, हिंसा, शोषण, अन्याय, उत्पीडन र भेदभाव अन्त्यमा पनि भूमिका निर्वाह गर्छ ।

भूमिमा महिला हकको कुरा गर्दा सतही कुरालाई बढी हेरिन्छ । जस्तो- महिलालाई जमिन दिएमा पोइल गइदिए भने परिवारको विचल्ली हुन्छ । परिवारको पालनपोषणका लागि दिनको करिब अठार घण्टा काममा खट्ने महिलामाथिको यो आरोप नेपाली समाजमा व्याप्त पितृसत्तात्मक सोच र चिन्तनले निम्त्याएको हो । जसमा कुनै तुक छैन ।

संसारमा महिला नहुने हो भने सबै भोकै बाँच्नुपर्ने अवस्था छ । प्राणीका लागि अत्यावश्यक चिज खाद्य पदार्थ उत्पादनको प्रमुख साधन भूमिलाई यही कारण मातासँग तुलना गरिएको पाइन्छ । बच्चा जन्माउने, श्रृष्टि चलाउने, परिवारको पालनपोषण गर्ने, बीउबीजन भण्डारण गर्ने कुशल सीपकी खानी भएकै कारण पनि महिला माता हुन र उनको तुलना भूमिसँग गरिन्छ । तर विडम्बना, यिनै महिलाको त्यही नजिकको साइनो





भएको भूमिमाथि स्वामित्व भने छैन । यस्तो अवस्था कुनै पनि हिसावले सह्य मान्न सकिन्न ।

परिवारमा महिला बिहान सबैभन्दा पहिले उठ्छन् र सबैभन्दा ढिलो सुत्छन् । बिहान उठेर कुचो लगाउने, घर पोत्ने, खाजा र खाना बनाउने, खुवाउने, जुठो भाँडा माझ्ने, वस्तुभाउ, बूढाबूढी र बच्चाको स्याहार गर्ने, मेलापात, पाहुना, सामल पीठोलगायत् घरको सम्पूर्ण कामको व्यवस्थापन गर्दैमा दिन बित्छ । तर उनको कामको कुनै लेखाजोखा नै छैन । जसले गर्दा महिला जति नै ब्यस्त भए पनि उनको ब्यस्तता उधारोमा गणना हुने गरेको छ ।

चाडबाड आउँदा पुरुष मनोरञ्जनमा रमाउँछन् तर महिलालाई यतिबेला झन् बढी सास्ती हुन्छ । कामको बोझ थपिन्छ । किनकि हाम्रो समाजमा घरभित्रको कामको ठेक्का महिलालाई मात्र छ । कथम्कदाचित पुरुषले घरभित्रको कुनै काम गर्‍यो भने त्यो महिलाका लागि सहयोग गरेको ठानिन्छ ।

यसरी महिलालाई घरभित्रको भूमिकामा सीमित गरिएकाले उनीहरु शिक्षा र रोजगारबाट पनि वञ्चित छन् । पुरुषले रोजगारी, व्यापार तथा व्यवसाय र अन्य क्षेत्रबाट कमाएर ल्याएको स्रोतको मात्र हिसाव हुन्छ तर महिलाले गरेको काम कतै गणना हुँदैन । हाम्रो तथ्याङ्कशास्त्रले पनि महिलाले गरेको कामको हिसाव निकाल्न जानेको छैन । यही कारण नीतिहरु पनि महिला किसानमैत्री छैनन् । यस्तो अवस्थामा महिला हरेक क्षेत्रमा पिछडिनुलाई अन्यथा ठानिरहनु पर्दैन । जबसम्म व्यावहारिकरुपमै घरभित्रको श्रम बाँडफाँट हुँदैन, तबसम्म महिला घरबाहिर निस्कन पाउँदैनन् । उनीहरु यसरी भित्रै कैद रहनु भनेको हरेक अवसरबाट वञ्चित हुनु हो भन्नेमा दुई मत हुन सक्दैन ।

हाम्रो सामाजमा छोरीले आमाको गर्भावस्थादेखि नै अपमान र अन्याय सहनुपर्दछ । गर्भमै छोरी भए तुहाउने र छोरा भए परिवारमा खुसी मान्ने प्रचलन छ । परिवारमा छोरो जन्मनासाथ अंशियार बन्छ । छोराहरु सानैदेखि घरायसी काम र समस्याबाट टाढा बस्दै आएका हुन्छन् । त्यही घरमा जन्मिएकी दिदी वा बहिनी घाँस र मेलापातमा रमाउनु बाध्यता हुन्छ । तर पनि तिनै छोरी भने अंशियार बन्न सक्दिनन् ।

छोरीलाई छोरासरह शिक्षा दिने कुरामा अझै कन्जुस्याईं बाँकी छ । जब उनी शारीरिक हिसावले केही गर्न सक्षम हुन्छिन्, तब पराई घर पठाइन्छ ।

अनि कठिन सङ्घर्ष त्यहीँबाट सुरु हुन्छ । नचिनेको ठाउँ, नचिनेका मान्छेलाई रित्तो हात गएर आफ्नो बनाएर खानु उसै पनि चुनौतीपूर्ण हुन्छ नै । त्यहीँमाथि आफ्नो भन्नु केही नलगी अरुको घरमा प्रवेश गर्दा उनीहरुले थोपरेका अनेकौं पीडा र हिंसा सहन बाध्य हुनुको विकल्प रहन्न ।

'तेरो बाउको के छ र ? पतिको घरमा प्रवेश गरेका धेरै महिलाले सुन्नुपर्ने साझा शब्द हो यो । कैयौं छोरी दाइजो नल्याएको निहुँमा जलाइन्छन् । पीडा र हिंसाको शिकार भएर बाँच्नुपरेको छ । जे/जस्तो भए पनि घर गरेर खानुपर्ने माइतीको अर्ति र उपदेश कैयौं महिलाका लागि आत्महत्या, हत्या र मृत्युका कारण बनिरहेका छन् । तर समाज यसको मूल कारणतिर जानै चाहँदैन । किनकि यसमा समाजमा सदियौंदेखि व्याप्त पितृसत्तात्मक सोचले घर गरेको छ । जुन सोचलाई धरासायी नबनाई विभेदको पर्खाल भत्काउन कठिन छ ।

सामान्य मानिसले पनि सहजै बुझ्ने कुरा के हो भने कोही पनि व्यक्तिको सम्पत्तिमा अधिकार नभई उसको आधारभूत अधिकार सुरक्षित रहनै सक्दैन । हुन त यही बुझेर होला, मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह पैत्रिक सम्पत्तिमा समान अधिकारको व्यवस्था गरेको छ । तर यो पूर्णतः लागू नभइसकेकाले समस्या अझै बाँकी छ ।

ज्यालामा विभेद महिलामाथिको अर्को जघन्य अपराध हो । एउटै खेतमा सँगै, उही काम, उत्तिकै समय गर्दा अझै पनि महिलाले पुरुषको भन्दा आधामात्र ज्याला पाउने चलन यद्यपि यो मुलुकमा छ । यसको असरले एकल महिलालाई बढी सताएको छ । बजारमा सामान किन्दा र अन्यत्र खर्च गर्दा एउटै भाउ, तर ज्याला भने महिलालाई आधा किन ? यसको उत्तर अझै नेपाली महिलाले पाउन सकेका छैनन् ।

ग्रामीण भेगका महिलाका लागि भूमि नै सम्पत्तिको प्रमुख स्रोत हो । त्यसैले बुढेसकालको सहारा पनि भूमि नै हो । भूमि छैन वा भूमिमाथि स्वामित्व छैन भने वृद्धावस्थामा आमाहरु हेलाँमा बाँच्न बाध्य हुन्छन् । आफूसँग केही नभएका कारण पनि परवारका सदस्यले समेत उनीहरुको लालनपालनलाई बोझका रुपमा लिन्छन् । सामाजिक सुरक्षा व्यवस्था कमजोर भएको हाम्रो जस्तो मुलुकमा वृद्धावस्थालाई ध्यानमा राखेर पनि महिलालाई भूमिमाथि अधिकार प्रदान गरिनु उपयुक्त हुने देखिन्छ ।

गरीब समुदायका प्रायः सबै पुरुष भारत, कुवेत, मलेसिया, अरबलगायत्का देशमा वैदेशिक रोजगारमा जाने क्रम बढ्दो छ । जसले





गर्दा महिलामा कामको बोझ दिन/प्रतिदिन बढ्दो छ । कृषिसम्बन्धी सम्पूर्ण कामको जिम्मेवारी महिलाले नै लिनुपर्ने बाध्यता छ । परिवारका बालबालिका र बूढाबूढीको स्याहार गर्ने जिम्मेवारी त छँदैछ । अर्कोतर्फ विदेश जाँदा साहूकोमा ऋण लिएर गएका कतिपय पुरुष फिर्ता भएका छैनन् । पैसा पनि पठाएका छैनन् । यता ऋण तिर्न नसकेर साहूले उठिबास लगाउन थालेका छन् । एकातिर महिला आफ्नो पतिको बेखबरबारे चिन्तित छन् भने अर्कोतिर साहूको ऋण तिर्न नसकेर मर्नु न बाँच्नु भएका छन् । यो दोहोरो मारको प्रमुख कारण पनि भूमि अभाव नै देखिन्छ ।

भूमिहीनताकै कारण ग्रामीण भेगका पुरुष बाहिर जाँदा कामको बोझबाहेक उनीहरुले बोकेर आएका एचआइभी/एड्सको शिकार आफूसमेत हुनुपर्ने अवस्थाबाट महिला गुज्रिरहेका छन् । बच्चामा समेत सरेका घटना पाइएका छन् । यसरी महिला भएकै कारण एकमाथि अर्को पीडा थपिने क्रम ग्रामीण महिलाले बेहोरिरहेका छन् । तर तिनको उपचार भने निकै टाढाको विषय बनेको छ ।

पुरुषले श्रीमती हुँदाहुँदै दोस्रो बिहे गरेका घटना प्रशस्तै भेटिन्छन् । यसरी विवाह गर्दा अधिकांश पुरुषले आफूसँग भएको घर जग्गा कान्छी श्रीमतीको नाममा गरिदिने गर्नाले जेठीको विचल्ली हुने गरेको छ । जेठीहरु जीवनभर अड्डा अदालत धाउँदै हैरान हुने स्थिति छ ।

एकल महिला पतिको मृत्युपछि पनि अंशका लागि अदालत धाउन बाध्य छन् । पतिसँग बस्न नसक्ने वा नचाहेमा आफ्नो हक लिन सक्ने कानूनी आधार एकदमै झन्झटिलो र खर्चिलो भएकाले महिलाले अधिकार प्राप्त गर्न कठिन छ । भएका कानूनहरु महिलामैत्री छैनन् । अझ एकल महिलाका सवालमा त यस्ता कानून असहयोगी नै सावित भएका छन् ।

भूमिमा महिला अधिकारसम्बन्धी यी जटिल मुद्दा हल गर्नका लागि राज्यले महिलाको नाममा जग्गा पास गर्दा लाग्ने शुल्कमा छुट दिँदैमा समस्या समाधान हुँदैन । यो राज्यको लाचारीपन हो । किनकि शुल्कमा छुट दिँदैमा समग्र खेतीमा काम गर्ने महिलाको नाममा जमिन आउन सम्भव छैन ।

संविधानमा नै भूमिमा महिला किसानको पूर्ण हक हुने व्यवस्था गरिनुपर्दछ । समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नहुने संवैधानिक व्यवस्था हुनुपर्दछ । पुर्ख्यौली सम्पत्तिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुने किटानी

हुनुपर्दछ । प्रत्येक महिलालाई लैङ्गिक विभेदविना समान वंशीय हक हुनुपर्दछ ।

जग्गामा स्वामित्व भएका परिवारको महिला र पुरुष दुवैको नाममा संयुक्त पूर्जा जारी गरिनुपर्दछ । यसअघि जारी गरिएका सम्पूर्ण जग्गाधनी पुर्जामा पतिको नाममा रहेको जग्गामा पत्नी र पत्नीको नाममा रहेको जग्गामा पतिको पनि स्वामित्व कायम गर्दा शुल्क नलाग्ने व्यवस्था हुन पर्दछ । यसका लागि सरकारले राष्ट्रिय अभियान नै सञ्चालन गर्नुपर्दछ ।

मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह जन्मैदेखि पैत्रिक सम्पत्तिमा समान अधिकार दिएको छ । यसलाई व्यवहारमा लागू गराउन विशेष राष्ट्रिय योजना लागू गर्नुपर्दछ ।

समान कामका लागि समान र उचित ज्याला पाउने व्यवस्था हुनुपर्दछ । कृषि मजदुरको ज्याला स्थानीय तहमा महिला सङ्गठनको सहभागितामा कायम गरी लागू गरिनुपर्दछ ।

यति व्यवस्था हुन सक्यो भने बल्ल भूमिमाथि महिलाको वास्तविक हक कायम हुन सक्छ । अनिमात्र खासगरी गाउँले महिलाको आर्थिक अवस्था, पहिचान, आत्मसम्मान र सामाजिक हैसियत निर्माण हुन सक्छ । उनीहरु दोस्रो दर्जाको नागरिकबाट पहिलो दर्जामा उक्लन सक्नेछन् । अनि बल्ल वर्षौंदेखि लादिएको अन्याय, अत्याचारबाट मुक्त हुनेछन् । भूमिमा महिला अधिकारको वकालत गर्दै गाउँ डुल्दा पाएको निष्कर्ष यिनै पेरिफेरिमा केन्द्रित छन् ।





## भूमिमा महिलाको अधिकार : केही व्यवस्था

भूमिको असमान वितरणका कारण भूमिमाथिको स्वामित्व विभेदपूर्ण छ । यस्तो विभेदलाई राज्यका विभिन्न संयन्त्रले संरक्षण गरिरहेका छन् । जसमध्ये विभेदको कानुनी संरक्षणचाहिँ विद्यमान भूमिसम्बन्धी कानुनहरुले गरिराखेका छन । भूमिसम्बन्धी नीति तथा कानुन वर्गीय हिसावले मात्र हैन कि जातीय र लैङ्गिक हिसावले पनि विभेदपूर्ण छन् ।

जबकि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, सन्धि, महासन्धि, सम्मिलिन आदिले यस्तो विभेदलाई निषेध गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६ ले जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति जन्म वा अन्य हैसियतका आधारमा कुनै भेदभाव गरिनु हुँदैन भनेर धारा- १० (२) मा उल्लेख गरेको छ ।

त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ ले पनि असमान भूमि व्यवस्थाका कारण सिर्जित समस्या कम गर्नका लागि विभिन्न व्यवस्था गरेको छ ।

*जसअन्तर्गत देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय एवम् लैङ्गिक समस्याहरु समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने प्रस्तावनामै उल्लेख छ । त्यसैगरी सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने धारा १३ (१) ले जनाएको छ भने सामान्य कानुनको प्रयोगमा कुनै नागरिकमाथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने यसैको पछिल्लो बुँदाले प्रतिबद्धता व्यक्त गरेको छ ।*

*यसरी नै राज्यले नागरिकबीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा कुनै भेदभाव नगर्ने धारा १३ (३) मा उल्लेख छ भने धारा २० (१) मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने स्पष्ट उल्लेख छ । यसैको धारा २० (४) ले पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने पनि उल्लेख गरेको छ ।*

*आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने व्यवस्था धारा २१ ले गरेको छ भने एकल तथा गरिबीको*

*मारमा परेका महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गरी सबै क्षेत्रमा उनीहरुको क्रियाशीलता सुनिश्चित गरिने पनि जनाइएको छ ।*

सम्पत्ति, जमिनलगायत् अन्य कुनै पनि कुरामा भेदभाव नगरिने व्यवस्था अन्य ऐन नियमले पनि गरेका छन् । मुलुकी ऐन, २०२० (एघारौं र बाह्रौं संशोधन) ले पनि महिलाको सम्पत्तिसम्बन्धी अधिकारको बारेमा प्रगतिशील व्यवस्था गरेको पाइन्छ । केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले लैङ्गिक समानताका बारेमा गरेको व्यवस्था पनि महत्वपूर्ण मान्न सकिन्छ ।

त्यसैगरी परिवारको कुनै पनि व्यक्तिका नाउँमा रहेको पैतृक सम्पत्ति र सोबाट बढे/बढाएको सम्पत्ति अंश लाग्ने सम्पत्ति हो । यस्तो सम्पत्ति र ऋण अंशियारबीच असल कमसल मिलाइ बण्डा गर्नुलाई अंशवण्डा भनिन्छ । अंशबण्डाको महलको १ नं. अनुसार बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा र छोरीको बीचमा अंशबण्डा गर्नुपर्ने व्यवस्था छ । जसका कारण छोरीले पनि अन्य अंशियारसरह अंश पाउने व्यवस्था छ ।

मुलुकी ऐन, (बाह्रौं संशोधन) ले अंशबण्डाको महलको १६ नं. खारेज गरेकाले महिलाको पैतृक सम्पत्तिमा निरपेक्ष अधिकार सिर्जना भएको छ । मुलुकी ऐन लोग्नेस्वास्नीको महलको ४ नं. बमोजिम स्वास्नी मानिसले अंश लिएर भिन्न बस्न पाउने व्यवस्था छ । सम्बन्ध विच्छेद हुने भएमा अदालतले लोग्नेबाट स्वास्नीलाई अंश दिलाएर मात्र सम्बन्ध विच्छेद गरिदिनु पर्ने नियम पनि छ । अविवाहित छोरीले पनि छोरासरह सम्पत्तिमा अंश भाग पाउँछन् । विधवाले अर्को विवाह गरे पनि निजले आफ्नो अंश आफूखुशी गर्न पाउँछन् ।

*इज्जत-आमदअनुसार खान लाउन नदिएमा, उचित शिक्षा-दीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरेमा, कुटपिटसमेतका घरेलु हिंसाबाट पीडित भएमा, सासू-ससुरा वा लोग्नेले कुटपिट गरी घरबाट निकाला गरेमा, लोग्नेले अर्की स्वास्नी ल्याएमा वा राखेमा र लोग्ने-स्वास्नीको सम्बन्ध-विच्छेद हुने भएमा महिलाले अंश दाबी गर्न सक्ने कानुनी व्यवस्था छ । यसका लागि जिल्ला अदालतमा मुद्दा दर्ता गर्नुपर्दछ,*

*जसमा हदम्याद लाग्दैन । जहिलेसुकै पनि मुद्दा हाल्न सकिन्छ ।*

यसैगरी कुनै पनि व्यक्तिको मृत्युपछि उसको नाममा रहेको उसको हकको सम्पत्ति नजिकको हकवालाको नाताले उसको सन्तानले प्राप्त गर्दछन् ।





यसरी कुनै पनि व्यक्तिको मृत्युपछि उसको नजिकको नातामा सर्ने सम्पत्तिलाई अपुताली भनिन्छ ।

*अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरुले अपुताली पाउँदैन । मर्ने व्यक्तिको छोरा नभई विधवा बुहारी भएमा निजले छोरासरह अपुताली पाउँछिन् । मर्ने व्यक्तिको छोरा वा विधवा बुहारीसमेत नभएमा विवाहिता छोरी, विवाहिता छोरी नभए निजको छोरा वा निजको छोरा पनि नभए अविवाहिता छोरीहरुले अपुताली पाउँछन् ।*

*यसैगरी भिन्न भई बसेका लोग्ने, छोरा, अविवाहिता छोरी, छोराका छोरा वा निजको अविवाहिता छोरीले हेरचाह नगरी विवाहिता छोरी ज्वाइँ वा त्यस्ता छोरी ज्वाइँका छोरा वा अविवाहिता छोरीले स्याहार-सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासू, ससुरा वा बाजे, बज्यैको अपुताली पाल्ने विवाहिता छोरी, छोरी ज्वाइँ वा नाति, नातिनाले पाउँछन् ।*

महिलाको स्वामित्वमा रहेको र तिनले चाहेको बखत आफूखुशी गर्न पाउने सम्पत्तिलाई स्त्री-धन भनिन्छ । महिलाको स्वामित्वमाथिको अधिकारमा भएको पहुँचका आधारमा हेर्दा महिलाले दुई प्रकारका सम्पत्ति प्राप्त गर्ने गर्दछन् । जुन निम्न छन् :

स्त्री-धन : *स्त्री-धनअन्तर्गत महिलाको निजी आर्जनको सम्पत्ति, दाइजो, पेवा वा अन्य माध्यमबाट प्राप्त सम्पत्ति, दान, बकस, उपहार आदिबाट प्राप्त सम्पत्ति तथा अपुतालीबाट प्राप्त सम्पत्ति पर्दछन् ।*

स्त्री-अंशधन : *अविवाहिता छोरीको रुपमा आफ्नै पैतृक सम्पत्तिबाट प्राप्त अंश वा विवाहिता महिलाका रुपमा आफ्नै लोग्नेबाट प्राप्त अंश र सम्बन्ध-विच्छेद गर्दा प्राप्त हुने अंशसमेतलाई स्त्री-अंशधन भनिन्छ ।*

बाबु वा पति मोही रहेको जग्गामा छोरी वा स्वास्नीको हैसियतले मोहियानी हकवापत सम्पत्ति प्राप्त गर्न सक्छन् । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ मा मोही लागेको जग्गामा मोहीको हक मोहीपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने व्यवस्था छ ।

जग्गाको मूल मालिक पुरुषलाई मानिएको छ । आज पनि सरकारले सुकुम्बासीलाई जग्गा वितरण गर्दा पुरुषकै नाममा मात्र वितरण गरिरहेको

छ । जग्गा रजिष्ट्रेसन शुल्कमा भने महिलालाई ३० प्रतिशत छुट दिने व्यवस्था छ । यसले भूमिमा महिलाको अधिकारको विषयलाई सरकारले थोरै भएपनि महशुस गरेको मान्न सकिन्छ ।

**महिला अधिकारसम्बन्धी सर्वोच्च अदालतका केही फैसला**

अंश सम्पत्तिमाथिको पूर्ण अधिकार : *अंश लिइसकेकी छोरीको विवाह भएमा निजले खाइलाई बाँकी रहेको सम्पत्ति निजका माइतीपट्टिका हकवालाको हुन्छ भन्ने व्यवस्था खारेज गरिएको छ । (मुलुकी ऐन, अंश-बन्डाको १६ नं.) जसबाट पैतृक सम्पत्तिमा विवाहपछि पनि छोरीको अधिकार स्थापित भएको छ ।*

लिली थामीविरुद्ध नेपाल सरकारसमेत भएको मुद्दामा भिन्न भएकी कन्या, सधवा, विधवा स्वास्नी मानिसले आफ्नो अंश-हकको अचलमा आधाभन्दा बढी आफूखुशी गर्न नपाउने र अन्य हकवालाको स्वीकृति लिनुपर्ने भन्ने मुलुकी ऐन स्त्री-अंशधनको २ नं. को व्यवस्थालाई असमान ठहऱ्याई खारेज गरिएको छ ।

स्वास्नी मानिसले दाइजो-पेवाबाहेक आफ्नो हक पुग्ने सम्पत्ति कसैलाई अघिबाट दान, बकस वा बिक्री गरिदिएको रहेछ र जसलाई दान, बकस वा बिक्री गरिदिएको हो, उसैसित विवाह गरिन्छ भने सो दिए-लिएको सदर हुँदैन, हक पुग्नेले फिर्ता गरिदिन पाउँछ भन्ने व्यवस्थालाई महिला, कानुन र विकास मञ्चको तर्फबाट सर्वोच्च अदालतमा चुनौती दिइएको थियो । उक्त मुद्दामा सर्वोच्च अदालतले उक्त भेदभावपूर्ण व्यवस्था खारेज गर्ने फैसला गरेको छ ।



खण्ड ३

# यात्रा अनुभूति

## विधायकहरुसँग पदयात्री

पदयात्रा कार्यक्रम सकिएपछि संविधानसभामा प्रतिनिधित्व गर्ने विभिन्न पार्टीका महिला सभासद्सँग पदयात्रीले छलफल गरेका थिए । त्यस क्रममा पदयात्रीले यात्रा अवधिमा देखे/भोगेका र आफूलाई लागेका सुझाव सांसदहरुलाई सुनाएका थिए । उनीहरुको कुरा सुनिसकेपछि सांसदहरुले पनि भूमिमा महिलाअधिकार दिलाउनका लागि भएका प्रयास, संसदले चाल्न सक्ने कदम, आफ्नो पार्टीले यस विषयमा लिएको धारणा र आगामी दिनमा खेल्न सक्ने भूमिका जस्ता विषयमा कुरा राखेका थिए । त्यसपछि भएको संयुक्त छलफलले पदयात्राले पहिल्याएको विषयलाई निरन्तरता दिने विषयमा ऐक्यबद्धता जनाएको थियो ।

**सुरुमा पदयात्राका सहभागीले अनुभव सुनाएका थिए–**

**इन्दिरा केसी, सदस्य, राष्ट्रिय भूमि अधिकार मञ्च**

कुखुरा, बाख्रा, भैंसी पाल्छौं । अन्न उब्जाउँछौं तर हामीलाई नै कुखुराको अण्डा बेच्नसमेत दिइँदैन । भूमिहीन भएका कारण भारतमा काम गर्न जाने पतिले एचआइभी लिएर आउँछन् र श्रीमतीलाई सार्छन् ।

**सोमप्रसाद भण्डारी, महासचिव, राष्ट्रिय भूमिअधिकार मञ्च**

राजनीतिक परिवर्तनसँगै भूमिअधिकारबाट वञ्चितले ठूलो आशा बोकेका छौं । महिलाको भूमिमाथिको अधिकारलाई राष्ट्रिय भूमिअधिकार मञ्चले महत्वपूर्ण मुद्दाको रुपमा लिएको छ । अधिकांश महिला खेतिपातीमा काम

गर्नुहुन्छ तर उहाँहरु नै भोका र खुला आकासमुनि सुत्नुपर्ने बाध्यतामा हुनुहुन्छ ।

**पार्वती राजी, सदस्य, जिल्ला भूमि अधिकार मञ्च, बर्दिया**

सुरुमा मलाई हामीमात्र दुःखी हौं कि भन्ने लागेको थियो तर पदयात्राका क्रममा त्यो भ्रम हट्यो । कोहलपुरको चिसापानीमा हामी जस्तै दिदी बहिनीसँग भेट भयो । अन्यत्र पनि हामीजस्तै भूमिहीनको पीडा थाहा पाइयो । त्यसैले यहाँ दुःखीहरुको पनि ठूलो संसार रहेछ भन्ने लागेको छ ।

यात्राको क्रममा जब झप्की फाँट भन्ने ठाउँमा पुगियो, तब मलाई आफ्नो टहराको याद आयो । वरिपरि हेर्दा कुनै खेती नहुने जमिन रहेछ । सबै बाँसले बारेका झुप्रा, वरिपरि बालुवा मात्रै । त्यो बस्ती कमैयाको रहेछ । बाढी आएको बेला र हात्तीले खेदेका बेला नजिकैको स्कुलमा बास बस्न जानुपर्ने रहेछ । त्यसैले त्यस दिन त्यहाँको यादले मलाई घर पुऱ्यायो ।

११ दिनको यात्रामा मेरो खुट्टामा काँटी बिझ्यो तर रगत बगाएर भए पनि म हिँडिरहे । म आफ्नो झुपडीबाट बर्दिया र अझ काठमाडौंसम्म पैदलयात्रा गर्न तयार छु । म र म जस्ता पीडितले गरिखाने जमिन नपाउँदासम्म आन्दोलनबाट पछि हट्ने छैन । अहिले पनि म बिरामी छु । उस्तैलाई भए अस्पतालमा भर्ना गरेर राख्थे होला तर म भने यहाँ आएकी छु किनकि अहिले बन्ने संविधानमा दुःखी गरीब महिलाका कुरा जसरी पनि समेट्न लगाउनु छ ।

**नन्दा जोशी, सदस्य, राष्ट्रिय भूमि अधिकार मञ्च**

जमिनमा १८ घण्टा काम गर्नेहरु भोकभोकै मर्नुपर्ने अवस्था छ । न जमिनमा अधिकार छ, न शिक्षा र स्वास्थ्यमा नै पहुँच छ । यो सबै भूमि नहुँदाको परिणाम हो । त्यसैले बालबच्चा बिरामी हुँदासमेत महिलालाई कसैले ऋण पत्याउँदैनन् । कुन आधारले दिने भन्छन् ।

यात्राको क्रममा पति कमाउनका लागि विदेश गएको र घरमा श्रीमती एक्लैले हरेक दुःखले काम गरेको पाइयो । तर पति आउँदा अर्की श्रीमती साथमा लिएर आउने र घरकी श्रीमतीलाई पीडा दिने गरेको पनि देखियो । यदि महिलासँग सम्पत्ति थियो भने यो अवस्था कदापि आउने थिएन ।





**सुमित्रा थापा, विजयनगर भूमि अधिकार मञ्च, बाँके**

म आफूमात्र पीडित हुँ जस्तो लागेको थियो तर यात्राको क्रममा मभन्दा पनि बढी पीडित हजारौं दिदी बहिनीसँग भेट गरियो । यात्रामा हिँड्दा धेरैजसो महिलाले खेतबारीमा काम गरिरहेका पायौं । अनि दाजुभाइ भने त्यत्तिकै चौतारो कुरेको देखेर झन् दुःख लाग्यो ।

महिलाका अधिकांश घटना नियाल्दा उनीहरु बच्चा जन्माउने साधन जस्तामात्र देखिए । उनीहरुको कुनै अस्तित्व देखिएन । कुनै स्रोतमा पहुँच पाइएन । जतिखेर आन्दोलनको जरुरत् पर्छ, त्यतिखेर मात्र हामीलाई सम्झने नगरौं ।

**रामकुमारी थारु, सिधनवा भूमि अधिकार मञ्च, बाँके**

११ दिनसम्म यात्रामा सँगै हिँड्दा, बस्दा, कुरा गर्दा एउटै परिवार जस्तै भयौं । दुःख र पीडाले मानिसलाई नजिक्याउँदो रहेछ । त्यसैले हाम्रो यो यात्रा अन्त्यभन्दा पनि बल्ल सुरु भएजस्तो लागेको छ मलाई ।

**बिस्ना लुहार, दिपनगर भूमि अधिकार मञ्च, कञ्चनपुर**

पैदलयात्रा समाप्तिपछि पीडा भोगेका दिदीबहिनीहरु हामीलाई केही गरिदिनुपऱ्यो भनेर एक दिनमै ४ जना जति आउँछन् मकहाँ । तर मैले त्यस्तो के नै गर्न सक्छु र ? ससुराले बुहारीलाई निलडाम हुनेगरी कुटेपछि मकहाँ आउँछन् । पतिले कान्छी ल्याएपछि दुःख बिसाउन आउने पनि छन् । यस्ता महिलालाई माइती नेपाल जस्ता संस्थासँग सम्पर्क गराइदिनेबाहेक के नै गर्न सकिन्छ र ? फेरि तिनै महिलासँग माइती नेपालको कार्यालयसम्म पुग्ने भाडासमेत हुँदैन । यसैले समस्याको समाधान टालटुले नीतिले हुँदैन । गम्भीर भएर सोच्नैपर्ने अवस्था छ ।

**कोकिला सार्की, एकतानगर भूमि अधिकार मञ्च, कैलाली**

भर्खरको घटना हो, कैलालीमा हावाहुरीले गर्दा धेरै नै क्षति पुग्यो । रुख ढल्यो कि भनेर नेताहरु हेर्न पुगे तर त्यही रुखको मुनि आश्रय लिएर बसेका हामी जस्ता दुःखीलाई कतै चोटपटक लाग्यो कि भनेर सोध्नसमेत सोधेनन् । जबकि उक्त दिन वनछेउमा बसेको धेरै सुकुम्बासीको बिजोग भयो ।

जङ्गल सबैलाई चाहिन्छ भन्नेमा विवादै छैन तर जुन ठाउँ बाँझो छ, त्यहाँ बसेका भूमिहीनलाई पनि धम्क्याउने गरिएको छ । टहरामा आगो

लगाइने गरिएको छ । भूमिहीनले सरकारले दिएको ठाउँमा बस्छौं भनेका छन्, के यसो भन्नु उनीहरुको गल्ती हो ?

**रासोदेवी महरा, सदस्य, राष्ट्रिय भूमि अधिकार मञ्च**

हामी अर्काको खेतमा काम गर्न जान्छौं । नगए त्यस दिन पेट भोकै हुन्छ । महिलाको मुद्दा लिएर प्रहरी प्रशासनमा गयो भने पहिला घुस नलिई निवेदनसमेत लिँदैन । हाम्रो पहिलो मुद्दा भनेको भूमि हो । भूमिसँग सबै चिज गाँसिएको छ । जसको जमिन छ, उसले आफ्नैतवरले जग्गामा काम गर्छ । छोराछोरीलाई राम्रोसँग पढाउँछ । अनि उसको उन्नति हुन्छ । भूमिको समस्या समाधान नगरी नेपालमा गरिबी तथा महिला हिंसा अन्त्य हुँदैन ।

**ल्यामबहादुर दर्जी, सचिव, राष्ट्रिय भूमिअधिकार मञ्च**

महिला भान्साको काममा लागेका र पुरुषहरु रुखको छहारीमा मस्त सुतेको भेटियो । प्रायःजसो पुरुष गाडी वा साइकलमा राखी बालबच्चालाई स्कुल पुऱ्याउन गएको देखियो तर महिलाले भने हात समातेर, पिठ्युमा बोकेर स्कुल लगेको देखियो । पुरुषहरु प्रतीक्षालय, चौतारी र बगैंचाको शीतल छायाँमा मस्त गफिइरहेको देखियो तर महिला भने बिस्कुन सुकाएर, चामल केलाएर, जाँतो पिसेर बसेको देखियो ।

**यात्राका सहभागीले अनुभव सुनाइसकेपछि छलफलमा उपस्थित सभासद्हरुले भनाइ राखेका थिए–**

**सत्य पहाडी, सभासद्, एकीकृत नेकपा माओवादी**

कानुनमा मात्र सीमित भएर के गर्ने ? कानुन कागजमा मात्र सीमित भएको बेला हामी आफैंले साहसिक ढङ्गले कार्यान्वयन गराउनका लागि आफूबाटै सुरुवात् गर्नुपर्छ । महिलाले २४ घण्टा काम गरेको श्रमको मूल्याङ्कन र त्यसको अधिकार तथा उनीहरुले गरेको श्रमको ज्याला दिने हो भने पुरुषले गरेको कामभन्दा धेरै गुना बढी हुन्छ तर त्यसलाई गणना गरिँदैन ।

हामीले युद्धकालीन बेलामा महिलालाई बाबुआमा वा सासू ससुरा तथा पतिले जमिन दिने, नभए त्यो बराबरको पैसा दिने र त्यसबाट किन्ने जस्ता नीति बनाएका थियौं । अनि यति जमिन वा जमिन बराबरको पैसा घर र





माइतीबाट प्राप्त भयो भनेर सार्वजनिक गर्ने र यसरी दिनेलाई सार्वजनिकरुपमा अभिनन्दन गर्नेखालका कार्यक्रम पनि बनाएका थियौं ।

अहिले जुन विषय उठाइएको छ, यो हामी सबैको साझा विषय हो । यसमा हामी सबै लाग्नै पर्छ । हामीले जतिसुकै राजनीति मान्दैनौं भने पनि संसारलाई राजनीतिको मियोले घुमाइरहेको छ । यसमा हामी पनि घुम्न बाध्य छौं । त्यसैले यो अधिकारका लागि पनि दलहरु नै अग्रसर हुनुपर्छ । यसका निम्ति हामी पनि तपाईंहरुको साथमा छौं । महिलाको जमिनमाथि अधिकार हुनैपर्छ । नदिएमा कानुनी कारबाही गर्नुपर्छ । यसका लागि म सधैं तपाईंहरुसँगै लागेर जे गर्न पनि तयार छु ।

**जयपुरी घर्ती, सभासद्, एकीकृत नेकपा माओवादी**

महिलालाई पुरुषसरह समान अधिकार प्राप्त हुनका लागि महिलाको नाममा पनि जमिन चाहिन्छ । अहिले पुरुषको नाममा मात्र जमिन भएकाले उनीहरु मात्र सबै क्षेत्रमा अधिकार जमाएर बसेका छन् । अब महिलालाई पनि पैत्रिक सम्पत्तिदेखि हरेक क्षेत्रमा समान अधिकार चाहिन्छ भन्नेमा हामी अडिग छौं । वर्गीय हिसावले कुरा गर्ने हो भने गरीबहरुले गरिखाने ठाउँ पाउनुपर्छ भन्ने कुरा पनि हामीले राख्दै आएका छौं ।

गरीब किसान र मजदुरको पनि समान अधिकार हुनुपर्छ भनेर हामी लागिरहेका छौं । सबै राजनीतिक पार्टीले बुझे भनेमात्र सुकुम्बासी, भूमिहीन र कृषिमा काम गर्ने महिलालाई जमिनको मालिक बनाउन सकिन्छ । जो २४ घण्टा श्रम गरेर पसिना बगाउँछन्, अन्न उब्जाउँछन्, उसैका छोराछोरी कुपोषणले सुकेका छन् । उनीहरु नै शिक्षा, स्वास्थ्यबाट वञ्चित छन् । यस्ता असमानता र अन्यायले गर्दा नै द्वन्द्व उत्पन्न भएको हो । त्यसैले अब यी समस्या समाधान हुनुपर्छ । म व्यक्तिगततर्फबाट, आफ्नो पार्टी र सदनभित्र छलफल गर्ने र आफ्नो ठाउँमा तपाईंहरुले दिएको जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्छु ।

**जनककुमारी चालिसे, सभासद्, नेकपा माले**

समग्रमा नेपाली महिलाहरुको सवालमा भूमिहीनदेखि हुनेखाने महिलाहरुको पनि त्यस्तै तर फरक समस्या छ । पैत्रिक सम्पत्तिको अधिकारको कुरा गर्दा हुनेले गर्न सक्ने भयो तर हामी यहाँ जम्मा भएका भूमिमा श्रम गर्ने तर भूमिहीन महिला छौं । हामीले राज्यसँग नागरिकको हैसियतले पाउनुपर्ने न्युनतम घरबास र खेती गरेर खानका लागि जमिन पाउनुपऱ्यो । अहिले

प्राथमिक तहको आवश्यकता पूरा गर्नका लागि आवाज उठाएको देखिन्छ । अहिलेको लोकतान्त्रिक राज्यले यी समस्या समाधान गर्न नसक्नु लाजमर्दो कुरा पनि हो ।

जङ्गल चाहिन्छ तर नागरिकलाई कता बसोबासको व्यवस्था गर्ने भन्नेतर्फ पनि राज्यको ध्यान जानुपर्छ । त्यहाँबाट हटाउँदैमा समस्या समाधान हुन्न । पैत्रिक सम्पत्तिमा छोरासरह छोरीले पनि समान हक पाउने कुरा कानुनमा छ । आमाको नामबाट नागरिकता प्राप्त गर्ने कुरा पनि लेखिएको छ तर त्यो व्यवहारमा लागू छैन । कार्यान्वयनको पाटो फेरि त्यत्तिकै जटिल छ । त्यसैले व्यवहार सबैभन्दा ठूलो कुरा हो ।

**मीना पाण्डे, सभासद्, नेपाली कङ्ग्रेस**

हामी बहुमतको सङ्ख्यामा रहेका महिलाको सामूहिक पीडाकै रुपमा यसलाई लिनुपर्छ । धनी परिवारका महिलाको पनि घरेलु हिंसा र पैत्रिक सम्पत्तिलगायत् जमिनमाथिको अधिकारको समस्या छ तर ग्रामीण क्षेत्रमा रहेका भूमिहीन परिवार दिदीबहिनीको पीडा फरक छ । यी कुरा धेरै पहिलेदेखि उठे पनि कानुनमा लेखिएको अवस्था छैन । केही लेखिए पनि लागू भएको छैन । भूमिमा महिला अधिकारको विषयमा म साथ दिन तयार छु र पार्टीमा पनि यो कुरालाई पैरवी गर्नेछु । तर यस विषयमा हामीलाई भूमिअधिकार मञ्चले घच्घच्याइरहन आवश्यक छ ।

**दामा शर्मा, सभासद्, एकीकृत नेकपा माओवादी**

अहिले संविधान लेखनको ८० प्रतिशत काम सम्पन्न भएको छ । तर पनि वास्तविक मुद्दा भने जस्ताको तस्तै छन् । त्यसमध्ये जमिनको समस्या पनि एउटा मुख्य मुद्दा हो । मानिसको बास बस्ने छाप्रो छैन, सलाईका बट्टा जस्ता छाप्रो हालेर बसेका छन् । त्यही घर पनि पूर्ण स्वामित्वमा छैन । उठ् भनेको दिनमा उठेर हिँड्नुपर्ने हुन्छ । दुई चार महिना झडप गरेर बस्यो, फेरि हात्ती लगाएर लखेटिन्छ । डोजर लगाएर उखेलिन्छ । आफन्तकोमा दुई चार महिना शरण लिन्छौं, फेरि आएर बस्छौं, यही त हो भूमिहीनहरुको गतिविधि ।

भूमिअधिकार मञ्चको पनि ठोस दृष्टिकोण हुन जरुरी छ । हामीले सहयोग गर्दा कुन एजेण्डामा टेकेर सहयोग गर्ने ? यहाँहरुलाई सहयोग गर्न पनि ठोस एजेण्डा चाहियो । भूमि कसरी पाउने ? ऐलानी जग्गा राज्यले वितरण गरेर हो कि ? अहिले पनि सयौं विघाको मालिक छन् । ती जमिनदारहरुको





जग्गामा मुआब्जासहित हदबन्दी लागू गरेर राज्यले नियन्त्रणमा लिएर वितरण गर्ने हो कि ? माओवादीले भनेको जस्तो क्रान्तिकारी भूमिसुधारअन्तर्गत एउटा हदबन्दी निश्चित गरेर हदबन्दीभन्दा बढी जग्गा राज्यले लिएर वितरण गर्ने हो कि ? के आधारमा प्राप्त गर्ने हो भन्ने एउटा धारणा बनाउनु जरुरी छ । ताकि त्यो लाइनमा बसेर हामीले सहयोग गर्न सकौं । भूमिहीनहरुले ल्याएको एजेण्डामा टेकेर सहयोग गर्न हामी प्रतिबद्ध छौं ।

पुरुषको तुलनामा महिला धेरै हिसावले पीडित छन् । यसका लागि पहिले भूमिहीनले जमिन पाउनुपर्‍यो । त्यसपछि बल्ल स्वामित्वको कुरा आउँछ । जमिन नै छैन भने केमा स्वामित्व खोज्ने हामीले ? त्यसैले पहिले भूमिमा स्वामित्व कायम हुने एजेण्डा अगाडि बढाउनुपर्‍यो । साथै त्यसमा महिलाको स्वामित्व सँगै जोडिएर आउनुपर्‍यो । पैत्रिक सम्पत्तिमा समान अधिकार हामी १ सय ९७ जना महिला सभासद्‌कै नारा हो । त्यसैले यसमा हामी अडिग छौं । जमिन सँगसँगै आवासको कुरा पनि आउँछ । आत्मानिर्भर गराउने कुरा, विभिन्नखाले हिंसाबाट मुक्त गराउने कुरा, यो सबै संविधानमा उल्लेख गराउन सकिन्छ । त्यसैले संविधानमार्फत् नै तपाईंहरुले उठाएका कुरा समाधान गर्नुपर्छ ।

**थममाया थापा, सभासद्, नेकपा एमाले**

महिलालाई राज्यले गास, बास र कपासको व्यवस्था गरेको छैन । त्यसैले हामी शोषणमा छौं । भूमिहीन किसान परिवारमा पनि कुनै मौका पाएर दुई चार पैसा कमाए पनि पुरुषले रक्सी खाएर सिध्याउने र श्रीमती कुटेर आफ्नो कब्जामा राख्ने चलन छ । त्यो भनेको सामन्ती संस्कार हो । यसले हाम्रो देशको कुनाकुनामा जरा गाडेको छ । यसलाई नसिध्याई समस्या समाधान हुन्न । नेकपा एमालेको ९ महिने सरकार हुँदा यो समस्या समाधानका लागि उच्चस्तरीय भूमिसुधार आयोग बनाइएको थियो । त्यस आयोगले प्रतिवेदन त बुझायो तर कार्यान्वयन भने अहिलेसम्म हुन सकेन । सरकारले बनाएका अरु आयोगको हालत पनि यही छ । त्यसैले भूमिहीनका समस्या ज्युका त्युँ छन् ।

अहिले राष्ट्रिय भूमिअधिकार मञ्चले उठाउँदै आएको भूमिहीन र महिलाको सवालमा एउटा प्रस्तावना राज्यको नीतिगत तहमा लागेका सम्पूर्ण तह र संविधानसभाका सबै सभासद्‌लाई उपलब्ध गराउनु जरुरी छ । संविधानसभाका सदस्यको आ-आफ्नो समितिको मूल खाका बन्न बाँकी छ,

त्यसमा समावेश गराउन सकिन्छ भन्ने लाग्छ । पैदलयात्रा गर्दा पाइएका सवाल एकिकृत गरेर पेश गर्नु उचित हुन्छ ।

अहिले महिलाको सवालमा अवधारणापत्र हेर्दा धेरै राम्रा कुरा आएका छन् । हिजोको संविधानमा ती कुरा थिएनन् । महिलालाई सबै क्षेत्रमा ३३ प्रतिशतको नारा उठाएका थियौं । हामीसँग आर्थिक अधिकार पनि छैन । एउटै कोखबाट छोरा र छोरी जन्मनेबित्तिकै छोरा त्यो घरको मालिक हुन्छ । छोरी नासोको रुपमा रहन्थी । अब पैत्रिक सम्पत्ति वा जमिनमा दुवैको हक बराबरी हुनुपर्छ । यो विषयलाई अहिलको संविधानमा राख्न हामी लागिपरेका छौं । त्यसका लागि सबै एकजुट भने हुनुपर्छ ।

**बलदेव राम, अध्यक्ष, राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल**

हाम्रो अभिभावक भनेको सरकार हो । सरकारले महिला या पुरुष दुवैलाई समान अधिकार दिलाउनु आवश्यक छ । जबसम्म भूमिहीन तथा गरीब परिवारले परिवर्तन महसुस गर्न पाउँदैन, तबसम्म उनीहरुको उन्नति हुन्न । त्यसैले राज्यले सर्वप्रथम खेतीमा काम गर्ने तर भूमि नभएका सुकुम्बासी तथा भूमिहीन परिवारलाई खेती गर्ने जमिन दिनुपर्छ । भूमिहीन तथा सुकुम्बासीलाई जग्गा दिंदा पति र पत्नी दुवैको नाममा संयुक्त पूर्जा दिनुपर्छ ।

**शान्ता चौधरी, उपाध्यक्ष, राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल एवम् सभासद्, एमाले**

म आफैं कमैया परिवारकी हुँ । मैले कमलरीको पीडा पनि खेपेकी छु । यही कारण भूमिअधिकार आन्दोलनमा लागें र अहिले संविधानसभा सदस्य भएकी छु । त्यही कारण मैले संविधानसभामा बोल्दा, काम गर्दा जहिले पनि भूमि र महिलाको मुद्दालाई विशेष प्राथमिकता दिने गरेको छु । र, सदैव यो आन्दोलनमा सडक तथा सदनबाट लागिपर्ने प्रतिबद्धता पनि व्यक्त गर्छु ।

*(२०६७ फागुन २५ देखि चैत ५ गतेसम्म मध्य र सुदूरपश्चिममा गरिएको यात्रापछि २०६७ जेठ २१ गते भूमिघरमा भएको भूमिमा महिला अधिकार विषयक अन्तर्क्रियात्मक छलफलको सम्पादित अंश)*





## यात्राले पछ्तो लगायो

धेरै वर्षदेखि भूमि आन्दोलनमा लागे पनि केही घन्टे नारा जुलुस, सभा, साइकल ऱ्याली, अन्तर्क्रियाबाट माथि उठ्न सकेकी थिइन । त्यसैले यो लामो महिला पदयात्राले सुरुमै लोभ्यायो । फागुन २४ गतेदेखि पदयात्रा सुरु हुने कार्यक्रम थियो । म उद्घाटन सत्रबाट नै प्रभावित भएँ । १५ देखि ८४ वर्षसम्मका दिदीबहिनीको उत्साहजनक उपस्थितिले म अचम्भित भइरहेको थिएँ । यात्राभर आवश्यक सामग्री बोकेका उनीहरुले मलाइ थप ऊर्जा दिलाए ।

मैले यात्राभर कुनै पनि सहभागीमध्ये कहीँ पनि कमजोरी देख्न पाइन । यात्रामा हिँड्न नपाएका दिदीबहिनीले बाटो बाटोमा पानी, टीका र फूलले गरेको स्वागतले उनीहरुको यो आन्दोलनप्रतिको प्रतिबद्धता झल्कन्थ्यो । जमिनमा स्वामित्व नभएका महिलाले एकापसमा बाँडेका दुःख, पीडा कहिल्यै भुल्न नसकिनेखालको रह्यो । समस्या सुन्ने र राख्ने दुवै काम गर्न पाइयो ।

गुलरिया नगरपालिका ११ सुरजपुरकी शकुन्तला बिकका १२ वर्षीय छोरालाई गुलरियाको खैरापुरस्थित एक जना जमिनदारले १३ वर्षअगाडि काम लगाइदिने सर्तमा लगेकोमा अहिलेसम्म खोजखबर केही नभएको पीडा व्यक्त गरिन् । ती जमिनदारको नामसमेत उनलाई थाहा रहेनछ । ८ वर्षअगाडि पति पनि बेपत्ता भएछन् यी भूमिहीनको । भारतमा पर्ने जङ्गलबाट दाउरा ल्याइ बेच्ने यिनलाई नै भारतीय सेनाले पनि बेस्सरी कुटेछ । यस्ता धेरै पीडा र दुःख सुन्न र देख्न पाएँ यात्राभर ।

पदयात्रामा दिदीबहिनीको दुःखमात्र देखिएन । केही चुनौती पनि खडा भए । राजापुर मेरा लागि परिचित क्षेत्र हो । यात्राको क्रममा खैरी चन्दनपुर गाविस वडा नं. ७ झप्टिपुरमा साँझ खाना खाइयो । खाना खाइसकेपछि करिब १० बजेको हुँदो हो, समुदायसँग बस्तीका समस्याबारे छलफल भइरहेको थियो । जहाँ मैले पनि बोल्ने मौका पाएकी थिएँ । छलफल ११ बजेसम्म गयो ।

त्यो छलफलमा भूमिहीनमात्र नभएर जमिनदारका मान्छे पनि रहेछन् । मलाई एक्लै बाहिर बोलाए । म पनि नडराइ बाहिर गएँ । उनीहरु ५ जना थिए । मलाई बेसरी हकारे । उनीहरुले के नौटङ्की पारेकी ? भाषणमात्र गरेर केही हुँदैन, यतिका मान्छे जम्मा गरेर के गर्न खोजेकी ? जस्ता धेरै प्रश्न गरे । र, थर्काए पनि ।

म डराइन किनकि मसँग उस्तै आँट र साहस भएका १५ जिल्लाका दिदीबहिनी थिए । यसैका आडमा मैले पनि सवालको जवाफ दिएँ । विवाद लम्बिँदै जाँदा मेरा सहयात्री पनि आए । केही भनाभनपछि उनीहरु आफ्नो बाटो लागे । पदयात्राका बीचमा अरु पनि चुनौती आए । तर तिनलाई कुनै परबाह नगरी अघि बढ्यौं ।

म आफैं मुक्त कमैया हुँ । २०५६ सालदेखि कमैया मुक्तिको आन्दोलनमा लागें । आन्दोलन सफल भएपछि ३ कट्ठा जमिन पनि पाएँ । त्यो जमिन पतिको नाममा गराएँ । यो पदयात्रापछि मलाई त्यतिबेला उक्त जमिन दुवैको नाममा नगरेर गल्ती गरिएछ भन्ने पछुतो लागेको छ ।

*- मोतिदेवी थारु, देउढाकला गाविस, बर्दिया*





## सहयोगी पनि रहेछन् गाउँमा

पदयात्रा कार्यक्रम एकदमै अनुशासितरुपमा सम्पन्न गर्नुपर्दछ भन्ने सबै सहभागीलाई जानकारी थियो । सबैले जिम्मेवारीअनुसारको भूमिका राम्रोसँग निर्वाह गरिरहेका थिए । यात्रा एवम् रितले अगाडि बढिरहेको थियो । यात्राको तेस्रो दिन बिहानैदेखि बायाँ खुट्टाको पैतालातिरको भाग दुख्न थाल्यो । केही समयपछि त खुट्टा पुरै सुन्निन थाल्यो । हिँड्न निकै गाह्रो भयो । त्यसैले सबैभन्दा पछाडि हिँड्न थालें । उसै त मोटो जीउ, त्यसमा पनि खुट्टा सुन्निएपछि के चाहियो र ? खुट्टा हेर्दा पनि डरलाग्दो देखियो ।

आफैंले बूढी छिन्, हिँड्न सक्दिनन् होला भनी यात्रामा नलैजान खोजेकी फूलमाता रैदासले जडीबुटी मिश्रित तेल लगेकी रहिछन् । त्यही तेलले मलाइ मालिस गरिदिइन् । हाम्रै पैदल यात्रीहरुमा नसा मिच्न जानेका दिदीहरु पनि रहेछन् । जहाँ जहाँ बास बस्ने ठाउँ आउँथ्यो, त्यहाँ त्यहाँ उनीहरुले मलाई तेल लगाइदिए । नसा मिचिदिए । र, निको नै बनाइदिए ।

अचम्मको छ यो वर्गीय माया । अरु वर्गसँग हिँडेको भए आज सबैले खुट्टा मिच्ने थिएनन् । म उस्तै पीडा र वेदना भएकाहरुको दया, माया देखेर निकै प्रभावित भएँ । एउटै उद्देश्य प्राप्तिका लागि हिँडेकाबीचको माया प्रेम कम्ति स्मरणीय हुँदोरहेनछ भन्ने अनुभूति मलाइ भएको छ । झन् फूलमाता आमाको गुन त कहिले पो बिर्सिएला र ?

मलाई अर्को पनि डर थियो । मैले आफैंले प्रशिक्षण दिने बेलामा भनेको थिएँ कि भूमिमा महिला अधिकारका कुरा गर्न त सजिलो छ, तर अब परीक्षाको बेला आएको छ । यात्रामा को कति सक्रिय छ, को कति हिँड्न सक्छ भन्ने कुराले यसको नतिजा दिन्छ भनेकी थिएँ । र, यात्रामा सक्रिय हुन र पूरै समय हिँडेर सहभागी हुन उनीहरुलाई हौसाएकी थिएँ । आज उक्त परीक्षामा आफैंचाहिँ फेल हुने भइयो भन्ने पीरले उत्तिकै सताएको थियो ।

गाउँ गाउँ पैदल हिँडाई, त्यसमा पनि दिदीबहिनीहरुको मात्र लस्कर । निकै रमाइलो थियो । सबैका घरबाट मान्छे बाहिर निस्कन्थे । कसैले भन्थे- निकै राम्रो माग लिएर हिँडेछन्, हामीलाई पहिला नै थाहा भएन, त्यसैले केही व्यवस्था गर्न सकिएन, पानी भए पनि खाएर जानूस् । कोही भन्थे- यस्तो घाममा काम नपाएर हिँडेछन् ।

हाम्रो नारामध्ये एक थियो- हाम्रा बच्चा भोका छन्, खान नपाई रोका छन् । यो नारा सुनेपछि केही पुरुषहरु हाम्रै अघि कुरा काट्थे- काम गरे पो बच्चा भोका हुँदैनन्, काम नगरी बाटाबाटामा नारा लगाउँदै हिँडेपछि भोका भइहाल्छन् नि ।

यो पदयात्राबारे सकारात्मक सन्देश दिनु सजिलो पक्कै थिएन । हुन त पदयात्राबारे कुरा काट्ने मान्छे मात्र थिएनन्, सहयोगी पनि भेटिए । गुलरिया पार गरेपछि हाम्रो सङ्गठन थिएन । कसरी व्यवस्थापन गर्ने होला भन्ने चिन्ता थियो । तर पनि त्यहाँका बासिन्दाले सोचेको भन्दा राम्रोसँग खाने बस्ने व्यवस्था मिलाए । खाता रेपो, मानपुर टपरा, खैरी चन्दनपुर, दौलतपुर गाविस र राजापुर इलाका प्रशासनले निकै सहयोग गरे ।

केही हुनेखाने महिलाले भने यो पदयात्रालाई हाम्रै सामन्ने पनि गिज्याए । भूमिमाथि महिलाको अधिकार भनेको यिनै केही भूमिहीन महिलाको मात्र सवाल हो, त्यही भएर यत्रो कठिन पैदल यात्रामा हिँडेका हुन भन्थे उनीहरु । उनीहरुले यसलाई समग्र महिलाको अधिकारको कुरा हो भन्ने किन बुझ्नेनन् भन्ने प्रश्नले मलाई निकै सतायो । अनि उनीहरुको विवेकमाथि केले ताला लगाइदिएको छ होला भन्ने जिज्ञासा पनि बेलाबेला उठ्ने गर्छ दिमागमा ।

*- हिमा सुनार, बर्दिया*





## संयुक्त पूर्जा बनाउने भयौं हामी

म यात्राका लागि कञ्चनपुरको समूहमा सहभागी भएँ । यो समूहमा १३१ जना थियौं । सुदूरपश्चिमको भाषा र हाम्रो नवलपरासीको भाषा मिल्दैनथ्यो । न खाने ठेगान, न त बस्ने नै । खुला आकाशमुनि सुत्नुपर्ने । उता घरको सम्झनाले सताइरहेको । यात्राको दुई दिनमै घर फर्कन्छु भनेर पतिलाई फोन गरें । उहाँले बीचैमा फर्केर नआऊ, यात्रा पूरा गर्नुपर्छ भन्ने सल्लाह दिनुभयो, अनि अडिएँ ।

लाइनमा हिँड्नुपर्ने, भात फाल्न नपाइने, समूहबाहेक अन्यत्र खान नपाइने, राति अबेरसम्म कुरा गर्न नपाइने, भूमिअधिकारबाहेकका गीत गाउन नपाइने, बिहान सबेरै उठ्नुपर्ने जस्ता नियम मेरो जिन्दगीमा पहिलो पटक आइपरेको थियो । तर मैले यसलाई भूमिअधिकारको विद्यार्थीका रुपमा लागू गरिएको अनुशासन ठानेर पूरै पालना गरें ।

स्थानीयले यात्रु स्वागतका लागि कुनै कसर बाँकी राखेनन् । थारु संस्कृतिको पहिरन, कलात्मकरुपमा भूमिअधिकार मञ्च लेखेको कलश आदिको स्वागत कम रोमाञ्चक थिएनन् । बाटामा पर्ने ठूला महलवालाले पानी पनि नदिने, झुपडीवालाले चाहिँ त्यही झुपडी पनि दिएर पठाउँलाझैं गर्ने गर्दा खुशीको सीमा नै रहेन । 'धन हुनेको मन हुँदैन, मन हुनेको धन हुँदैन' भन्ने भनाइ यही भएर चलेको होला भन्ने लाग्छ उनीहरुको व्यवहार देख्दा ।

हामी डुलेका ठाउँमा भूमिहीनहरु जङ्गलको छेउछाउमा रुखमुनि बसेका देखियो । हुरी-बतास आएको बेला रुख ढल्ने खतरा थियो । हुन त त्यहाँ थुप्रै ऐलानी जमिन रहेछ तर त्यस्तो जमिन जग्गा हुनेले नै चर्चेकाले भूमिहीन त्यसबाट पनि वञ्चित रहेछन् ।

यसअघि राजनीतिक दल र केही एनजिओको कार्यक्रममा सहभागी हुने मौका पाएकी थिएँ । त्यहाँ पनि गरिबीको विषयमा छलफल हुन्थे । तर पदयात्रामा भएका गरिबीको छलफलभन्दा पृथक हुन्थ्यो त्यो । यो व्यावहारिक थियो । त्यो बनावटी थियो । मैले यस्तै अनुभव सङ्गालें । अनि राष्ट्रिय भूमिअधिकार मञ्चलाई पनि चिन्ने अवसर पाएँ ।

यात्रा सकियो । घर फर्किएपछि पदयात्रामा आफूले भोगेका, देखेका र सिकेका सबै कुरा परिवारका सबै राखेर बेलिविस्तार लगाएँ । उनीहरुले ध्यान दिएर सुने । त्यसपछि पतिले हामीसँग भएको जमिनमा पनि अब

पति-पत्नी दुवैको संयुक्त पूर्जा बनाउने प्रस्ताव राख्नुभयो । हामीसँग ७ कठ्ठा नम्बरी जग्गा छ । ४ कठ्ठा पति (डमलाल पुन) को नाममा र ३ कठ्ठा मेरो नाममा छ । अब दुवै मालपोत गएर सबै जग्गाको संयुक्त पूर्जा बनाउने सहमति भएको छ ।

*- फूलकुमारी बुर्जा, नवलपरासी*





## अपुरो यात्रा

व्यवस्थापनतर्फको कर्मचारी भए पनि गाउँले महिलाले अधिकार खोजीका लागि चालेको कदममा एक इँटा थप्ने उद्देश्यले भूमिअधिकार महिला यात्रामा जाने निर्णय गरें । दिउसोको खाना खाएपछि बसमै निदाइएछ । एक्कासि महिला चिच्याहटको आवाजले झसङ्ग भइयो । गोरुसिङ्गेमा गाडीले वृद्ध महिलालाई ठक्कर दिएको रहेछ । उद्घाटन कार्यक्रममा सहभागी हुन नभ्याइने भयो भनेर चिन्ता लाग्यो । हामी त्यतिखेर झन आत्तियौं, जतिखेर चालकले भने कि ती महिलालाई जोगाउन खोजेको भए गाडीका ३५/४० जनालाई एउटै खाल्डोमा हाल्नुपर्थ्यो ।

रसुवा, पाल्पा, चितवन, नवलपरासी, रुपन्देही, डडेल्धुरा, बैतडी, कञ्चनपुर, कैलाली र सिन्धुपाल्चोक गरी १० जिल्लाका १ सय ३५ जना यात्रामा सहभागी हुने साथीहरु जम्मा भइयो । यात्राका क्रममा ११ दिनसम्म कञ्चनपुर र कैलालीका गरीब बस्तीमा पुग्ने अवसर प्राप्त भयो । त्यहाँका बासिन्दाको माया पाउँदा अति खुशी हुन्थ्यो भने उनीहरुको कष्टकर जीवन देखेर त्यत्तिकै दुःखी । कपडाविनाका आङ, अन्नपातविनाको रुखो जमिन र आशाविनाको अनुहार निरश लाग्थे ।

कहीं कतै फूलको बोटै नदेखिने ठाउँमा पनि उनीहरु सबैको गलामा माला पहिर्याइदिन्थे । अन्नै नभएको ठाउँमा पनि हामीलाई टन्न खुवाउँथे । परालै जम्मा पारेर किन नहोस्, हामीलाई चिसो भुइँमा सुत्नबाट जोगिन हरदम प्रयास गरे । उनीहरुको यो माया र ममताले होला, यात्राका सहभागी पनि सबै दुःख बिर्सेर महिलालाई भूमिअधिकार दिलाउने यात्रामा अहोरात्र तल्लीन रहे ।

काठमाडौंको कार्यालयमा बसेर काम गर्दा खाली डेबिट र क्रेडिटको गणितमा सीमित भएकी मलाई यो यात्राले अर्कै संसारमा पुगेको जस्तो लाग्नु स्वाभाविकै थियो । गाउँका महिलाको मायाले ११ दिनको यात्रा २ दिनको जस्तो पनि लाग्न दिएन । शायद त्यही भएर होला, टीकापुरमा समापन भएर यात्राबाट छुट्टिनुपर्दा सबै दिदीबहिनीको आँखा रसाएका ।

सामान्य व्यवस्थापन खर्च र सहभागीका लागि गाडी भाडाबाहेक सम्पूर्ण खर्च र व्यवस्थापन स्थानीय र जिल्ला भूमिअधिकार मञ्चले आफ्नै आन्दोलन कोषबाट बेहोर्नु चानचुने हिम्मत लागेन मलाई । यात्रामा कहिल्यै पनि खाना र खाजा त के, चियासमेत होटलमा खाएनौं । होटलमा बसेनौं । प्रत्येक यात्रीले बोकेका ओढ्ने, पानी पिउने बोतल, थाल आदिले यात्रा

भरथेग गरेको थियो । सामुदायिक वन, गाविस र ठेला गाडा चलाउनेसम्मले यात्रीप्रति गरेको माया बिर्सिनसक्नु छ ।

हामीले यात्रा गर्‍यौं, पीडितहरुले निकै आशासहित सहभागिता जनाए र स्वागत पनि गरे । उनीहरुका बीच हामीले निकै आशा र विश्वास जागेको पायौं । तर मलाइ लाग्छ- उनीहरुको यो आशा सत्यमा परिणत नहुन्जेल हाम्रो यात्रा पूर्ण हुन सक्दैन ।

*- गीता पण्डित, काठमाडौं*





## उचालिएछन् पति

रेडियोमा भूमिहीनबारे कार्यक्रम भएका सुन्थ्यौं । अनि हामी बूढाबूढी कुरा गर्थ्यौं कि हामी पनि भूमिहीन हौं, हाम्रा कुरा पनि कसैले सुनिदिए हुन्थ्यो । नभन्दै अहिले ती दिन आए । भूमिमा महिलाअधिकार पैदल यात्रामा जाने अवसर मिल्यो । जहाँ मैले पनि पत्रकार र बाहिरी समुदायसँग आफ्ना कुरा भन्न पाएँ । धेरैसँग चिनजान भयो । पहिलो पल्ट पैदल यात्रामा निस्केकी हुँ तैपनि सबैले समान व्यवहार गरे । कुनै भेदभाव पाइन । आफूजस्तै धेरैका भावना बुझ्ने अवसर पनि मिल्यो । एक्लो रहेनछौं भन्ने महसुस भयो ।

घरमा सल्लाह गरेर यात्रामा निस्केकी थिएँ । पतिले घरको सबै काम सम्हाल्छु जाउ भनेर पठाउनुभएको थियो । तर यात्रा नसकिँदै उहाँ मलाई लिन आउनुभयो । यो ताल देखेर मलाई साह्रै दुःख लाग्यो । बूढासँगै जाउँ भने बाटोमै पिट्ने पो हो कि भन्ने डरसमेत लाग्यो । फेरि यात्रामा निस्केको, यात्रा पूरा नगरी फर्कंदा अन्य यात्रीले केही भन्लान् कि भन्ने डर पनि थियो ।

गाउँका मान्छेले श्रीमतीलाई किन यात्रामा पठाइस्, अब बिग्रन्छे भनेर नानाथरिका कुरा सुनाएर उचालेछन् । यही भएर बीचैमा मलाइ लिनु जानुभएको रहेछ । यही तनावका कारण बिरामीसमेत भएको थाहा पाएँ । म घरमा आएपछि पनि बेहोस हुने, घर छाडेर वनतर्फ लाग्ने गर्नुभयो । बल्ल उपचार गराएँ र निको भयो ।

पैदलयात्रामा हिँड्दा सबै ठाउँमा यात्रीलाई गरिएको स्वागत देख्दा खुशी लाग्थ्यो । खाना खाँदा सबैको एउटै भान्साले ठूलो-सानो तथा अन्य विभेद नभएको लाग्थ्यो । पैदलयात्राबाट फर्केर आउँदा गाउँका मान्छेले किन गइस् बेकारमा भनेर खिज्याए । तर मैले एकै पटकमा हुँदैन, विस्तार हुन्छ भनेर बुझाउने गरेकी छु । बुझ्नेले बुझ्छन्, बुझ्न नचाहनेलाई मेरो भन्नु केही छैन ।

अहिले पतिले बेलाबेलामा भन्ने गर्नुहुन्छ- मैले गाउँका मान्छेको नचाहिँदो कुरा सुनें । त्यसैले बीचमै तिमीलाई लिन गएँ । मैले गल्ती गरें । अब तिमी यसरी यात्रा वा अन्य कार्यक्रममा जाँदा गाउँलेलाई थाहा नदिई गए राम्रो हुने थियो ।

मलाइ थाहा छ, गाउँका मानिसले मेराविरुद्ध कुरा काट्छन् । उनीहरु बूढालाई काममा जोताएर आफू नेता बनेर हिँड्छे पनि भन्छन् । तर मलाई

यी कुनै कुराप्रति मतलव छैन । उनीहरुले आफ्नो चेतनास्तरअनुसार कुरा गर्छन् भन्ने लाग्छ । मेरो एउटै इच्छा छ- म र गाउँका मजस्तै अन्य भूमिहीनका हातमा एक दिन जग्गाधनी पूर्जा हात पर्नेछ, अनि त्यो दिन कुरा काट्नेहरुकहाँ पुगेर उनीहरुसँग हामी हिँडेको यात्राबारे के नतिजा निस्क्यो भन्ने प्रमाण पेश गर्नेछु ।

*- जमुनी चौधरी, दाङ*





## बजार र ठूला घरले नरुचाएका यात्रा

३६ वर्षे जीवनको सबैभन्दा लामो पैदलयात्राका रुपमा भूमिमा महिला अधिकार पदयात्रा अविस्मरणीय रह्यो । सृष्टि सृजनाका आधा अङ्ग महिला अधिकारका हिसाबले उपेक्षित छन् । स्वतन्त्रता, सम्मान र पहिचानको प्रमुख आधारका रुपमा रहेको जमिनमा ९० प्रतिशत महिलाको पहुँच छैन । बन्दै गरेको संविधानमा पुरुषसरह समानरुपमा महिलाको पनि भूमिमाथि स्वामित्व सुनिश्चित हुनुपर्छ भनेर सरोकारवालाको ध्यानाकर्षण गर्ने यात्रामा सहभागिता जनाउन पाउनु कम्ता खुशीको पाटो थिएन । संविधान निर्माणको प्रक्रिया चलिरहेको वर्तमान सन्दर्भमा महिलाको यो यात्रा ऐतिहासिक पनि हुँदै हो ।

अत्याधिक गर्मी मौसममा आयोजित (२०६६ फागुन २४ देखि चैत ५ गतेसम्म) यात्रा निकै कठिन हुने सबैको अनुमान थियो । तर अनुमान गलत सावित भयो । तयारी राम्रो भएका कारण यात्रा सहज हुन पुग्यो । सहभागीले पालना गरेका अनुशासन, कार्यकर्ताले गरेको जिम्मेवारी बहन, समुदायमा भएको खानपान एवम् विभिन्न तह र तरिकाबाट गरिएको स्वागत, स्वःस्फूर्त मनोरञ्जन र वास्तविक पीडितको सहभागिताले यात्रा कठिन हुनबाट बचाए ।

यात्राका क्रममा बजार र ठूला घरहरुले हामीलाई खासै रुचाएनन् । जब झुपडी देखिन्थे, अन्यायविरुद्ध सङ्घर्ष गरिरहेकाहरुको बस्ती आउँथ्यो, त्यतिबेला यात्राले थप ऊर्जा प्राप्त गर्थ्यो । कारण- सिङ्गै बस्ती यात्रामा मिसिन्थ्यो । त्यहाँ हामी उनीहरुका कुरा सुन्थ्यौं । जहाँ अभाव र उत्पीडनको नाङ्गो तस्बिर देखिन्थ्यो । जङ्गलको छेउमा सानो झुपडी, फाटेको चोलो र धोती लगाएकी महिला, नाङ्गै धुलोमा खेलिरहेका बालक । खेतीका लागि जमिन छैन । पढ्ने स्कुल छैन, पिउने स्वच्छ पानी छैन, जनावरले सताइरहन्छन् । नजिकै विशाल मनोरम फाँट छ । त्यसका मालिक भने सहरमा बस्छन् । गाउँमै भए पनि खेती गर्दैनन्, जोत्ने गरीब नै छन् र भोको पनि उनीहरु नै । यस्तै हुने गर्थे त्यहाँका दृश्य ।

बाँकेको चिसापानीदेखि बर्दियाको सोरहवा कालिका मोहम्मदपुर, खैरी चन्दनपुर हुँदै कैलालीको मौरनियासम्म यस्तै देखियो । हिँड्दा-हिँड्दा थाहा भयो कि नदी र जङ्गलछेउ बस्ती छ भने त्यो भूमिहीनको हो, बाली लहलहराइरहेको फाँट छ भने त्यो मालिकको हो । अनि नाङ्गा भोका बालबालिका भौतारिइरहेका छन् भने ती तिनै भूमिहीनका हुन ।

अनेक शङ्का, कमजोरी र नयाँ अभ्यास एवम् अनुभवका साथ एघार दिने यात्रा सकियो । भूमिअधिकारको सन्देश नपुगेको, सङ्गठनबारे थाहा नपाएको ठाउँमा सन्देश पुगेको र सङ्गठनको पहिचान बढेको मैले पाएँ । अगुवाको बुझाइ, कार्यक्षमता र कार्यशैलीमा विकास यात्राको अर्को सकारात्मक पक्ष हो । सरोकारवालाको यो विषयप्रति ध्यानाकर्षण हुनु सक्नु पनि चानुचुने उपलब्धि हैन भन्ने लाग्छ । जे होस्, यात्राले एकप्रकारको तरङ्ग भने ल्याउन सकेको छ ।

*- पूर्णबहादुर सुनार*





## जहाँ भेदभाव शब्द निषेध थियो

मैले थाहा पाएसम्म यस्तो यात्रा कहिल्यै भएको छैन । हिँड्ने, खाने, बस्ने, सबै भिन्न तरिका थियो । कुनै भेदभाव थिएन । सबैले खाने भान्सा एउटै थियो । न कुनै हाकिम नै थिए । सुत्ने स्थान पनि उस्तै । अझ कतिपय बेलामा त खान र सुत्न नपुगे अगुवा नै त्यसको मारमा पर्थे । तर पनि उनीहरुले महसुस गरेको पाइन ।

अधिकार प्राप्त गर्ने उद्देश्य लिएर हिँडेकाले होला, ठ्याम्मै थकाई महसुस भएन । आफ्नै जस्तो पीडा भएका व्यक्ति भेट्दा र बस्तीहरु घुम्दा रमाइलो पनि लागिरहेको थियो । समस्याबारे छलफल गर्दा सबैले आफ्नै पीडा, मर्का भनिदिएका छन् जस्तो लाग्ने । जसले गर्दा आफन्तभन्दा बाहिर छु भन्ने महसुस हुनै पाएन । गाउँबस्ती घुम्दा भूमिहीन गरीबहरुमाथि भएको अन्याय, उत्पीडन नजिकबाट नियाल्ने अवसर पाइयो । त्यसविरुद्ध भूमिहीन गरीबहरुले सङ्गठितरुपमा गरेका सङ्घर्षका प्रयास पनि थाहा पाइयो । कसैको उब्जनी हुने समथर फाँट नै रहेछ, कसैको भने झुपडी बनाउने ठाउँसम्म पनि रहेनछ । उढरापुर भन्ने ठाउँमा जमिनवालाले नै ५ सय बिगाहा नम्बरी र ५ सय विगाहा ऐलानी जग्गा राखेका रहेछन् । अहिले गरीबहरुले नियन्त्रणमा लिएर त्यहाँ झुपडी बनाएर बसेका रहेछन् । दुवै ठाउँमा जमिनदारविरुद्ध सङ्घर्ष पनि भएको रहेछ । जसमा केटाकेटी, महिला, पुरुष, वृद्ध सबै समेटिएका रहेछन् ।

बर्दियाको सोरहवामा लेख्ने कापी नभएर एउटा बच्चा परीक्षा दिन जान नमानिरहेको र आमाले सम्झाइरहेको अवस्थाले आँसु थाम्न सकिएन । बर्दियाको खैरी चन्दनपुरको झुपडी बस्ती पूरै बालुवाले भरेको रहेछ । आकाशमा बादल देख्दा बाढी आउने र रात परेपछि हात्तीले मार्ने डरले त्यहाँका मानिस आतङ्कित रहेछन् । यस्ता यथार्थले मन छियाछिया पार्‍यो ।

बाँकेभन्दा बर्दियामा भूमिहीनहरुको सङ्गठन राम्रो रहेछ । सबै प्रतिबद्ध भएर लागे सफल होइन्छ भन्ने लागेको छ । बुझेका महिला अगुवा रहेछन् यहाँ । पुरुष दाजुभाइको पनि राम्रो सहयोग देखें । आफैं पनि केही गरौं भनेर लाइन मिलाउने, अशक्तहरुको सामान बोकिदिने काम गरें । तीन चार ठाउँमा त भाषण पनि गरें । केही घटना पनि लेखेकी छु । यो म आफैंमा पनि यात्राले ल्याएको परिवर्तनको प्रमाण हो ।

यात्राले कहिल्यै घर नछाडेकालाई बाहिरी संसार देखाउने/चिनाउने काम गऱ्यो । समान समस्या भएकाबीच एकापसमा चिनजान हुने अवसर मिल्यो । यसले हामीलाई उत्साहित बनाएको छ । हाम्रो आन्दोलनबारे अरुले बुझ्ने अवसर पाएका छन् । अबको सङ्घर्षको बाटो पनि यसले कोरेको छ ।

*- टीका चौधरी, उत्तरगङ्गा गाविस-४, फलाँटे, सुर्खेत*





## शिक्षिकाले नै सहयोग गरिनन्

भूमिमा महिला अधिकार स्थापित गर्ने उद्देश्यले आयोजित भएकाले यो यात्रामा सहभागिता जनाउन उत्साहित थिएँ । यसै क्रममा यात्रा अवधिभर थुप्रै राम्रा कुरा भए । केही नराम्रा कुरा पनि । यस्तै एउटा घटना कञ्चनपुरको असैना माविमा पनि भयो । जहाँ कोणसभा गर्ने र त्यहीँ बास बस्ने कार्यक्रम तय भएको थियो । विद्यालयमा शिक्षिका मधु बोहराले कार्यक्रम नै गर्न दिइनन् र बस्न पनि दिइनन् । सबै विन्ती खेर गयो । पछि त्यहाँको सङ्गठनले १ सय ३१ यात्रीको खाना र बासको व्यवस्था अन्यत्र मिलायो । भूमिहीनहरुले आफू बाहिरै सुतेर हामीलाई भित्र सुताए ।

धरमपुरमा ४५ वटा घरमात्र ठिङ्ग उभिएका थिए तर घरसँगै जोडिएका जग्गा भने बाँझै । भूमिअधिकारका लागि सङ्घर्ष गरिरहेकाले किन यसरी जग्गा बाँझो राखेका होलान् भन्ने लाग्यो । एकातिर जमिन बाँझो राखेर ज्याला मजदुरी गर्ने कस्ता मूर्ख रहेछन् भन्ने सोच पनि पलायो । पछि सोधखोज गर्दा थाहा पाइयो- २०६४ सालमा जिल्ला भूमिअधिकार मञ्चको सक्रियतामा यहाँ भूमिहीनलाई बसोबास गराइएको रहेछ । यो जमिन सामुदायिक वनको रहेछ । त्यसैले बस्दैखेरि घरमात्र बनाउने सर्तमा बस्ती बसेको रहेछ । एकातिर जमिन बाँझै, अर्कोतिर खेती गर्ने जमिनको अभावमा भूमिहीनहरु सधैं रोग र भोकसँग सङ्घर्ष गर्नुपर्ने अवस्थामा । यो कस्तो विडम्वना भन्ने लाग्यो । अनि अर्को जिज्ञासा पनि उठ्यो मनमा कि जग्गा बाँझो राख्न पाइने तर खेती गर्न भने नपाइने कस्तो वन नीति होला यो देशमा ?

पदयात्राले थुप्रै वास्तविकतासँग परिचयमात्र गराएन । यसअघि कुनै कार्यक्रममा उभिएर बोल्न नसक्ने ममा पनि थुप्रै परिवर्तन गराइदियो । कार्यक्रममा बोल्नैपर्ने अवस्था बनाइएको थियो, जसले गर्दा मभित्रको डर र त्रास भाग्न बाध्य भयो ।

पदयात्रामा स्थानीय भूमिहीनले स्वागतका क्रममा प्रयोग गरेका अविरको टीका, फूलको माला र मन्द मुस्कानभित्र थुप्रै आशा लुकेको मैले पाएँ । एघार दिनभरको स्वागतले निधारै रातो भयो, घाँटी नै मालाले भरियो । जुन निधार घर आएको तीन दिनपछि मात्र मेटियो । मैले यसलाई ती भूमिहीनले हामीलाई लगाएको पैंचोका रुपमा लिएको छु । हेरौं, तिर्न सकिन्छ कि सकिन्न ?

*- मीना विक, पाल्पा*

## उज्यालै नभएपछि कसरी लेख्नु ?

भूमिअधिकारका लागि महिला यात्रामा सहभागी हुन बुटवल बसपार्कबाट महेन्द्रनगर जाने बसमा चढियो । चढेको केही समयमै हाम्रा सहभागी साथीहरु र एक जना बसका यात्रुसँग महिला अधिकारका विषयमा वादविवाद चल्यो । यसले चर्को रुप लेला भन्नेमा हामी सतर्क थियौं । धेरै बुझक्कडहरुसँग बेलाबेलामा यसरी भूमिअधिकारका सवालबारे प्रतिवाद गर्नु हाम्रा लागि दैनिकी जस्तै भइसकेको छ । जुन यात्राको सुरुमै पनि बेहोर्नुपर्‍यो ।

आफ्नो गाउँमा प्रवेश गर्नुभन्दा पहिले नै भूमिहीनहरु पदयात्रीलाई स्वागत गर्न आइपुग्थे । पदयात्रीलाई माला र अविर लगाइदिन्थे, बाटोभरि फूल छर्कंदै स्वागत गर्दथे, खाना खुवाउँथे, कार्यक्रम (सभा, छलफल...) सकिएपछि आफ्नो गाउँको सिमाना कटाएर बिदाई गर्दथे । उनीहरुको पदयात्रीप्रतिको निस्वार्थ सद्भाव र माया देख्दा शिर श्रद्धाले झुक्थ्यो ।

यात्राका क्रममा धेरै जनासँग सवाल-जवाफ भइरह्यो । कतिपय त निकै आक्रामक पनि देखिन्थे हाम्रा कुरा सुनेर । रामपुरबाट लमही जाँदा भएको कुराकानीमा त बसका केही यात्रीले तिमीहरु खान पाउँला भनेर लागेका हौला, लौ खाउ भनेर लोप्पा नै खुवाए । तर पनि हामीले प्रतिवाद गरेनौं किनकि हामीलाई यो अभियान अझै धेरै चुनौतीपूर्ण छ भन्ने थाहा थियो ।

मलाई दिइएको जिम्मेवारीमध्ये फोटो खिच्ने पनि थियो । राति प्रायः गरीब बस्ती र स्कुलमा बास बस्थ्यौं । त्यस क्रममा निकै रोमाञ्चक छलफल, नाचगान आदि हुन्थ्यो, खानपिनमा सघाइरहेका स्थानीय, जसोतसो मिलाइएको पराले ओछ्यान आदिले अभियानमा स्थानीयको कत्तिको सहयोग र समर्थन छ भन्ने प्रमाणित गर्थ्यो, जसलाई म क्यामेराभित्र कैद गर्न चाहन्थें । तर दुःखको कुरा कतै पनि बिजुली बत्ती थिएन । आफैंलाई थकथक लाग्थ्यो । जिम्मेवारी पूरा गर्न नसकेकाले दिक्क पनि लाग्थ्यो ।

अझ दिउसभर भएका क्रियाकलापको प्रतिवेदन उतार्नु त अर्को असम्भव विषयझैं बनेको थियो । किनकि सँगै प्रतिवेदन तयार पार्ने जिम्मेवारी पनि अर्का एक साथी र मेरो भागमा थियो । उज्यालै नभएपछि कसरी लेख्नु ? यात्रा अवधिभर एकप्रकारको तनावले सताइरह्यो ।

*- शुभराज चौधरी, बुटवल*





## सिंहदरबार घेर्नुपर्छ अब

म फूलमाता रैदास । ६० वर्षको भएँ । घर खोइ कहाँ भनुँ ? मेरो त के, परिवारकै नाममा कतै एक धुर पनि जमिन छैन । बस्नचाहिँ बर्दियाको लालपुरमा बस्छु । छिमेकी जमिनदार अनित रैदासको ५ धुर जमिनमा सानो झुपडी छ । ६ जनाको परिवार मजदुरीमै अडेको छ ।

जिल्ला भूमि अधिकार मञ्चको कार्यालयमा प्रशिक्षण हुँदै थियो । त्यहाँ सहभागी ६० जनामध्ये सबैजसोले मलाइ निकै नियाले । बूढी, होची, ख्याउटी भएर होला । साथमा ओड्ने च्यादर च्यापेकी थिएँ । त्यसमाथि मुजैमुजा परेको अनुहार । म यस्तो अवस्थाकी भएकाले यात्राभर हिँड्न सक्दिन भन्दै नजान आग्रह गरे तर मैले मानिन् । उनीहरुले यात्रा तिम्रै बस्तीको बाटो भएर आउँछ, बरु त्यतिबेला स्वागत गर्नु भने । तर महिलाको अधिकारका लागि जस्तोसुकै समस्या पनि थेग्न सक्छु भन्ने आँट गरेर मैले यात्रामा जाने जिद्दी गरिरहें ।

आफ्नो भूमि नभएकाले दुःख पाएका धेरै रहेछन् । उनीहरुसँग पीडा बाँडचुँड गर्न पाउँदा निकै खुशी लाग्यो । कहीँ पनि समयमा खाना खान पाइएन तर पनि भोकको कुनै आभाष भएन । आफ्नै घर परिवारभित्र छु जस्तो लागिरह्यो । थोरै भए पनि सबैले खानेकुरा बाँडेर खाने गर्नाले निकै रमाइलो भयो । यो यात्राले आफैंमात्र दुःखी छु भन्ठान्ने मलाइ तँ जस्ता धेरै छन् भनेर आँखा खुलायो ।

यात्राकामा धेरै दिदी-बहिनी खुट्टा दुखेर हिँड्न नसक्ने अवस्थामा पुगे । म बूढीसमेत नथाकी हिँडेको देख्दा उनीहरुलाई खुट्टा दुख्यो भन्न लाज लागेछ । त्यतिबेला मैले नै उनीहरुलाई तेल लगाएर निको पारिदिएँ । मैले जडीबुटीसमेत हालेर तेल लगेकी थिएँ, जसले ढाड र खुट्टा दुखेको निको पार्थ्यो । यसरी अरुलाई समेत निको पारिदिएपछि पहिले मलाइ हिँड्न सक्दैनौ भन्नेहरु पनि पश्चाताप मानेको देखें ।

पहिलो पटक गाउँगाउँमा यस्तो पदयात्रा गरियो, जसको प्रभाव निकै राम्रो परेको छ । अब यसैगरी एक महिना सिंहदरबार घेरेपछि मात्र भूमिमा महिलाले अधिकार पाउँछन् भन्ने मलाइ लाग्छ ।

*- फूलमाता रैदास, महम्दपुर-३, लालपुर, बर्दिया*

## जिउँदै रहेछ राणा शासन

अधिकारका लागि धेरै अभियानमा काम गरियो तर भूमिमा महिला पदयात्रा भने जीवनमै नौलो अनुभव बन्यो । दिनमा १२ घण्टा, त्यो पनि गाउँ बस्ती, टोलमा चेतना बाँड्दै हिँड्ने काम कम कठिन पक्कै हैन । म बेलाबेलामा सोच्थें कि म किन सुकुम्बासीको घरमा जन्में हुँला भनेर । तर यात्राका क्रममा थाहा भयो, ममात्र सुकुम्बासी हैन रहेछु ।म जस्ता हजारौं महिला हनुहुँदोरहेछ । उहाँहरु पनि गरीबकै कोटीमा हुनुहुन्छ । सबैसँग चिनजान भयो, खुशी लाग्यो । आज सुकुम्बासी भए तापनि धेरै ठाउँमा पुग्न पाइयो । अधिकार छर्दै घुम्न पाइयो । दुःख साटासाट गर्दा अझै मनको बह कम हुने अनुभव भयो ।

उनीहरु कसरी राष्ट्रिय भूमि अधिकार मञ्चमा आबद्ध भए र भूमिहीन किसान मोही, सुकुम्बासी कसरी अधिकारका लागि लडिरहेका छन् भन्ने जानकारी पाइयो । यसले एकातिर हामीलाई पनि थप ऊर्जा दियो भने अर्कोतिर सङ्गठित आवाजले मात्र विजय प्राप्त गर्न सक्दोरहेछ भन्ने उदाहरणहरु निकै पाइए । सवालप्रति उनीहरुको स्पष्टता देखेर निकै खुशी लाग्यो ।

मेरो ठाउँमा मात्र जमिनदार तथा नेताले हामी जस्तालाई किन दुःख दिएका होलान् भन्ने लाग्थ्यो । तर यात्राले बतायो कि दुःख दिनेहरु सबै ठाउँमा रहेछन् । मात्रा र तरिकामात्र फरक रहेछ । झन् बाँके र बर्दियामा त अझै पनि राणा शासनको झल्को कायमै रहेछ । एकातिर उनीहरुको नामका थुप्रै जग्गा बाँझै थिए भने अर्कोतिर भूमिहीनहरु गरिखान जमिन माग गर्दै आन्दोलन गरिरहेका थिए । यस्तो अवस्थाले नेपालमा पटकपटक भयो भनिएको भूमिसुधार कहाँ भएछ र त्यो कसको पक्षमा थियो भनेर सोध्न मन लागेको छ ।

विभिन्न जिल्लाबाट आफ्नो सुरक्षित घरबासका लागि गाउँगाउँ, ठाउँठाउँ र बस्तीबस्तीबाट एकसाथ अभियानमा सबै उत्रेका देखेपछि मेरो पनि निकै हौसला बढ्यो । आफूले बुझें र नबुझेकालाई बुझाउने मौका पनि पाएँ । साथीहरुलाई सघाउने, पानी खुवाउने, बीचमा लाइन मिलाउने, नारा लगाउने, क्रमैअनुसार सामूहिक नाचगान गरी मनोरञ्जन गरेर थकान मेटाउने जस्ता जानेको र सकेको काममा सघाएँ । जसले गर्दा यात्रा मेरो पनि हो भन्ने अनुभूति हुन सक्यो ।





खुट्टा भएर पनि कुँजिएर बसेका, आँखा भएर पनि अन्धा हुन बाध्य, मुख भएर पनि लाटो बनेका थुप्रै महिलालाई यात्राले सक्रिय बनायो । भूमिमा महिला अधिकारको विषय अब कोठामा सीमित रहेन । यो गाउँ, बस्ती, पहरा, कन्दरा, पाखो हुँदै शोषक जमिनदार, नेता, सभासद्, बुद्धिजीवी, शिक्षक, नागरिक, एफएम, पत्रकारलगायत् निकै ठाउँमा विस्तार हुन सकेको छ ।

*- हरिकला राना, वीरेन्द्रनगर नगरपालिका वडा नं. ११, चनौटे नौली टोल*

## गर्भवती र ७० नाघेकाले ऊर्जा थपे

भूमिअधिकार यात्रामा जाने त भइयो तर त्यो सजिलो कार्य भने थिएन । आफैं जुटाएर छाक टार्नुपर्ने अवस्था भएकाले विनाआम्दानी १५ दिनका लागि बाहिर जानु मेरा लागि कठिन थियो । तर पनि म र मजस्तै पीडितका अधिकारबारे अभियान भएकाले नजान पनि सकिन । त्यसैले यात्रा अवधिका लागि चामल, नून, तेल आदि जोकाड गरिदिएँ र केही पैसा सापट खोजी सासू आमालाई थमाइदिएपछि मेरो यात्राको बाटो खुल्यो ।

चन्द्रौटामा भएको जिल्ला भूमि अधिकार मञ्चको बैठकअनुसार कपिलवस्तुबाट १० जना महिला पैदल यात्रामा जाने निर्णय भयो । यात्रीमा एक गर्भवती र एक जना ७० वर्ष नाघेकी महिला पनि थिइन् । जाने क्रममा गाडीमा एक पुरुषले मलाई भूमिअधिकार भनेको के हो भनेर सोधे । शान्ता चौधरी जस्ता सभासद्ले भूमिअधिकारका लागि कति बजेट छुट्याए भनेर प्रश्न गरे । उनको नियत हामीलाई निरुत्साहित पार्नेखालको थियो । तर हामीले उनीसँग खासै प्रतिवाद गरेनौं किनकि मलाई थाहा थियो- नबुझ्नेकालाई बुझाउन सकिन्छ तर बुझेर पनि बुझ पचाउनेलाई केही गर्न सकिन्न ।

यात्रा अवधिमा मेरी छोरी बिरामी भइछन् । त्यसले केही तनाव उत्पन्न गरायो । तर पनि मैले यात्रा छाडिन । पक्कै पनि महिलालाई घर छाड्न सहज छैन तर पनि अप्ठ्याराहरु व्यवस्थापन गर्दै अघि बढिएन भने हामी जहाँको तहीं हुन्छौं । प्रगति हुन सक्दैन । भूमिमा महिलाको अधिकार स्थापित गराउने जस्तो महत्वपूर्ण कार्यमा लाग्न पक्कै सहज छैन भन्ने थाहा भएकै कारण मलाई क्षणिक तनावहरुले आकर्षित गर्न नसकेका हुन । कतिपय सन्दर्भमा पारिवारिक घेराहरु पनि बाधक हुन्छन्, त्यतिबेला त्यसलाई मिलाउने प्रयत्न गर्नुपर्छ भन्ने लाग्छ ।

आँटेमा जे काम पनि गर्न सकिन्छ । म महिला हुँ, अघि सर्नुहुँदैन भन्ने भावनाले पछि परिन्छ । यात्रापछि महिला नै भए पनि गाउँमा प्रश्न गर्न सक्ने भएकी छु । कतिपय पुरुषले पोथी बासेको ठीक हुँदैन भनेर कुरा काट्छन्, कतिले घरका पुरुषलाई उचालिदिन्छन् तर यी सबै कुराको उचित प्रतिवाद गर्न सक्नुपर्छ । यात्राले यही सिकाएको छ मलाई ।

*- जानकी सुनार, कपिलबस्तु*





## खाली खुट्टाको यात्रा

बन्दै गरेको नयाँ संविधानमा जमिनमा महिला किसानको हक व्यवस्था, सम्पूर्ण आर्थिक क्रियाकलापमा महिलाको संलग्नता, पति-पत्नीको संयुक्त लालपूर्जा, पतिको नाममा भएको पूर्जा संयुक्त गर्दा लाग्ने शुल्कमा छुट जस्ता माग भएकाले महिला पदयात्रामा सहभागी हुन त्यसै लोभिएँ ।

धेरै दिनको यात्रा भएकाले होला धेरैका चप्पल छिनेका थिए । यात्रामा वास्तविक भूमिहीन सामेल भएकाले होला, चप्पल किन्ने पैसा पनि नभएकाले उनीहरु बाँकी अवधिभर खाली खुट्टा नै हिँडिरहे । सङ्गठन र समुदायका भूमिहीन महिलाले गरेका स्वागतका अगाडि खाली खुट्टाको पीडा निकै सामान्य देखिन्थ्यो । यही ऊर्जाले यात्रा सफल तुल्याउन मद्दत पुर्‍यायो पनि ।

यात्राका क्रममा केहीले डलर पचाउन आएका भनेर यात्रीहरुलाई होच्याए पनि । कतिले भने राम्रो काम हो भन्दै शुभकामना पनि व्यक्त गरे । तर भूमिहीनले भने यात्रामा सहभागीहरुको आवाज दरिलो हुन्छ कि हुन्न वा यसले केही नतिजा हात पर्ला कि नपर्ला भनेर शङ्काको दृष्टिले हेरेको पाइयो । हुन पनि हाम्रो आन्दोलनले केही नतिजा ल्याउन सकेन भने उनीहरुका आशामाथि तुषारापात हुनेछ । त्यो पाटोमा भने अहिलेदेखि नै सतर्क हुनुपर्छ भन्ने लागेको छ ।

विना ओढ्ने ओछ्याउने खाली सिमेन्टमा पनि सुतियो तर पीडा भने महसुस भएन । उल्टै उत्साह र उमङ्ग छायो बरु । सङ्घर्षको नौलो अनुभूति भइरहेको थियो । हरेक ठाउँमा विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग अन्तर्क्रिया/छलफल भयो । तर दलका प्रतिनिधिले खासै चासो दिएको लागेन । सायद उनीहरु सबै जमिनदार भएर पनि हुन सक्छ ।

कार्यक्रम समग्रमा एकदमै राम्रो थियो । सबै ठाउँका छलफल, अन्तर्क्रिया र कोणसभा रोचक रहे । राम्रो पक्ष के थियो भने यी सबै कार्यक्रमको सञ्चालन/संयोजन महिलाले नै गरेका थिए । यस्ता दबाबमूलक कार्यक्रम नियमितरुपले चलाउनुपर्ने माग उनीहरुको थियो । हरुवाचरुवा, गुठीपीडित, मुक्त कमैया, सुकुम्बासी, कमलरी, भूमिहीन, कृषि मजदूर जस्ता भूमिअधिकारबाट वञ्चित सबैले यो यात्राबाट निकै ठूलो आशा सङ्गालेका छन् ।

त्यसैले यिनीहरु भूमिअधिकारबाट सुसज्जित हुने दिन अर्थात् गरिखानका लागि जग्गामा स्वामित्व प्राप्त गर्न सकेको दिन बल्ल उनीहरुको आशा पूरा हुनेछ । साथै हाम्रो पनि यात्राको उद्देश्य पूरा हुनेछ । म अहिले पनि त्यही दिनको कामना गरिरहेको छु । र यात्रा, अनि यात्राका क्रममा ती पीडित दिदी-बहिनीले हामीप्रति तेर्स्याएको दयालु नजर अहिले पनि हरदम सम्झिरहने गर्छु ।

*- रीता चौधरी, दाङ*





## प्रश्नैप्रश्नको यात्रा

अब लेखिने संविधानमा मुलुकभरका भोका, नाङ्गा, रोगी र दुःखी भूमिहीनका समस्या समेटिनुपर्छ, जसले सुकुम्बासी हरुवा-चरुवा, ऐलानीपीडित, बेदर्तावाल मोही, कमलरी, बुकरही जस्ता भूमि अधिकारबाट वञ्चितहरुको पक्षमा बोलोस् भन्ने कामनाका साथ यात्रामा सहभागी भइयो । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने छुट्टै तरिका पनि थियो यो । त्यसैले ममात्र हैन, यो यात्रामा ४० जिल्लाका ३ सय ३७ महिला र ४१ पुरुष सहभागी थिए ।

सुदूर पश्चिमको कञ्चनपुर, दाङको तुलसीपुर र बाँकेको कोहलपुरबाट सुरु गरिएको ११ दिने भूमि अधिकारका लागि महिला पदयात्रामा विभिन्न जातजाति र भाषाभाषीमात्र सहभागी थिएनन् । १५ वर्षदेखि ८४ वर्षसम्मका महिला टाउको र पिठ्युँमा बोरा र झोलामा पानीको सिसी बोकेर हिँडेका दृश्य सबैको ध्यान केन्द्रित गर्न लायक थियो ।

उनीहरुले बोकेका ओढ्ने/ओछ्याउने, बर्को, थाल, भुटेको मकै, सातु, भेली र चिउरा जस्ता बन्दोबस्तीका सामग्रीले बाहिरी मानिसमात्र हैन, यात्राकै सहभागी पनि अचम्म मानेर हेर्थे । अत्यन्त हर्षका साथ दैनिक २५ देखि ३५ किलोमिटरको बाटो विना दुःख कष्ट, भोक तिर्खा, थकाई केहीको प्रवाह नगरी पैदल यात्रामा लागेका सहभागीले प्रत्येक पाइलामा दृढ आत्मविश्वास प्रदर्शन गरेका थिए ।

सरकारले हाम्रा पीडा अवश्य सुन्छ र त्यसको कार्यान्वयन पनि हुन्छ भनी उनीहरु ढुक्कले घरबार र बालबच्चा छाडेर हिँडिरहे । यसरी हिँड्ने क्रममा उनीहरुले आफू जस्तै पीडित देख्दा दुःख बिर्से । बाटोमा साथीहरुको लहर थपिँदा झनै आनन्द माने । उनीहरुको यो चाला देख्दा मलाई बेलाबेला सारा गृहस्थी छाडेर यिनै दुःखीको हितका लागि लागिरहौं जस्तो लाग्थ्यो । अनि मनमै प्रश्न उठ्थ्यो- किन नेताहरुलाई मलाइ जस्तो लाग्दैन ?

यहाँका नेताहरुलाई पीडितहरुको पक्षमा रहन र बोल्न सिकाउनुपर्छ । गरिबका लागि हुन नसकेको निकुञ्ज किन आवश्यक पर्‍यो भनेर सोध्न मन लागेको छ । उनीहरुका पाकेका घाउ र वर्षौंदेखि पालिएका रोग देख्दा लाग्छ- सरकारले वर्षेनि स्वास्थ्य क्षेत्रमा छुट्याउने बजेट कसले खर्च गर्छ ? अनि प्राकृतिक स्रोतको प्रयोगमाथि प्रतिबन्ध लगाएर गरिबको जीविका कसरी चल्छ ? यावत् प्रश्न यात्राले उठायो । र, आशा पनि जगाएको छ

कि एक दिन अवश्य जनताले यी उत्तर पाउने दिन आउनेछ । विशाल सहभागिताले यसै भनेको ठानें ।

अर्काको हलो कोदालो गर्दै आएकाहरु नै सधैं बाढी पहिरोको चपेटामा पर्दै आएका छन् । सडकछेउ बस्नेलाई सडक विभाग नै देखिसहँदैन । वनको छेउमा बसौं भने सामुदायिक वन र निकुन्ज आगो ठोस्न अघि सर्छ । कहाँ बस्ने ? कसरी खाने ? आखिर बाँच्ने कसरी ? यात्राभर धेरैले सोधिरहे । आफ्नै आँखाले पनि यस्तै दृश्य नियालिरह्यो । तर खिन्न भइयो किनकि उत्तर थिएन ।

ठाउँठाउँमा हजारौं विगाहा जमिन जमिनदारको नाममा रहेछ । त्यो पनि बाँझो अवस्थामा । कुनै ठाउँमा कृषियोग्य जमिनमा रुख रोपेका रहेछन् । अर्कोतिर गरीब भूमिहीन भने भोकै । बालबच्चा कुपोषणसँग पौठेजोरी खेल्दैमा हैरान । बाल अधिकार र महिला अधिकार सहरबाट गाउँ कहिले पस्ला ? मनमनै प्रश्न जागिरह्यो । तर आफैं निरुत्तर...।

आखिर महिलालाई नै किन सताउँछन् पीडाहरुले ? हिंसा किन महिलाकै आँसुमा रमाउँछ ? भूमिसुधार किन महिला विरोधी हुन्छ ? महिलाको हाँसो किन देख्न चाहन्न राज्य ? यस्तै यस्तै प्रश्नको उत्तर माग्यो यात्राले । अनि सहभागीका कसिएका मुठीले भने- हामी यी प्रश्नका उत्तर दिलाएरै छाड्छौं तर केही समय पर्ख । अनि मैले पनि सोचें- परिश्रमको फल मीठो हुन्छ । मात्र परिश्रम गर निरन्तर ।

*- रेणुका पौडेल, हरिवन, सर्लाही*





## संयुक्त पूर्जा बनाउने फूलकुमारी दम्पतीको सल्लाह

नवलपरासीकी फूलकुमारी बुर्जा जब एघार दिनको पदयात्रा सकेर घर फर्किइन्, उनका पतिले यात्रामा के के भयो त भनेर सोधे । फूलकुमारीले यात्राका सबै कुरा बेलिबिस्तार लगाइन् । यात्राका नारा, त्यहाँ उठाइएका मुद्दा, स्थानीयले गरेका सम्मान र आफूले सिकेका नयाँ कुरा । बताएका कुरामध्ये एउटा थियो : भएका जग्गाको पति र पत्नी दुवैको नाममा संयुक्त जग्गाधनी पूर्जा बनाउने । उनका पतिलाई यो कुरा निकै मन परेछ । त्यसैले पत्नीले यात्राबारे बताइसक्न नपाउँदै उनले आफ्नो जमिनको पूर्जा पनि संयुक्त बनाउने प्रस्ताव राखिहाले । उनीहरुसँग ७ कट्ठा नम्बरी जग्गा छ । ४ कट्ठा पति (डमलाल पुन) को नाममा र ३ कट्ठा फूलकुमारीको नाममा छ । दुवै जना मालपोत कार्यालय गएर सबै जग्गाको संयुक्त पूर्जा बनाउने सहमति उनीहरुबीच भइसकेको छ ।

### संयुक्त पूर्जा नबनाएर गल्ती गरिएछ

म आफैं मुक्त कमैया हुँ । २०५६ सालदेखि कमैया मुक्तिको आन्दोलनमा लागें । आन्दोलन सफल भएपछि ३ कट्ठा जमिन पनि पाएँ । त्यो जमिन पतिको नाममा छ । यो पदयात्रापछि मलाई त्यतिबेला उक्त जमिन दुवैको नाममा नगरेर गल्ती गरिएछ भन्ने पछुतो लागेको छ ।

*- मोतीदेवी थारु, देउढाकला गाविस, बर्दिया*

हुन त संयुक्त पूर्जा बनाउनुअघि नै यो दम्पतीसँग भएको जमिनको स्वामित्व दुवै जनासँग छ । तर पनि यात्राको प्रभावले अझ एक कदम अघि बढेर उनीहरु सबै जमिनमा दुवैको बराबरी स्वामित्व कायम गर्ने निष्कर्षमा पुगेका छन् । भूमिमाथि महिलाअधिकार पदयात्राको एउटा प्रमुख उद्देश्य यो पनि भएकाले फूलकुमारीका पति डमलालले यसलाई स्वीकार गर्नुलाई पदयात्राकै सफलताका रुपमा लिन सकिन्छ । हुन त डमलाल महिलाको अधिकारप्रति उदार थिए । भाषा नमिलेको, खाने र बस्ने ठेगान नभएको, खुला आकाशमुनि सुत्नुपर्ने जस्ता समस्या बताउँदै पदयात्राकै बीचमा फूलकुमारीले घर आउन पतिसँग अनुमति मागेकी थिइन् तर पतिले भने यात्रा पूरा गरेरमात्र आउन पत्नीलाई हौस्याएका थिए । उनको त्यही व्यवहारबाट थाहा हुन्छ कि उनी महिलाको अधिकारप्रति कति सचेत छन् भन्ने ।

नेपालमा जग्गा किन्दा वा कसैबाट पास गर्दा महिलाको नाममा गर्‍यो भने आर्थिक वर्ष २०६७/६८ को बजेटले छुट हुने शुल्क बढाएर ३० प्रतिशत पुर्‍याएको छ । यही कारण पछिल्ला केही वर्षमा महिला जग्गाधनी बढेको पनि पाइएको छ । तर धेरै मानिसले सरकारले उपलब्ध गराएको छुट सुविधा लिनका लागि महिलाको नाममा जमिन पास गर्ने चलन बढेको छ न कि महिलाको सच्चा स्वामित्वका लागि । जबसम्म महिलाले आफ्नो नाममा भएको जमिन बेच्ने, अरुलाई दिने, धितो राख्ने जस्ता कार्य आफूखुशी गर्न पाउन्नन्, तबसम्म त्यो जमिनमा उनको वास्तविक स्वामित्व भएको मान्न सकिन्न । त्यसैले संयुक्त पूर्जा आवश्यक ठानिएको हो ।

**संयुक्त स्वामित्व नहुँदा...**

कन्चनपुर देखतभुलीकी कल्पना योगी आफैं भूमिअधिकार आन्दोलनकी अगुवा हुन । उनको बिहे त भयो तर घरबार सफल हुन सकेन । त्यसैले अंश भराइपाउनका लागि उनले अदालतमा मुद्दा हालिन् । अहिले तारेख खेपिरहेकी छन् । पदयात्राकै क्रममा पनि एक दिन तारेख लिएर आइन् । यात्रा अवधिभर कल्पनालाई आफ्नो यो अवस्थाबारे खासै चिन्ता लागेन, किनकि उनको यात्रामा मात्र हैन, उनीहरु पुग्ने ठाउँमा पनि यस्तै अवस्थाका धेरै महिला थिए । जसलाई हेरेर उनी चित्त बुझाउँथिन् । तर जब यात्रा सकिएर सबैसँग छुट्टिने बेला भयो, उनी भक्कानिएर रोइन, किनकि उनलाई लाग्यो- अब मसँग कोही हुने छैन, म पहिलेजस्तै एक्लै भएँ ।

यदि घरपरिवारमा भएको जमिनमा पुरुषको सँगै महिलाको पनि स्वामित्व भएको भए कल्पनाहरुले रुँदै न्यायालयको शरण पर्नुपर्ने थिएन । उनको रुवाइ टुलुटुलु हेर्न बाध्य पदयात्राका सहभागीले यतिसम्म त भने तर यस्तो सुखद् दिनका लागि भने अझै कति पदयात्रा सम्पन्न गर्नुपर्ने हो, उनीहरुलाई पनि थाहा छैन ।

भूमिअधिकारकर्मीहरुले जतिसुकै आन्दोलन गरे पनि सरकारले भने महिलाको स्वामित्वमा जमिन ल्याउन वा पति र पत्नी दुवैको नाममा धनी पूर्जा बनाउने नीति ल्याउन कुनै पहल गरेको देखिन्न । २०५७ सालमा कमैया मुक्तिको घोषणा गरेपछि उनीहरुलाई सरकारले जमिन दिएको थियो । यसरी उपलब्ध गराइएको जमिन केही समयपछि नै मुक्त कमैयाले बेच्न थालेपछि त्यस्तो जमिनमा पति-पत्नी दुवैको स्वामित्व कायम गराउनुपर्ने





आवाज उठेको थियो । यो माग उठेको धेरैपछि अर्थात् पछिल्ला चरणमा भने सरकारले मुक्त कमैयालाई उपलब्ध गराएको जमिनमा यसरी संयुक्त पूर्जा जारी गरिएको छ ।

**अब संयुक्त पूर्जा बनाउने हो पक्का**

बर्दियाको गुलरिया नपा-५ मा तुलसीपुर नामको एक बस्ती छ । यही बस्तीकी बासिन्दा हुन शीतला रोकाया पनि । उनी ऐलानीमा बसेकी छिन् । २ कठ्ठा जमिन छ । पति भारतमा मजदूरी गर्छन् । अहिले शीतला आफू बसेको ऐलानी दर्ता गर्ने अभियानमा लागेकी छिन् । उनी भन्छिन्- यो जमिन दर्ता गर्ने हो तर पतिको नाममा हैन, मेरो र उनको नाममा संयुक्तरुपले गर्ने हो ।

उनलाई कसरी आयो त यस्तो सोच ? प्रश्न खस्न नपाउँदै भन्छिन्- म पनि पदयात्रामा गएकी थिएँ । त्यहीबेला सिकेको हो यो कुरा । दुवैको नाममा पूर्जा भयो भने कसैबाट पनि हेपिनुपर्दो रहेनछ भन्ने मैले पनि थाहा पाएँ अब त । शीतलाका अनुसार आमाको यो प्रस्तावमा दुवै छोरा पनि सहमत भइसकेका छन् ।

जसले गर्दा यस्ता जमिन बेचिने, दान गरिने वा अन्य हिसावले दुरुपयोग हुने क्रम रोकिएको छ । जे गर्न पनि मुक्त कमैया दम्पतीकै सहमति चाहिने र खासगरी पत्नीले बेचबिखन गर्न सहमति प्रदान नगर्ने भएकाले यस्ता जमिन पक्का भएका उदाहरण मुक्त कमैया बस्तीमा छ्यास्छ्यास्ती देख्न पाइन्छ । मुक्त कमैयाका सवालमा लागू भएको यो अभ्यास राज्यले मुलुकभर विस्तार गर्न सके भूमि अभावमा बेहोर्नुपर्ने पीडाबाट महिलाहरु सधैंका लागि थोरै भएपनि मुक्त हुने निश्चित छ ।

खण्ड ४

# आन्दोलनको समीक्षा

यात्राका क्रममा थुप्रै अनुभव प्राप्त भएका छन् । नयाँ ज्ञान र तरिका महसुस भएका छन् । पीडित पीडितबीच, पीडित र स्थानीयबीच, सहभागी र सञ्चार माध्यमबीच, पदयात्री र नेता तथा नागरिक समाजका अगुवाबीच अनि अभियानकर्ता र स्थानीय पीडितबीच विभिन्न तवरले छलफल हुन सके । जसले समस्या र सवाललाई मसिनोसँग बुझ्ने मौका सबै पक्षलाई मिल्यो ।

यस क्रममा धेरै असल अभ्यास भएका छन् । एकले अर्काबाट सिक्ने काम निकै भएको छ । खासगरी वास्तविक भूमिहीनको पीडा सोझै आत्मसात गर्ने अवसर मिलेको छ । केन्द्र, क्षेत्र र जिल्लाका आँखा नपुगेका समस्या उजागर भएका छन् । जसबाट सिक्नुपर्ने कुरा निकै आएका छन् । पदयात्राले समग्रमा निकै उपलब्धि हासिल गर्न सफल भएको छ ।

## केही असल अभ्यास

पदयात्री छनौट गर्दा सुमदायमा पर्याप्त छलफल हुनु असल अभ्यासको एउटा नमुना भएको छ । सोचेभन्दा बढी सहभागिता हुनुले पदयात्राको उद्देश्यप्रति आयोजकहरु स्पष्ट रहेको देखाउँछ । अर्कोतर्फ भूमिअधिकार अभियानकर्ता र पीडितहरुमा आफ्नो अधिकार प्राप्तिका लागि जाँगर जागेको पनि यसले प्रमाणित गरेको छ ।

यात्राका क्रममा प्रत्येक दिन पालैपालो टोली नेता छनौट गर्ने तरिका आफैंमा व्यावहारिक थियो । सहभागी जिल्लाबाट समूहको नामाकरण





गरिएको थियो । जसले गर्दा सहभागी र जिम्मेवारी बुझ्न तथा त्यसलाई कार्यान्वयनमा ल्याउन सहज हुन्थ्यो । अर्कोतर्फ सहभागी सबैलाई अगुवा बनाइनाले उनीहरुले त्यहाँ भेदभाव महसुस गर्नुपरेन ।

हरेक दिन साँझ दिनभरिको यात्राबारे समीक्षा हुन्थ्यो । प्रतिवेदन तयार हुन्थ्यो । अनि समग्र टोलीको पनि समीक्षा हुन्थ्यो ।

सामुदायिक वन, उद्योग वाणिज्य सङ्घ, बजार व्यवस्थापन समिति, क्लब, विद्यालय र व्यक्तिगतरुपबाट खाजा, पानी, सर्वत, फलफूल उपलब्ध गराउने र स्वागत गर्ने वातावरण उत्पन्न हुन सक्यो । सहयोगीको नामावली सार्वजनिक गरी धन्यवाद दिने नीतिले यस्तो कार्यमा लाग्नेलाई उत्साह मिलेको महसुस भयो । कृष्णपुर उद्योग वाणिज्य सङ्घ, धनगढी चौराहाका रिक्सा चालक अनिल शर्मा, लम्की, जाली, बछेला सामुदायिक वन, इन्सेक, राष्ट्रिय मानव अधिकार आयोग, ओएचसिएचआर, फाया नेपाल आदिले गरेका सहयोग अविश्मरणीय रह्यो ।

पदयात्राका क्रममा ३३ वटा कार्यक्रम भए । जसमध्ये ३१ वटा कार्यक्रमको सञ्चालन स्थानीय सङ्गठनका अगुवा तथा पदयात्री महिलाले गरेका थिए । अभियानसँग सम्बन्धित गीतहरुले सहभागीको थकाइ मेटाउन सहयोग गरेको थियो भने मानिस जुटाउन पनि मद्दत गरेको थियो । जसका लागि सांस्कृतिक समूहको योगदान महत्वपूर्ण रह्यो ।

हरेक दिन साँझ दिनभरि भएको खर्चको आर्थिक विवरण सहभागीलाई जानकारी गराउने कार्य पारदर्शिताको नमुनाकै रुपमा रह्यो । यात्राभर सञ्चारमाध्यमको ध्यानाकर्षण गर्ने काम गरिरहेकाले प्रचुर मात्रामा उनीहरुको सहयोग प्राप्त भयो । विभिन्न झाँकी, भेषभूषा, लाइनविना हिँड्न नपाइने, नारा लगाइरहनुपर्ने जस्ता नियमका कारण सञ्चारमाध्यमले पछ्याइरहने वातावरण बन्यो ।

यात्राकै क्रममा प्राथमिक मञ्चद्वारा ५ ठाउँमा साँस्कृतिक कार्यक्रम आयोजना भयो भने गङ्गापरस्पुर गाविसमा १ दिने प्रशिक्षण शिविर सम्पन्न भयो । जसमा धेरै स्थानीयको सहभागिता रहने गरेको थियो ।

## कमजोरी

यात्रामा दैनिक भएको खर्चको जानकारी दिइने गरिएको भए पनि त्यसलाई व्यवस्थित गर्न अलि समस्या आइपर्‍यो । दिइएको जिम्मेवारी तथा जवाफदेहितामा कमी आएको महसुस भएको छ । जिम्मेवारी बाँडफाँट

पहिले नै हुने गरेकाले पदयात्राका क्रममा सिर्जित थप जिम्मेवारी व्यवस्थापनमा समस्या देखियो ।

यसबाहेक स्थानीय सङ्गठनहरुमा यात्राको विषयमा पर्याप्त छलफल हुन नसक्नु, पदयात्रीलाई चिया नास्ताको व्यवस्था समयमा नहुनु, सञ्चार साधनको व्यवस्था नहुनु, ३ वटै पदयात्री टोलीबीच परिचय हुन नसक्नु थप कमजोरीका रुपमा रहे । त्यसैगरी पदयात्राका क्रममा आवश्यक पर्ने टर्च, माइक, पोशाक आदिको अभावले यात्रा अवधिभर सताइरह्यो । पदयात्रीको पहिचानका लागि आवश्यक झोला, ज्याकेट, टोपी जस्ता सामग्री यात्राका क्रममा खड्क्यो । जिम्मेवारी कसैलाई बढी भयो भने कसैलाई नपुग ।

## चुनौती

भूमिमाथि महिलाको अधिकार पदयात्रालाई केहिले नकारात्मक अर्थमा बुझे । खासगरी जमिनदारहरुले यसलाई आफ्नो जमिन खोस्ने वा खोस्न उकास्ने कार्यका रुपमा लिए । ऐलानी जमिन चर्चिरहेका वा गैरकानुनीतवरले जमिन ओगटिरहेकाहरुले यो अभियानलाई आफूले खाइपाइ आएको गुमाउनुपर्ने अवस्थाका रुपमा लिए । अनि केहीले भने भूमिहीन वा सुकुम्बासीलाई आफूहरुविरुद्ध उकासेको आरोप लगाए । यस्तै यस्तै बुझाइका कारण धेरै ठाउँमा पदयात्रीलाई धारे हात लगाउनेहरु निस्किए । कतिपय स्थानमा बस्न निश्चित भइसकेको ठाउँमा समेत बस्न दिइएन । तर पनि पदयात्रीले यसलाई सहजै प्रतिवाद गरे- विना झडप, विना दुश्मनी, विना रातोपीरो अनुहार । यही कारण उनीहरु अभियान सम्पन्न गर्न सफल पनि रहे ।

अर्काको गाउँ, महिलाको बाहुल्य रहेको पदयात्रा टोली, त्यहाँ स्थानीय जमिनदार र उसका मानिससँग यसरी पौंठेजोरी खेल्दा वा प्रतिवादमा उत्रँदा जे पनि खतरा हुन सक्थ्यो । तर खारिएका अगुवा र साहसी महिलाको ठूलो टोली भएकै कारण पदयात्रीहरु झुक्न तयार भएनन् । उल्टै जमिनदारका मानिस पछि हटे । यस्तो अवस्थाले भूमिमाथि महिलाको अधिकार सुनिश्चित गर्न लागिपरेको सिङ्गै अभियानको हौसला वृद्धि भएको छ ।

यात्राभर यस्ताखालका चुनौती आइरहे । धेरथोररुपमा आएका सबै चुनौती सहभागीहरुले आ-आफ्ना ठाउँबाटै पार लगाए । भूमिअधिकारका लागि महिला यात्रामा सहभागी हुन बुटवल बसपार्कबाट महेन्द्रनगर जाने बसमा चढेको टोली पनि निकैबेर विवादमा फस्यो । बस चढेको केही समयमै





पदयात्राका सहभागी र एक यात्रुबीच महिलाअधिकारका विषयमा वादविवाद चल्यो । आफूलाई बढ्ता नै जान्ने हुँ भन्ने घमण्ड गर्ने ती व्यक्तिले यात्रा र भूमिअधिकार दुवै वाहियात् भन्ने कुतर्क गरे । यसले चर्को रुप लिएर हात हालाहालमा परिणत हुने सङ्केत देखायो । जुन विवादलाई सहभागीले भद्रतवरले सुरक्षित अवतरण गराए ।

यस्ता थुप्रै विवाद सहभागीले सहजै मिलाउन सक्नुमा केही कारण थिए । पहिलो त अभियानमा लाग्नेहरुले आक्रामक हुनुहुन्न भन्ने बुझाई उनीहरुले पाएका थिए । त्यसैले सहभागीहरु भद्र पाराले प्रस्तुत भए । एउटा आगो र अर्को पानी भएपछि स्थिति तनावपूर्ण हुनै सक्दैन । यही प्रमाणित गरे भूमिअधिकार यात्राका सहभागीले । अर्को कारण थियो- समाजमा रहेका केही नकारात्मक सोचवालाले हरेक कुरालाई नकारात्मक दृष्टिले नै हेर्छन् भन्ने बुझाइ । र, यस्ता सोचवालालाई बुझाउँदा बुझाउँदा उनीहरुले थाहा पाइसकेका छन् कि यिनीहरुलाई कसरी 'कन्भिन्स' गर्दा ठीक उपचार हुन सक्छ भन्ने । अनि तेस्रो कारण यो थियो कि कुनै पनि कुरा प्राप्तिका लागि बाटा सहज हुँदैनन् भन्ने बुझाइ । थुप्रै काँडा पन्छाएर वा तिनीहरुलाई छिमोलेपछि मात्र सुन्दर गुलाव हात पर्छ भन्ने यो आन्दोलनका अगुवालाई जानकारी हुनु नै यस्ता चुनौतीसँग जुध्न ऊर्जा प्राप्तिसरह बनेको छ । त्यसैले चुनौती उनीहरुका लागि खासै चिन्ताको विषय रहेन ।

बसको छतमा बसेर भूमिअधिकारको नारा लगाइरहेका सहभागीलाई सेनाले झण्डै बजाएन । शुक्लाफाँटा आरक्ष परिसरमा नारा लगाउन र छतमा बस्न नपाइने नियम थाहा नपाएकालाई राम्ररी सम्झाउन सकिन्थ्यो तर सेनाले धम्क्याउँदा सहभागीहरु निकै खिन्न भएका थिए । प्रजातन्त्र र गणतन्त्र प्राप्तिपछि पनि सेनाको व्यवहारमा परिवर्तन नआएको महसुस गर्दै उनीहरु माफ मागेर अघि बढेका थिए ।

यी यावत् धम्क्याइ, वादविवाद, चेतावनी जस्ता प्रत्यक्ष चुनौतीसमेत सामना नगरी भूमिहीन महिलाले पदयात्रा सम्पन्न गर्नु ठूलो उपलब्धि हो । जसले महिलाले अधिकार लिनका लागि भावी दिन झन् कठिन छन् भन्ने देखाएको छ भने जस्तासुकै कठिन परिस्थिति पनि सामना गर्न उनीहरु तयार छन् भन्ने सन्देश पनि उनीहरुले प्रदर्शन गरेका साहसले दिएको छ । अधिकार प्राप्तिका लागि लड्न, भिड्न र जस्तोसुकै पीडा खप्न तयार उनीहरु अब पछि हटेर अधिकार पाइने रहेनछ भन्ने निष्कर्षमा पुगेका प्रमाण हुन यी । जसले महिला सशक्तीकरणको पाटोलाई समेत उजागर गरेको छ ।

यसरी यात्रा अवधिमा सहभागीहरुले जमिनदारदेखि उसका भरौटे हुँदै बसका यात्रुसमेतलाई लोप्पा खुवाउन सफल भएका छन् । अझ महत्वपूर्ण कुरा त के हो भने यसबाट उनीहरु अलिकति पनि हच्केका छैनन्, बरु उनीहरुमा थप उत्साह पलाएको छ । मोतिदेवी चौधरी जस्ता साहसिक महिलाको व्यवहार र आँटले उनीहरु थप हौसिएका छन् । अनि कस्ता अवरोध आउँदा रहेछन् र तिनलाई चिर्न के गर्नुपर्दोरहेछ भन्नेबारे जानकारसमेत भएका छन् । जसले आगामी दिनका कार्यक्रम तयारीमा अपनाउनुपर्ने सावधानीबारे पनि सतर्क गराएको छ ।

यात्राका सबै पक्ष सुन्दरमात्र रहेनन् । धेरै ठाउँमा र धेरै तवरबाट चुनौती आइलागे । यात्रामा सहभागी महिलालाई पतिले तत्काल फर्कन फोनबाटै भन्ने नत्र गाली गर्ने तथा धम्क्याउने काम भयो । पदयात्रामा सहभागी हुनेका परिवारलाई स्थानीय जमिनदारले किन पठाइस् भनेर धम्क्याएपछि उनीहरु यसो गर्न बाध्य भएका थिए ।

जमिनदार तथा स्थानीय ठालूहरुले गरीब किसानहरुको मनोबल घटाउने, सङ्गठनका सदस्यबीच फाटो ल्याइदिने, भूमि सभा, सम्मेलन र कार्यक्रममा जान रोक लगाउने कार्य गरे । पदयात्री बास बसेका ठाउँ (धरमपुर, असैना, एकतानगर आदि) मा केही उच्श्रृङ्खल व्यक्तिले हो-हल्ला गरेर अवरोध पुर्‍याए । झलारीको कार्यक्रममा दलित जनजाति पार्टीका नेता गोविन्द नेपालीलाई बोल्न दिएको भन्दै स्थानीय युवाले हो-हल्ला गरेर कार्यक्रम नै बिथोल्न खोजे ।

बर्दियाको खैरी चन्दनपुरमा रातको समयमा जमिनदारले मानिस पठाएर कार्यक्रम भइरहेका बेला अगुवाहरुलाई धम्क्याउने काम गरे । यात्राका क्रममा बसदेखि बस्ती र गफमा मस्त गाउँलेले पदयात्रा र अभियानप्रति गरेका नकारात्मक टिप्पणीले सहभागीको हौसलामा गति घटाउने काम गरेको महसुस भयो ।

## सिकाई

सिक्ने क्रम कहिल्यै सकिन्न । यो जीवन रहेसम्म जारी रहन्छ । त्यसैले पदयात्रा आयोजनाले पनि भूमिअधिकार आन्दोलनमा लागेकालाई धेरै कुरा सिकाएको छ । जसलाई आगामी कार्यक्रमहरुमा कार्यान्वयन गर्दै जान सकियो भने आन्दोलन सहज र प्रभावकारी हुने ठानिएको छ ।





ठूला अभियान सञ्चालन गर्दा सहभागी छनौटका लागि आधार तयार गर्नुपर्दो रहेछ । वास्तविक पीडित, आन्दोलनप्रतिको बुझाइ, पारिवारिक सहयोग सम्बन्ध, परिपक्वता जस्ता कुरामा ध्यान दिनुपर्ने रहेछ । त्यसैगरी यात्राको दूरीभन्दा कार्यक्रममा बढी ध्यान दिनुपर्ने महसुस पनि भयो । आन्दोलन सफल पार्न स्थानीय स्रोत बढी प्रभावकारी हुँदोरहेछ ।

समुदाय तहको परिचालनसँगै नीतिगत तहमा आन्दोलनको तयारी हुनुपर्ने र त्यही मञ्चबाट अर्को सशक्त आन्दालनको घोषणा हुनुपर्ने देखियो । सरोकारवालासँग समन्वय, छलफल र पूर्व तयारीका लागि पर्याप्त जनशक्ति परिचालन गरिनु आवश्यक छ । पैदलयात्रा रुटमा पर्ने सरोकारवालासँगको समन्वय, सहकार्य र अन्तरक्रिया महत्वपूर्ण पाटो रहेछ । समुदायमा पूर्व तयारी गर्न सके कार्यक्रमलाई स्थानीय सहयोग प्राप्त हुने रहेछ ।

आन्दोलनमा वास्तविक पीडित र गरीबको संलग्नता भयो भने सरोकारवालाको प्रतिबद्धता र सहयोग प्रशस्त पाउन सकिँदोरहेछ भन्ने पनि यो पदयात्राले सिकायो । सहर, बजार तथा राजमार्गमा गरिने आन्दोलनभन्दा गाउँमुखी अभियान/आन्दोलनले गरीबलाई सङ्गठित पार्न, आत्मबल बढाउन, कार्यकर्ताको क्षमता अभिवृद्धि गर्न, काम गर्ने तरिका जानकारी गराउन र सरोकारवालाको ध्यान आकर्षण गराउन सहयोग पुग्ने रहेछ । पैदल यात्राका सहभागीलाई सम्मानपत्र/प्रमाणपत्र दिन सके उनीहरुको आत्मबल बढ्ने थियो । साथै आगामी कार्यक्रममा हुने सहभागिता झन् प्रभावकारी हुन्थ्यो ।

लामो यात्रा वा आन्दोलनमा हिँड्ने सदस्यको घर परिवार र समुदाय सङ्गठनमा छलफल गर्नु आवश्यक हुँदोरहेछ । यसले शङ्का निवारणमा मद्दत पुग्छ । बाह्य सरोकारवाला परिचालनका लागि छुट्टै टिम हुनुपर्दो रहेछ । सहभागीलाई बन्दोबस्तीका निश्चित सामग्री बोक्न अनिवार्य गरिनुपर्छ । पारिवारिक जोडी सहभागिताका लागि प्रोत्साहित गर्नुपर्दो रहेछ । आन्दोलनका लागि मौसमअनुसार समय, रुट आदिमा विचार पुर्‍याउँदै सहभागीको उमेर, समूह आदिबारे पनि ख्याल राख्नुपर्ने हुन्छ ।

## उपलब्धि

कुनै पनि कार्यक्रमको निश्चित उद्देश्य हुन्छ । यो पदयात्रा कार्यक्रमको पनि थियो । उद्देश्यअनुसार केही उपलब्धि हासिल भएका छन् । भूमिमाथि

महिलाको अधिकार सुनिश्चित गर्न यी उपलब्धिका जगमा आन्दोलन सहज हुने अपेक्षा गर्न सकिन्छ ।

पदयात्राका क्रममा भूमिमा महिला अधिकार किन जरुरी छ भन्नेबारे करिब ४० हजार जनासम्म प्रत्यक्ष सन्देश पुगेको छ । यस अभियानमा ७ हजार ४ सय ३५ जना सहभागी भए । १ सय ५७ जना महिला अगुवा तयार भएका छन् । ५ लाख मानिसमा भूमिमा महिला अधिकार सुनिश्चितताका लागि सन्देश पुगेको छ ।

संविधानसभाका उपाध्यक्ष, सभासद्, दलका प्रतिनिधि र महिला अधिकारकर्मीद्वारा भूमिमा महिला अधिकार अधिनत्व अभियानमा ऐक्यबद्धता जनाइएको छ । महिलाका लागि जग्गा रजिष्ट्रेशन शुल्कमा २५ बाट बढाएर चालू आर्थिक वर्षदेखि ३० प्रतिशत छुट दिन थालिएको छ । मौनताको संस्कार तोडिँदैछ । पदयात्रामा सहभागी र सहभागी हुन नसकेकाहरु पनि अधिकारबारे बुझ्न र आवाज उठाउन सक्ने भएका छन् । अधिकारबाट वञ्चितहरुमा शक्ति थपिएको छ । भूमिमा महिला अधिकारसम्बन्धी नयाँ कुरा थपिएका छन् । महिला नेतृत्व विकसित भएको छ । पति र पत्नी दुवैको नाममा संयुक्त जग्गाधनी पूर्जा बनाउनेबारे कम्तिमा पनि यात्रामा सहभागीका घरघरमा कुरा उठ्न थालेको छ ।

### आगामी योजना

भूमिमा महिला अधिकारका लागि २०६७ फागुनमा संविधान निर्माण र भूमिसुधारका लागि राष्ट्रिय आन्दोलनको योजना गर्ने । जसको मुख्य आयोजक राष्ट्रिय भूमिअधिकार मञ्च हुनेछ ।





## यात्रा : क्यामेराको दृष्टिमा

















" आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी "
महिला अधिकार
२४ फागुन देखि ५ चैत्र सम्म ०६८












"आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी"
भूमिमा महिला अधिकार पदया
२४ फागुन देखि ५ चैत्र सम्म ०६६




अधिकार
आयोजक
नेपाल


महिला अधिकार
राष्ट्रिय भूमि अधिकार मञ्च










महिला अधिकार यात्रा










भुमिमा

खण्ड ५

# अनुसुची

**“आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी”**
**भूमिमा महिला अधिकार पदयात्रा अवधारणा**

नेपालका ९० प्रतिशत महिला खेतीपातीको काम गर्छन् । ६० प्रतिशत कृषि उत्पादन महिलाले नै गर्दछन् । महिला नहुँदा हुन् त संसारका सबै मानिस भोकै पर्ने थिए । तर महिलाको यो महत्वपूर्ण काम पहिचानको साटो उल्टै सास्ती दिइएको छ । यहाँ दाइजोका निम्ति महिला जिउँदै जलाइन्छन् । विभिन्न स्वार्थका लागि वस्तुसरह बेचिन्छन् । वर्षौंदेखि जोतभोग गर्दै आएको जमिनबाट महिला किसान बेदखल गरिन्छन् । बसिरहेको घरबाट निकालिन्छन् र लालाबालासहित चौबाटोमा अलपत्र बनाइन्छन् ।

अन्न उब्जाउने र खाना तयार पार्ने महिला भोकभोकै र आधा पेट खाएर बस्नुपरेको छ । चलन, संस्कार, धर्म र कर्तव्यको नाममा महिलामाथि हिंसा भइरहेको छ । यो सबै अवस्था रहनुको मूल कारण भूमिमा महिलाको अधिकार नहुनु हो । भूमिमाथि महिला किसानको अधिकार स्थापित नभएसम्म महिलाको खानाको अधिकार पनि पूरा हुँदैन । आत्मबल बढ्दैन । व्यक्तिगत विकासको वातावरण रोकिन्छ । परिवार र समाजमा उनको निर्णायक भूमिका हुन सक्दैन ।

भूमिमा महिलाको अधिकार स्थापित गराउनु भनेको महिलाको सम्मान, पहिचान, इज्जत, तागत, हिम्मत र आत्मविश्वास बढाउनु हो । महिलामाथि हुने हिंसा, विभेद, शोषण, अन्याय, उत्पीडन र भेदभाव





अन्त्यका लागि अनि दिगो, न्यायपूर्ण, समतामूलक र समृद्ध समाज निर्माणका लागि भूमिलगायत् उत्पादनका साधनमा महिलाको हक हुनै पर्दछ ।

हो, यही अधिकार स्थापित गर्नका लागि घरघरबाट अनि गाउँगाउँबाट आन्दोलन आवश्यक महसुस गरी भूमिमा महिलाको पूरापूर अधिकार सुनिश्चित गर्न केही वर्षदेखि देशव्यापीरुपमा विभिन्न महिला सम्मेलन, सभा, र्‍याली, छलफल तथा बहस भइरहेका छन् । यसलाई थप बहसमा ल्याई नीतिगत सम्बोधन तथा व्यवहारमा कार्यान्वयनका लागि जनमत तयार पार्न राष्ट्रिय अभियानका रुपमा भूमिमा महिला अधिकार पदयात्रा आयोजना गरिएको हो ।

**तथ्याङ्कमा भूमि र महिला**

- जनसङ्ख्याको ५१.१% महिला छन् ।
- ९० प्रतिशत महिलाहरु खेतीपातीको काम गर्छन् ।
- कृषि उत्पादनमा महिलाको योगदान ६०.५ प्रतिशत र पुरुषहरुको ३९.५ प्रतिशत छ ।
- भूमिमाथिको कानुनी स्वामित्व पुरुषको ८९.१७ प्रतिशत र महिलाको १०.८३ प्रतिशत छ ।
- घर र खेतीको जग्गा दुवैको मालिक हुने महिला भने जम्मा ४ प्रतिशत मात्र छन् ।

यो पदयात्रा दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको महेन्द्रनगरबाट एकै पटक अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मार्च ८ (२०६६ फागुन २४) बाट सुरु हुँदैछ । तीनवटै जिल्लाको विभिन्न गाउँ, सहर, सदरमुकाम, विद्यालय, कलेज हुँदै पदयात्राको समापन कैलालीको टीकापुरमा चैत ५ गते हुनेछ । यस पदयात्रामा तीनवटै स्थानबाट एक एक सय महिला नियमित सहभागी हुनेछन् । बीचमा हुने दर्जनौं कार्यक्रममा कम्तिमा एक लाख सहभागी हुने अपेक्षा गरी सोहीअनुरुपको तयारी अगाडि बढाइएको छ । पदयात्रामा ४२ जिल्लाका भूमिहीन तथा किसान महिलाको गौरवमय सहभागिता रहनेछ ।

**हाम्रा माग**

१. बन्दै गरेको नयाँ संविधानमा निम्न विषय प्रष्ट लेखिनुपर्दछ।

- संविधानमा नै भूमिमा महिला किसानको पूर्ण हक हुने व्यवस्था गरिनुपर्दछ। यसको साथै सम्पूर्ण आर्थिक अधिकारमा महिलाको समान हक स्थापित हुनुपर्दछ।
- समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नहुने संवैधानिक व्यवस्था हुनुपर्दछ।
- पुर्ख्यौली सम्पत्तिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुने किटानी हुनुपर्दछ।
- प्रत्येक महिलालाई लैङ्गिक विभेदविना समान वंशीय हक हुनुपर्दछ।
- भूमि प्राकृतिक सम्पदा र उत्पादनको प्रमुख साधन भएकाले कृषिप्रधान हाम्रो मुलुकमा भूमिमा किसानको स्वामित्व स्थापित गर्दै उत्पादन र उत्पादकत्व बढाउन साथै सामाजिक न्याय स्थापनाका लागि भूमिमा न्यायोचित हदबन्दी कायम गरी हदबन्दीमाथिको जग्गामा क्षतिपूर्ति नदिने प्रष्ट व्यवस्थासहितको भूमिसुधारको ग्यारेण्टी गरिनुपर्दछ।
- सबै परिवारका लागि सुरक्षित आवासको व्यवस्था हुनुपर्दछ।

२. सबै भूमिअधिकारबाट वञ्चितलाई राज्यले खेतीयोग्य र जीविका टर्ने जग्गा उपलब्ध गराउनुपर्दछ। यस्ता किसानलाई बीउ, प्रविधि, सिंचाई, अनुदान आदिको व्यवस्था हुनुपर्दछ। यसरी जग्गा उपलब्ध गराउँदा महिला र पुरुष दुवैको हक स्थापित हुनुपर्दछ।

३. जग्गामा स्वामित्व भएका परिवारको महिला र पुरुष दुवैको नाममा नयाँ संविधान लागू भएको दुई वर्षभित्र संयुक्त पूर्जा जारी गरिनुपर्दछ। यसअघि जारी गरिएका सम्पूर्ण जग्गाधनी पूर्जामा महिलाको अधिनत्व कायम गरिनुपर्दछ।

४. पतिको नाममा रहेको जग्गामा पत्नी र पत्नीको नाममा रहेको जग्गामा पतिको अधिनत्व कायम गर्दा कुनै शुल्क नलाग्ने व्यवस्था





हुनुपर्दछ। यसका लागि सरकारले नै राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्दछ।

५. महिलाको नाममा जग्गा खरीद गर्दा लाग्ने राजस्वमा अहिलेको २५ बाट बढाई ५० प्रतिशत छुट दिइने व्यवस्था गरिनुपर्दछ। र एकल, अपाङ्ग, दलितको हकमा भने शतप्रतिशत छुट दिनुपर्दछ।

६. एकल महिला र स्वतन्त्र भूमि हक लिन चाहने महिलाका लागि विना झन्झट, विना शुल्क स्वतः भूमिको हक हस्तान्तरण हुनुपर्दछ।

७. मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह जन्मैदेखि पैतृक सम्पत्तिमा समान अधिकार दिएको छ। यसलाई व्यवहारमा लागू गराउन विशेष राष्ट्रिय योजना लागू गर्नुपर्दछ।

८. खेतीयोग्य तर खेती नभइरहेको जग्गामा महिलालाई सामूहिक खेती गर्ने व्यवस्था हुनुपर्दछ।

९. समान कामका लागि समान र उचित ज्याला पाउने व्यवस्था हुनुपर्दछ। कृषि मजदुरको ज्याला स्थानीय तहमा महिला सङ्गठनको सहभागितामा कायम गरी लागू गरिनुपर्दछ।

१०. महिलाले सरल ढङ्गले ऋण प्राप्त गर्ने व्यवस्था हुनुपर्दछ साथै महिलालाई ग्रामीण तहमा नै रोजगारीको व्यवस्था हुनुपर्दछ।

**सन्देशहरु**

- मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह जन्मैदेखि पैतृक सम्पत्तिमा समान अधिकार दिएको छ। पैतृक सम्पत्ति भन्नाले पूर्खाको चल, अचल सम्पत्तिलाई जनाउँछ। यो व्यवस्थालाई व्यहारमा लागू गरौं।
- भूमिलगायत् सम्पूर्ण स्रोत र साधनमा महिलाको अधिकार स्थापित गराउन घरघर र गाउँगाउँबाट उठौं।

**अपेक्षा**

- भूमिमा महिला अधिकार, सङ्गठन र भूमि आन्दोलनबारे बोल्न सक्ने एक सय महिला अगुवा निर्माण हुनेछन्।

- नयाँ संविधानमा भूमिमा महिला अधिकारको विषयमा प्रष्ट व्यवस्थाका लागि दबाव पुग्नेछ ।
- भूमिअधिकार हननबाट ग्रामीण महिला किसानले भोग्नुपरेका अन्याय र शोषणका घटना सार्वजनिक हुनेछन् ।
- भूमिअधिकारबाट वञ्चित ग्रामीण ३० जना महिला किसानको घटना अभिलेखीकरण गरिएको हुनेछ ।
- ग्रामीण भेगका एकल महिला, साना किसान महिला र जग्गा नभएका महिलामा भूमिमा महिला अधिकारका लागि सङ्घर्ष गर्न हौसला र सहभागिता बढ्नेछ ।
- संयुक्त लालपूर्जाका लागि ५० जना इच्छुक अगुवाको सूची तयार हुनेछ ।
- भूमिमा महिलाको अधिकार र पैतृक सम्पत्तिमा छोरीको अधिकारको मुद्दालाई बहसमा ल्याउन मद्दत पुग्नेछ ।

**उद्देश्य**

- १ लाख मानिसमा भूमिमा महिला अधिनत्वको सन्देश पुर्‍याउने । (१० हजारसँग प्रत्यक्ष सहभागी, ३० हजारसँग प्रत्यक्ष भेटघाट हुनेछ । )
- भूमिअधिकारको विषयमा वकालत गर्न सक्ने कम्तीमा सय जना महिला अगुवा तयार गर्ने ।
- गाउँका महिलाको विशेषतः भूमि नहुँदा भएका अन्याय, शोषण, वास्तविक अवस्था, परिवेश बाहिर ल्याउने र अभिलेखन गर्ने । (फोटो, कथा, विषयवस्तु आदि)
- भूमिमा छोरीको हक, महिलामा हक हस्तान्तरण र संयुक्त स्वामित्वका लागि सन्देश प्रवाह गर्ने, बहस सिर्जना गर्ने (विद्यालय, क्याम्पस क्लब ....)
- महिलाको नाममा जग्गा दर्ता लाग्ने दस्तुर २५ बाट ५० प्रतिशत छुट गराउन दबाव सृजना गर्ने ।





**नाराहरु**

आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी ।

जल, जङ्गल र जमिन, हुनुपर्छ जनताको अधिन ।

महिला र पुरुषको संयुक्त पूर्जा जारी गर ।

पैत्रिक सम्पत्तिमा छोरा-छोरीको समान हक व्यवहारमा लागु गर ।

सम्पत्तिमा दम्पतीको समान हक, कायम गर ।

संविधानमा भूमिअधिकार सुनिश्चित गर ।

भूमिमा महिला अधिकार ग्यारेन्टी गर ।

समयमै संविधान निर्माण गर ।

महिला हिंसा अन्त्य गरौ ॥

**यात्रीले बोक्नुपर्ने :** झोला, ओढ्ने (कम्बल वा बर्को), पानी पिउने भाँडो, थाल र गिलास

*(राष्ट्रिय भूमिअधिकार मञ्च नेपालद्वारा आयोजित भूमिमा महिला अधिकार यात्राको सन्दर्भमा मुख्य सरोकारवालालाई वितरणका लागि तयार पारिएको)*

# अपिल

## आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी
## भूमिमा महिला अधिकार पदयात्रा सफल पारौं !

नेपालका ९० प्रतिशत महिला खेतीपातीको काम गर्छन् । ६० प्रतिशत कृषि उत्पादन महिलाले नै गर्छन् । महिला नहुँदा हुन् त संसारका सबै मानिस भोकै पर्ने थिए तर महिलाको यो महत्वपूर्ण काम पहिचानको साटो उल्टै सास्ती दिइएको छ । यहाँ दाइजोका निम्ति महिला जिउँदै जलाइन्छन् । विभिन्न स्वार्थका लागि वस्तुसरह बेचिन्छन् । वर्षौंदेखि जोतभोग गर्दै आएको जमिनबाट महिला किसान बेदखल गरिन्छन् । बसिरहेको घरबाट निकालिन्छन् र लालाबालासहित चौबाटोमा अलपत्र बनाइन्छन् ।

अन्न उब्जाउने र खाना तयार पार्ने महिला भोकभोकै र आधा पेट खाएर बस्नुपरेको छ । चलन, संस्कार, धर्म र कर्तव्यको नाममा महिलामाथि हिंसा भइरहेको छ । यो सबै अवस्था रहनुको मुख्य कारण भूमिमा महिलाको अधिकार नहुनु हो । भूमिमाथि महिला किसानको अधिकार स्थापित नभएसम्म महिलाको खानाको अधिकार पनि पूरा हुँदैन । आत्मबल बढ्दैन । व्यक्तिगत विकासको वातावरण रोकिन्छ । परिवार र समाजमा उनको निर्णायक भूमिका हुन सक्दैन ।

भूमिमा महिलाको अधिकार स्थापित गराउनु भनेको महिलाको सम्मान, पहिचान, इज्जत, तागत, हिम्मत र आत्मविश्वास बढाउनु हो । महिलामाथि हुने हिंसा, विभेद, शोषण, अन्याय, उत्पीडन र भेदभाव अन्त्यका लागि अनि दिगो, न्यायपूर्ण, समतामूलक र समृद्ध समाज निर्माणका लागि भूमिलगायत् उत्पादनका साधनमा महिलाको हक हुनै पर्दछ ।

हो, यही अधिकार स्थापित गर्नका लागि घरघरबाट अनि गाउँगाउँबाट आन्दोलन आवश्यक महसुस गरी भूमिमा महिलाको पूरापुर अधिकार सुनिश्चित गर्न केही वर्षदेखि देशव्यापीरुपमा विभिन्न महिला सम्मेलन, सभा, र्‍याली, छलफल तथा बहस भइरहेका छन् । यसलाई थप बहसमा ल्याई नीतिगत सम्बोधन तथा व्यवहारमा कार्यान्वयनका लागि जनमत तयार पार्न राष्ट्रिय अभियानका रुपमा भूमिमा महिला अधिकार पदयात्रा गरिएको हो ।





भूमिमा महिलाको अधिकारलाई व्यवहारमा स्थापित गराउन आवश्यक शक्ति निर्माण गर्ने, जनमत बनाउने, प्रत्येक व्यक्ति, परिवार, गाउँ, सहर सबैतिर बहस सिर्जना गर्ने र राष्ट्रिय एवम् नीतिगत तहमा यो मुद्दा सम्बोधनका लागि आवाज उठाउने उद्देश्यले यो महत्वपूर्ण कार्यक्रम गर्न लागिएको हो ।

यो पदयात्रा दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको महेन्द्रनगरबाट एकै पटक अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मार्च ८ ( २०६६ फागुन २४) बाट सुरु हुँदैछ । तीनवटै जिल्लाका विभिन्न गाउँ, सहर, सदरमुकाम, विद्यालय, कलेज हुँदै पदयात्राको समापन कैलालीको टीकापुरमा चैत ५ गते हुनेछ । यस पदयात्रामा तीनवटै स्थानबाट एक एक सय महिलाले नियमित पैदल यात्रा गर्नेछन् । बीचमा हुने दर्जनौं कार्यक्रममा कम्तिमा एक लाख सहभागी हुने अपेक्षा गरी सोहीअनुरुपको तयारी अगाडि बढाइएको छ । पदयात्रामा ४२ जिल्लाका भूमिहीन तथा किसान महिलाको गौरवमय सहभागिता रहनेछ ।

यो अभियान तपाईं हामी सबैको अभियान हो । यस कार्यक्रममा यहाँको समय र अनुकूलताअनुरुप कुनै दिन, पूरै वा कुनै कार्यक्रममा आफूलाई पायक पर्ने टिमको कार्यक्रममा सहभागी भई आन्दोलनमा ऊर्जा थप्न, विभिन्न कार्यक्रममा आइपर्ने व्यवस्थापनमा सघाउन, यस अभियानले उठाएका मुद्दामा छलफल गर्न, व्यवहारमा कार्यान्वयनमा उतार्न आफैं लाग्न र गाउँका महिलाले गरेको यो गाउँमुखी कार्यक्रमलाई राष्ट्रिय तहमा जोडेर सहयोग पुऱ्याइदिनुहुनका लागि हामी सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**संयोजन :** राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल,
फोन नम्बर : ०१६९०४५८६

**मुख्य आयोजना :** जिल्ला भूमिअधिकार मञ्च कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ

**सहयोग :**

- सामाजिक विकास तथा अनुसन्धान केन्द्र बाँके,
- समाज कल्याण कार्यक्रम नेपाल (स्वान) दाङ
- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं

## पदयात्राको विवरण

### कञ्चनपुर-कैलाली समूह

| मिति | स्थान | | |
|---|---|---|---|
| फागुन २४ | महेन्द्रनगर | सिसैया | धरमपुर |
| फागुन २५ | धरमपुर | डगरदेजी | पिपलाडी |
| फागुन २६ | पिपलाडी | वन्साह | सरैया |
| फागुन २७ | सरैया | वाणीचौर | वेलकुण्डिया |
| फागुन २८ | वेलकुण्डिया | गुलरिया | गेटा |
| फागुन २९ | गेटा | धनगढी | सेयरी |
| चैत १ | सेयरी | चौमाला | राजीपुर |
| चैत २ | राजीपुर | मसुरिया | घोडाघोडी |
| चैत ३ | घोडाघोडी | मुढा | लम्की |
| चैत ४ | लम्की | पालबजार | एकतानगर |
| चैत ५ | एकतानगर | टीकापुर | समापन सभा |

### बाँके-बर्दिया समूह

| मिति | स्थान | | |
|---|---|---|---|
| फागुन २४ | कोहलपुर | मदनचोक | मनिकापुर,जब्दहवा |
| फागुन २५ | मनिकापुर | नेपालगञ्ज | इन्द्रपुर |
| फागुन २६ | इन्द्रपुर | बेलभार | उढरापुर |
| फागुन २७ | उढरापुर | भोलागौढी | मैनापोखर |
| फागुन २८ | मैनापोखर | कालिका | मोहम्मदपुर |
| फागुन २९ | मोहम्मदपुर | गुलरिया | गुजराना |
| चैत १ | गुजराना | कोमलपुर | बेलुवाचौक |
| चैत २ | बेलुवाचौक | बिपतपुर | कोठियाघाट |
| चैत ३ | कोठियाघाट | खैरीचन्दन | राजापुर |
| चैत ४ | राजापुर | टीकापुर पार्क | मौरनिया |
| चैत ५ | मौरनिया | टीकापुर | समापन सभा |





### दाङ समूह

| मिति | स्थान | | |
|---|---|---|---|
| फागुन २४ | तुलसीपुर | तुलसीपुर | विजौरी |
| फागुन २५ | विजौरी | पेरनी | दक्षिण अम्राई |
| फागुन २६ | अम्राई | सौंडियार | घोराही न. पा. |
| फागुन २७ | घोराही न.पा. | रामपुर | वालापुर |
| फागुन २८ | वालापुर | दे. नारायणपुर | नर्ती |
| फागुन २९ | नर्ती | सिसनिया | लालमटिया |
| चैत १ | लालमटिया | पचाहा | गोवरडिहा |
| चैत २ | गोवरडिहा | वाँकी | मटेरिया |
| चैत ३ | मटेरिया | चप्फा | सतवरिया |
| चैत ४ | प्रशिक्षण शिविर | सतवरिया | विजयनगर, टीकापुर |
| चैत ५ | विजयनगर | टीकापुर | समापन |

मिति : २०६६/१२/५

माननीय उपाध्यक्षज्यू,
संविधानसभा

**विषय : परिवर्तनका लागि हाम्रो आवाज र माग सम्बन्धमा ।**

भूमिमा महिला अधिकारको पदयात्रा (कञ्चनपुर, कोहलपुर र तुलसीपुरदेखि टीकापुरसम्म) गाउँका महिलाको वास्तविकता उजागर गर्ने, गाउँगाउँमा जागरण ल्याउने, महिला र गरीबमाथि भएको अन्यायविरुद्ध आवाज उठाउने अनि परिवर्तनको आशा जगाउने यात्रा थियो । ११ दिनको यस पैदल यात्रामा चुह्लोचौका र घाँस दाउराको जिन्दगीलाई केही दिन थाँती राखेर २९७ जना महिला सहभागी भयौं । ४१ जना पुरुष सहकर्मी पनि हामीसँगै सहभागी हुनुभयो । यस्तो ऐतिहासिक यात्रामा सहभागी हुन पाउँदा हामी गौरवान्वित छौं ।

यो यात्रामा हामी कहिले दुःखी बन्यौं । कहिल्यै खुसी भयौं । कहिले अधिकारको आवाज चिच्याएर निकाल्यौं । कहिले मौन बस्यौं । कहिले दिनभरि भोकै पर्‍यौं । कहिले २ घण्टाको फरकमा पनि खान पाइयो । कहिले आरामले सुत्यौं । कहिले रातभर जागा पनि बस्यौं । तर हामी कहिल्यै निराश बनेनौं । हाम्रो यस यात्रामा गाउँ बस्तीका मित्रहरुले असाध्यै सहयोग गर्नुभयो । नसोचेको सहयोग गर्नुभयो । आफू नसुतेर बास दिनुभयो । आफू नखाएर खुवाउनुभयो । काम गर्दागर्दै छाडेर ठाउँठाउँमा यात्रामा सहभागी हुनुभयो । ठाउँठाउँमा हार्दिकतापूर्ण स्वागत र बिदाई गर्नुभयो ।

हामीले उठाएका परिवर्तनका मुद्दाहरुमा साथ दिनुभयो । हामीसँगै हाँस्नुभयो र सँगै रुनुभयो । खाने थाल, ओड्ने बर्को र पानीको बोतल बोकेर पूरै यात्रामा हिँड्दा अनि गाउँगाउँमा आएर गरीब अनि महिलासँग छलफल गरेको देखेर धेरैले फरक आन्दोलनको गोरेटो कोरेको भन्दै खुसी व्यक्त गरे ।

यस यात्रामा हामीले धेरै कुरा भेट्यौं । ती धेरै कुराहरु हाम्रै जिन्दगीसँग मिल्दा थिए । केही नौला पनि थिए । यी सबै कुरा अहिले समेट्न सम्भव





नभए पनि केही अनुभूतिहरु, समुदायका आवाजहरु सङ्क्षेपमा राख्नु हाम्रो कर्तव्य नै हो ।

सबै गाउँमा भोक र अभाव थियो । महिलाहरु सबभन्दा बढी पीडित थिए । पानी, दाउरा, खाना महिलालाई निकै कठिन थियो । वादी महिलाहरु अझै मागेर खान विवश छन् । सुकुम्बासी महिलाहरु सुरक्षित आवास नहुँदा, शौचालय नहुँदा, पानी लिन टाढा टाढा जानुपर्दा आइपर्ने समस्याबाट पीडित छन् । एकल महिलाले भूमि अधिकार खोज्न सबभन्दा बढी परिवारबाटै अप्ठेरो परेको सुनाए । भूमिमाथि अधिकार नहुँदा अनेकन अन्याय र दुःख सहनुपर्ने विवशता भेटियो ।

जग्गा कमाउन लिएवापत जमिनदारको काम सित्तैंमा गर्नुपर्ने बाध्यता अझै बाँकी रहेको धेरै बस्तीमा सुन्यौं । पढ्ने उमेरकी बालिका जमिनदारको घरमा नाममात्रको रकममा काममा पठाउँदा धेरै आमा बाको मन अमिलिएको पायौं । तर त्यसो नगरे कमाउने जग्गा पाइँदैन । यसो नभए भोकै मर्नुपर्दछ । उनीहरुको विवशता सुन्यौं ।

कागजमा लोकतन्त्र आए पनि गरीब र महिलाको जिन्दगीमा सामन्ती व्यवस्था एक दिन पनि टुटेको महसुस भएन । अझै एक सय रुपियाँ ऋण लिँदा ६० रुपियाँ वर्षेनि ब्याज बुझाउनुपर्ने बाध्यता भेट्यौं । यात्रामा हिँड्दा जनताको अधिकारबारे कागजमा मात्र वास्ता गरिएको सबैले बोले । व्यवहारमा सरकारले केही गर्ला भन्ने विश्वास नरहेको बताए । यात्रा गरिएका सबै बस्तीमा पुरुष अति कम भेटिए । गुजाराका लागि अधिकांश काम गर्ने उमेरका युवाहरु भारत गएको पाइयो । यसले महिलामा कामको बोझ झन् झन् थुप्रिँदै गएको देखियो ।

हामीलाई बस्तीका साथीहरुले चुनाव आउनुअघि जग्गाको अधिकार पाउने आशा हुने र खुसी आउने अनि चुनावपछि बेखुस रहने स्थिति सुनाउनु भयो । चुनावमा दिनहुँ आउनेहरु त्यसपछि प्रशासन बस्ती उठाउन आउँदा कोही नआउने विडम्वना सुनाउनुभयो ।

धेरै सुकुम्बासी बस्तीमा पिउने पानी नभएको, विद्यालयको व्यवस्था नभएको सवाल राख्नुभयो । वरिपरिका गाउँमा बत्ती बल्दा सुकुम्बासी बस्ती अमिलो पोखेको जस्तो थियो । अर्थात् सुकुम्बासीलाई बिजुलीबाट वञ्चित गरिएका कैयन् बस्ती भेटिए । हामीले धेरै रात अँधेरोमा नै खाना खायौं ।

युवा क्लबका लागि खेल्ने चौर छ, सुकुम्बासीलाई बस्ने घडेरी छैन । कहीँ कतै सुकुम्बासीलाई बाँडिएको जग्गा अनुत्पादक, नदी नजिक र वन क्षेत्र वरिपरि दिइएका छन् । जहाँ बसोबासको कुनै आधार छैन । ऐलानी जग्गा मूलतः धनीमानीहरुले विभिन्न प्रपञ्च गरेर नापी गराएका छन् । यसको विरुद्ध कोही बोल्दैन । कतिले विरक्तेर नागरिकता बुझाएर विदेशिने बताए । सुकम्बासी बस्ती त्यसमा पनि दलित र महिलासम्म कुनै विकास पुगेको छैन । आखिर जसका लागि आउँछ, उनीहरुले केही पाउँदैनन् तर यो विषयमा आजसम्म कोही पनि जिम्मेवार नबनेकोमा उदेक लाग्यो । जसले अन्न उत्पादन गर्दछन्, श्रम र पसिना बगाउँछन्, उसैले नागरिकसरहको व्यवहार पाउँदैनन् । सुकुम्बासीलाई जहिल्यै पनि शङ्काको दृष्टिले हेर्ने कुराले पनि समुदायको मन नराम्ररी कुँडिएको छ ।

बाढीपीडित बस्तीमा कोही नरोइरहन सकेनौं । नदी किनाराको बालुवाको बास, जाने ठाउँ छैन । खाने गास छैन । काम पाइँदैन । सरकार एक माना चामल सहयोग गर्दैन । गाविसमा आउने बजेट गरीबको यो समस्या टार्न खर्च गर्न मिल्दैन । यस्तै विडम्बना हामीले भोग्यौं । सुन्यौं । सुकुम्बासीलाई वनमा अधिकार छैन । गाविसको स्रोतमा अधिकार छैन । सस्तो श्रममा अझै काम लगाइएको छ ।

हिजो आफैंले बनाएको जग्गामा आफैं खेताला बनेर काम गर्नुपरेको छ । जहिल्यै वाचा, वाचाको खातले मानिसमा निराशा बढेर गएको छ । परिवर्तनको आशा छैन । वन कार्यालय गरीबलाई शत्रु ठान्छ । तीसौं वर्षदेखि, पुस्तौंदेखि बसेका गरीबहरु त्यही जग्गाबाट वञ्चित भइरहेका छन् । सरकारले सुकुम्बासीलाई प्रदान गरेको पूर्जा चल्दैन । कतिसम्म ढाँटको खेती ? कति अन्याय ? कति नालायकीपन ? यी सबै देख्यौं ।

बस्तीमा आगो लगाइएको छ । घर भत्काइएका छन् । दिदीबहिनीमाथि इज्जत लुट्ने प्रयास भएको छ । आदिवासी समुदायले दशौं वर्ष लगाएर खेतीयोग्य बनाएको जग्गा पैसा र पाखुराको भरमा अर्कैले कागजी प्रमाण बनाएर हडपेको छ । मोहीहरुलाई जोत्नबाट बेदखली गरिएको छ । मोही लागेकाको जग्गा बाँडफाँट गरिएको छैन । केवल तारेखमा धाउन लगाइएको छ ।

हामीले ऐलानी जमिनमा बस्नेहरुको दुःख सुन्यौं । असुरक्षित स्थानमा रहेकाहरुको पीडा सुन्यौं । बाढीपीडित र आरक्षबाट विस्थापितको दुःख बुझ्यौं । २२ वटा आयोग बन्दा पनि आरक्षपीडितको पुनर्स्थापना हुन सकेको छैन । यस्तो आयोग कसका लागि ? कस्तो अचम्म ? बर्दिया





राष्ट्रिय निकुञ्ज वरपरको क्षेत्र जनताका लागि एउटा खुला जेल रहेको अनुभूति भयो । जनता निउरो टिप्न पाउँदैनन् । वनबाट घाँस दाउरा ल्याउन पाउँदैनन् । खोलाको माछा पार्न पाउँदैनन् । यसबाट राजी जाति लोप हुने अवस्थामा पुगेका छन् । कमैयालाई दिएको जग्गा अनुत्पादक र अपर्याप्त छ ।

यी यावत् अन्यायका बावजुद केही सकारात्मक कुरा पनि देखियो । गाविसमा बजेट दाबी गर्न थालेको, समुदाय सङ्गठित हुन थालेको, कतैकतै सहकारी बनाएको, सामूहिक खेती गर्न थालको, अधिकार दाबी गर्ने र सङ्घर्ष गर्न शुरुवात् गरेको स्थिति पनि महसुस गरियो । पदयात्राका यी केही भोगाई र केही आवाजका साथमा हामी हाम्रा निम्न माग सम्बोधनका लागि अनुरोध गर्दछौं :

१. बन्दै गरेको नयाँ संविधानमा निम्न विषय प्रष्ट लेखिनुपर्दछ :

- संविधानमा नै भूमिमा महिला किसानको पूर्ण हक हुने व्यवस्था गरिनुपर्दछ । यसका साथै सम्पूर्ण आर्थिक अधिकारमा महिलाको समान हक स्थापित हुनुपर्दछ ।
- समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नहुने संवैधानिक व्यवस्था हुनुपर्दछ ।
- पुर्ख्यौली सम्पत्तिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुने किटानी हुनुपर्दछ ।
- प्रत्येक महिलालाई लैङ्गिक विभेदविना समान वंशीय हक हुनुपर्दछ ।
- भूमि प्राकृतिक सम्पदा र उत्पादनको प्रमुख साधन भएकाले कृषिप्रधान हाम्रो मुलुकमा भूमिमा किसानको स्वामित्व स्थापित गर्दै उत्पादन र उत्पादकत्व बढाउन साथै सामाजिक न्याय स्थापनाका लागि भूमिमा न्यायोचित हदबन्दी कायम गरी हदबन्दीमाथिको जग्गामा क्षतिपूर्ति नदिने प्रष्ट व्यवस्थासहितको भूमिसुधार गरिनुपर्दछ ।
- सबै परिवारका लागि सुरक्षित आवास व्यवस्था हुनुपर्दछ ।

२. सबै भूमिअधिकारबाट वञ्चितलाई राज्यले खेतीयोग्य र जीविका टर्ने जग्गा उपलब्ध गराउनुपर्दछ । यस्ता किसानलाई बीउ, प्रविधि, सिंचाई, अनुदान आदिको व्यवस्था हुनुपर्दछ । यसरी जग्गा उपलब्ध गराउँदा महिला र पुरुष दुवैको हक स्थापित हुनुपर्दछ ।

३. जग्गामा स्वामित्व भएका परिवारको महिला र पुरुष दुवैको नाममा नयाँ संविधान लागू भएको दुई वर्षभित्र संयुक्त पूर्जा जारी गरिनुपर्दछ । यसअघि जारी गरिएका सम्पूर्ण जग्गाधनी पूर्जामा महिलाको अधिनत्व कायम गरिनुपर्दछ ।

४. पतिको नाममा रहेको जग्गामा पत्नी र पत्नीको नाममा रहेको जग्गामा पतिको अधिनत्व कायम गर्दा कुनै शुल्क नलाग्ने व्यवस्था हुनुपर्दछ । यसका लागि सरकारले नै राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्दछ ।

५. महिलाको नाममा जग्गा खरीद गर्दा लाग्ने राजश्वमा अहिलेको २५ बाट बढाई ५० प्रतिशत छुट दिईने व्यवस्था गरिनुपर्दछ । र एकल, अपाङ्ग, दलितको हकमा भने शतप्रतिशत छुट दिनुपर्दछ ।

६. एकल महिला र स्वतन्त्र भूमि हक लिन चाहने महिलाका लागि विना झन्झट, विना शुल्क स्वतः भूमिको हक हस्तान्तरण हुनुपर्दछ ।

७. मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह जन्मैदेखि पैतृक सम्पत्तिमा समान अधिकार दिएको छ । यसलाई व्यवहारमा लागू गराउन विशेष राष्ट्रिय योजना लागू गर्नुपर्दछ ।

८. खेतीयोग्य तर खेती नभइरहेको जग्गामा महिलालाई सामूहिक खेती गर्ने व्यवस्था हुनुपर्दछ ।

९. समान कामका लागि समान र उचित ज्याला पाउने व्यवस्था हुनुपर्दछ । कृषि मजदुरको ज्याला स्थानीय तहमा महिला सङ्गठनको सहभागितामा कायम गरी लागू गरिनुपर्दछ ।

१०. सुकुम्बासी तथा गरीब बस्तीहरुका लागि शिक्षा, खानेपानी, रोजगारी, कृषि र भूमिसुधारको विशेष कार्यक्रम लागू गर्नुपर्दछ ।

११. सुकुम्बासी आयोगले तुरुन्त जिल्ला आयोग बनाई सुकुम्बासी समस्यालाई व्यवस्थितरुपले सुल्झाउनुपर्दछ । भूमि आयोगलाई कार्यान्वयन आयोगमा रुपान्तरण गर्नुपर्दछ ।





यो यात्राले महिला र गरीबमा अन्याय, शोाषण, हिंसा, हेला, दुर्व्यवहारविरुद्ध बोल्ने आँट दियो । भूमिमा महिलाको मुद्दा र सम्पत्तिमा छोरीको अधिकारका विषयमा बहस चलायो । सङ्गठनमा बल थप्यो । आँट र हिम्मत बढायो ।

जमिन नभए जीवन रहँदैन । यसले जीविकोपार्जन मात्र हैन, पहिचान दिन्छ । ग्रामीण भेगका लाखौं जनताको जमिनसँग घनिष्ट सम्बन्धलाई अलग्याउन सकिँदैन । भूमिलगायत्का प्राकृतिक स्रोतसँग महिलाको सम्बन्ध महत्वपूर्ण छ ।

महिला स्वतन्त्रता वास्तविकतामा यो बेलासम्म उजागर हुन सक्दैन, जबसम्म भूमिमा श्रम गर्ने महिलाले भूमिको पूरा अधिकार पाउँदैनन् । भूमिअधिकारबाट वञ्चित हुनु भनेको बाँच्न पाउने अधिकार, अस्तित्व र आधारभूत आवश्यकताबाट वञ्चित हुनुपर्ने हुन्छ ।

हामीले यस यात्रामा युवा, महिला, वृद्ध, किसान, विद्यार्थी सबैसँग भूमि र महिला अधिकारका विषयमा छलफल गर्न पायौं । यस यात्रामा करिब ६० हजार व्यक्तिसँग प्रत्यक्ष छलफल भयो । हाम्रो नयाँ यात्रा भरखर सुरु भएको छ । हामीले देखेको अन्यायपूर्ण अवस्था र गरिबीमा फेरबदल नआएसम्म हाम्रो यात्रा रोकिने छैन । हाम्रा अडान पूरा गराउन यहाँहरुको साथका लागि हामी पदयात्री हार्दिक अनुरोध गर्दछौं । भूमिमा महिला अधिकारको विषय र सुकुम्बासी महिलाका गम्भीर समस्याबारे २ सय ९७ जना महिला सभासद्ले छलफल गरी ठोस निर्णय भएको सुन्न पाउँ भनी मा. संविधानसभाका उपाध्यक्ष र सभासद्हरुमा हार्दिक अनुरोध गर्दछौं र त्यो दिनका लागि कुरिरहेका छौं ।

*- भूमिमा महिला अधिकार पदयात्रा, राष्ट्रिय भूमि अधिकार मञ्च (फागुन २४ देखि चैत ५, २०६६) का सम्पूर्ण यात्रु)*

मिति : २०६६/१२/५

## प्रेस विज्ञप्ति

भूमिमा महिला अधिकार ११ दिने पदयात्राको समापन चैत ५ गते टीकापुरमा भयो । यो पदयात्रा दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भिमदत्तनगरबाट एकै पटक अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मार्च ८ (२०६६ फागुन २४) बाट सुरु भएको थियो । यात्राको क्रममा तीनवटै जिल्लाको विभिन्न गाउँ, सहर, सदरमुकाम, विद्यालय, कलेज हुँदै करिब ६० हजार व्यक्तिसँग छलफल भएको छ ।

राष्ट्रिय भूमिअधिकार मञ्चको संयोजनमा भएको यो यात्रा गाउँका महिलाको वास्तविकता उजागर गर्न, गाउँगाउँमा भूमिमा महिला अधिकारबारे जागरण ल्याउन, महिला र गरीबमाथि भएको अन्यायविरुद्ध आवाज उठाउन र परिवर्तनको आशा जगाउन महत्वपूर्ण भएको आयोजकले बताएका छन् । ११ दिनको यस पैदल यात्रामा २९७ जना महिला र ४१ जना पुरुष सहभागी थिए ।

समापन समारोहमा यात्रीहरुले समुदायका आवाज र माग समेटिएको ज्ञापन-पत्र संविधानसभाका उपाध्यक्षलाई बुझाएका छन् । यात्राबाट महिला र गरीबमा अन्याय, शोषण, हिंसा, हेला, दुर्व्यवहारविरुद्ध बोल्ने आँट दिएको, भूमिमा महिलाको मुद्दा र छोरीको सम्पत्तिमा अधिकारको विषयमा बहस बढेको यात्रुले बताएका छन् ।

समापन कार्यक्रमका अधिकांश वक्ताले जमिन नभए जीवन नरहने र यसमा पनि ग्रामीण भेगका लाखौं जनताको जमिनसँग घनिष्ट सम्बन्धलाई अलग्याउन नसकिने विचार राखेका थिए । उनीहरुले भूमिलगायत्का प्राकृतिक स्रोतसँग महिलाको सम्बन्ध महत्वपूर्ण हुने, भूमिमा श्रम गर्ने महिलाले भूमिको पूरा अधिकार नपाउँदासम्म महिला स्वतन्त्रता असम्भव भएकाले भूमिमा महिलाको अधिकार स्थापित गर्नुपर्ने कुरामा जोड दिएका छन् ।





उनीहरुले भूमिमा महिला अधिकारको विषय र सुकुम्बासी महिलाका गम्भीर समस्याबारे २९७ जना महिला सभासद्ले छलफल गरी ठोस निर्णय भएको सुन्न पाउँ भनी संविधानसभाका उपाध्यक्ष र सभासद्हरुमा अनुरोध गरेका छन् ।

*- भूमिमा महिला अधिकार पदयात्रा (फागुन २४ देखि चैत ५, २०६६) का सम्पूर्ण यात्रु*

## २०६६ फागुन २४ देखि २०६६ चैत ५ गतेसम्म आयोजित भूमिमा महिला अधिकार पदयात्राका सहभागी

### समूह १ : कैलाली - कञ्चनपुर

| क्रं. सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | सरस्वती नेपाली | द.न.पा.-१, बैतडी |
| २ | ममता औजी | द.न.पा.-१०, बैतडी |
| ३ | पार्वती भट्ट | द.न.पा.-९, बैतडी |
| ४ | रमा नेपाली | द.न.पा.-१०, बैतडी |
| ५ | पार्वती तिरुवा | द.न.पा.-१, बैतडी |
| ६ | गीता सिनाल | द.न.पा.-१, बैतडी |
| ७ | निर्मला वि.क. | देहीमाण्डौ-७, बैतडी |
| ८ | वसन्ती तिरुवा | द.न.पा.-१, बैतडी |
| ९ | सरुदेवी सार्की | टाटर-८, डडेल्धुरा |
| १० | दिनेश वि.क. | सकार-२, बैतडी |
| ११ | भरत ओली | सकार-२, बैतडी |
| १२ | कुश्मा टेलर | देहिमाण्डौ-५, बैतडी |
| १३ | नारायणराम सार्की | आम्चोरा-६, बैतडी |
| १४ | नरीराम लोहार | विशालपुर-९, बैतडी |
| १५ | हीरा नेपाली | द.न.पा-५, बैतडी |
| १६ | पार्वती नेपाली | डडेल्धुरा |
| १७ | मनु नेपाली | टाटर-८, डडेल्धुरा |
| १८ | सुन्तली वि.क. | जोगबुढा, डडेल्धुरा |
| १९ | हरुदेवी वड | चमडा-८, डडेल्धुरा |
| २० | तुलसा वि.क. | जोगबुढा-१, डडेल्धुरा |
| २१ | रामबहादुर भाट | जोगबुढा, डडेल्धुरा |
| २२ | इन्द्रा वि.क. | जोगबुढा, डडेल्धुरा |
| २३ | हरुदेवी वड | चमडा-८, डडेल्धुरा |
| २४ | भागरथी दमाई | बगरकोट-७, डडेल्धुरा |
| २५ | चक्रबहादुर दमाई | बगरकोट-७, डडेल्धुरा |
| २६ | राजु कैनी | पोखरा-७, डडेल्धुरा |
| २७ | सत्यकला वादी | बलिया-९, कैलाली |
| २८ | पार्वती नेपाली | मसुरिया-४, कैलाली |
| २९ | चन्द्रादेवी वि.क. | गेटा-४, कैलाली |





| | | |
|---|---|---|
| ३० | मनरुपा नेपाली | गेटा-५, कैलाली |
| ३१ | तारा नेपाली | गेटा-५, कैलाली |
| ३२ | निर्मला चौधरी | मसुरिया-४, कैलाली |
| ३३ | मनरुपा सापकोटा | मसुरिया, कैलाली |
| ३४ | किल्थी वि.क. | धनगढी, कैलाली |
| ३५ | तारा वि.क. | गेटा-४, कैलाली |
| ३६ | बिस्ना लोहार | झलारी, कञ्चनपुर |
| ३७ | उमा न्यौपाने | टीकापुर, कैलाली |
| ३८ | हिउँकला मिजार | पथरैया-९, कैलाली |
| ३९ | घुइरी वि.क. | टीकापुर, कैलाली |
| ४० | राधा वि.क. | टीकापुर, कैलाली |
| ४१ | नरुदेवी साउद | मसुरिया, कैलाली |
| ४२ | सरीता चौधरी | मसुरिया, कैलाली |
| ४३ | मनीषा चौधरी | बेलादेवीपुर, कैलाली |
| ४४ | ललिता मयाल | बलिया, कैलाली |
| ४५ | ईन्द्रा सुनार | चौमाला, कैलाली |
| ४६ | मनीषा सदाशंकर | मसुरिया, कैलाली |
| ४७ | सुस्मीता थापामगर | टीकापुर, कैलाली |
| ४८ | मीना थापामगर | मसुरिया, कैलाली |
| ४९ | धनरुपा सिजाली | टीकापुर-९, कैलाली |
| ५० | शान्ति चौधरी | मसुरिया-८, कैलाली |
| ५१ | गङ्गा चौधरी | मसुरिया-८, कैलाली |
| ५२ | देबु बुढा | धनसिहंपुर-२, कैलाली |
| ५३ | गङ्गा चौधरी | बेलादेवीपुर-३, कैलाली |
| ५४ | सरस्वती चौधरी | चौमाला-७, कैलाली |
| ५५ | जमुना वि.क. | धनगढी, कैलाली |
| ५६ | वीरबहादुर राना मगर | खैराला-४, कैलाली |
| ५७ | मुन्नी चौधरी | मसुरिया-८, कैलाली |
| ५८ | टेकेन्द्र सिजाली मगर | चौमाला-३, कैलाली |
| ५९ | दुर्गा भट्ट | बेलादेवीपुर-३, कैलाली |
| ६० | नरुदेवी वि.क. | मसुरिया-८, कैलाली |
| ६१ | डम्मरी भट्ट | धनगढी, कैलाली |
| ६२ | बजारी चौधरी | मसुरिया-८, कैलाली |
| ६३ | भागिरथी सिंह | मसुरिया, कैलाली |

| | | |
|---|---|---|
| ६४ | शोभा शाही | बलिया-४, कैलाली |
| ६५ | चन्द्रा वि.क. | पथरैया-८, कैलाली |
| ६६ | हीरा रसाइली | मसुरिया-१, कैलाली |
| ६७ | नरुदेवी वि.क. | मसुरिया-८, कैलाली |
| ६८ | भागिरथी सिंह | मसुरिया-४, कैलाली |
| ६९ | मानबहादुर नेपाली | चौमाला-३, कैलाली |
| ७० | हीरा सुनार | चौमाला-७, कैलाली |
| ७१ | रामकली चौधरी | टीकापुर-१, कैलाली |
| ७२ | बासुदेवी नेपाली | बेलादेवीपुर-३, कैलाली |
| ७३ | मनु बोहरा | बेलादेवीपुर-३, कैलाली |
| ७४ | जसुदेवी बुढा मगर | चौमला-३, कैलाली |
| ७५ | गङ्गेश्वरी वि.क. | पथरैया-९, कैलाली |
| ७६ | जवालसिंह तिरुवा | टीकापुर, कैलाली |
| ७७ | रमेश वादी | बलिया-९, कैलाली |
| ७८ | मीना भुल | चौमाला-३, कैलाली |
| ७९ | खिन्तु वि.क. | पथरैया-९, कैलाली |
| ८० | प्रेम वि.क. | धनगढी-३, कैलाली |
| ८१ | खुशीराम चौधरी | मसुरिया-४, कैलाली |
| ८२ | विर्मा वि.क. | पथरैया-८, कैलाली |
| ८३ | जानकी भण्डारी | बेल्डाडी-८, कञ्चनपुर |
| ८४ | सत्यकला वादी | बलिया-९, कैलाली |
| ८५ | राधा लुहार | पिपलाडी-८, कञ्चनपुर |
| ८६ | टीका बोहरा | कृष्णपुर, कञ्चनपुर |
| ८७ | पार्वती डगौरा | कृष्णपुर, कञ्चनपुर |
| ८८ | लक्ष्मी चौधरी | देखतभुली, कञ्चनपुर |
| ८९ | माखी रावत | वनारा, कञ्चनपुर |
| ९० | दुर्गा चुनारा | बेल्डाडी, कञ्चनपुर |
| ९१ | सरु कोली | दैजी-६, कञ्चनपुर |
| ९२ | जानकी कोली | दैजी-६, कञ्चनपुर |
| ९३ | सुगानी चौधरी | कृष्णपुर, कञ्चनपुर |
| ९४ | फूलकुमारीदेवी चौधरी | कृष्णपुर, कञ्चनपुर |
| ९५ | राधिका सुनार | कृष्णपुर, कञ्चनपुर |
| ९६ | धना वड | दैजी-३, कञ्चनपुर |
| ९७ | लक्ष्मीकुमारी चौधरी | कृष्णपुर, कञ्चनपुर |





| | | |
|---|---|---|
| ९८ | कल्पना योगी | देखतभुली-८, कञ्चनपुर |
| ९९ | दशनीदेवी चौधरी | देखतभुली-६, कञ्चनपुर |
| १०० | सीता थापामगर | दैजी-३, कञ्चनपुर |
| १०१ | नन्दा जोशी | देखतभुली, कञ्चनपुर |
| १०२ | पवित्रा तिरुवा | पिपलाडी-८ कञ्चनपुर |
| १०३ | धनमती लोहार | झलारी-९, कञ्चनपुर |
| १०४ | मन्धरादेवी लोहार | झलारी-५, कञ्चनपुर |
| १०५ | ममता चौधरी | कृष्णपुर-४, कञ्चनपुर |
| १०६ | रामप्यारी चौधरी | कृष्णपुर, कञ्चनपुर |
| १०७ | सुन्तली बोहरा | दैजी-९, कञ्चनपुर |
| १०८ | जुगनीदेवी चौधरी | कृष्णपुर, कञ्चनपुर |
| १०९ | फूलीमती चौधरी | कृष्णपुर, कञ्चनपुर |
| ११० | रामकुमारी चौधरी | कृष्णपुर, कञ्चनपुर |
| १११ | सुर्जाकला धामी | दैजी-३, कञ्चनपुर |
| ११२ | तिलसरी थापा | दैजी-३, कञ्चनपुर |
| ११३ | पदमा वि.क. | देखतभुली, कञ्चनपुर |
| ११४ | सुर्जादेवी सुनार | झलारी-९, कञ्चनपुर |
| ११५ | जानकी सुनार | झलारी-९, कञ्चनपुर |
| ११६ | विनोद वि.सी. | झलारी-९, कञ्चनपुर |
| ११७ | जनक कार्की | देखतभुली-९, कञ्चनपुर |
| ११८ | रमेश वड | पिपलाडी-९, कञ्चनपुर |
| ११९ | खेम नेपाली | दैजी-३, कञ्चनपुर |
| १२० | रामबहादुर चुनरा | झलारी-९, कञ्चनपुर |
| १२१ | इन्दिरा सापकोटा | बुटवल-१३, रुपन्देही |
| १२२ | अन्जु कुमाल | नयाँ बेलानी-५, नवलपरासी |
| १२३ | फूलकुमारी बुर्जा मगर | दुम्कीबास-१, नवलपरासी |
| १२४ | मीना वि.क. | तानसेन-९, पाल्पा |
| १२५ | सावित्रा गजमेर | चापापानी-१, पाल्पा |
| १२६ | कमला श्रेष्ठ | कल्याणपुर-१, चितवन |
| १२७ | कमला ढकाल | कल्याणपुर-१, चितवन |
| १२८ | लक्ष्मी न्यौपाने | धैबुङ्ग-४, रसुवा |
| १२९ | लक्ष्मी गुरुङ | डाँडागाउँ, रसुवा |
| १३० | लीला न्यौपाने | धैबुङ्ग-४, रसुवा |
| १३१ | कल्पना कार्की | थुम्पाखर, सिन्धुपाल्चोक |

| | | |
|---|---|---|
| १३२ | गीता पण्डित | ईचोक, सिन्धुपाल्चोक |
| १३३ | सोमप्रसाद भण्डारी | किउल, सिन्धुपाल्चोक |
| १३४ | कुमार थापा | तालमाराङ, सिन्धुपाल्चोक |
| १३५ | अशोक भण्डारी | दोलखा |

**समूह २ : बाँके - बर्दिया**

| क्रं. सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | बीर्मा सुनार | बर्दिया |
| २ | निर्मला बि.क. | " |
| ३ | पार्वती राजी | " |
| ४ | भानमती राजी | " |
| ५ | शीतला रोकाय | " |
| ६ | पार्वती सुनार | " |
| ७ | लक्ष्मी ओली | " |
| ८ | आइती खत्री | " |
| ९ | मनसरा खत्री | " |
| १० | हैकला राना | " |
| ११ | लक्ष्मी मल्ल | " |
| १२ | देवी परियार | " |
| १३ | भगवती भण्डारी | " |
| १४ | जना पडेरा | " |
| १५ | पार्वती थारु | " |
| १६ | गोहिता थारु | " |
| १७ | कमला परियार | " |
| १८ | चुदिया थारु | " |
| १९ | गुजरानी थारु | " |
| २० | सुकी परियार | " |
| २१ | रापपति थारु | " |
| २२ | ज्ञानु थापा | " |
| २३ | तुलसी सार्की | " |
| २४ | फूलमाया बि.क. | " |
| २५ | हिमा सुनार | " |
| २६ | धना खडका | " |





| | | |
|---|---|---|
| २७ | फूलकुमारी थारु | " |
| २८ | दुर्गा शाही | बर्दिया |
| २९ | मलैया थारु | " |
| ३० | राजकुमारी थारु | " |
| ३१ | दीपा परियार | " |
| ३२ | मीना चौधरी | " |
| ३३ | राधा बि.क. | " |
| ३४ | राजकुमारी चौधरी | " |
| ३५ | कौशिला परियार | " |
| ३६ | गणेश खड्का | " |
| ३७ | मोतीदेवी चौधरी | " |
| ३८ | कमलराज बि.क. | " |
| ३९ | जयराम बि.क. | " |
| ४० | दुलारा लोनिया | " |
| ४१ | फूलमाता रैदास | " |
| ४२ | सावित्री थारु | " |
| ४३ | डिल्लीराम थारु | " |
| ४४ | इन्द्र भण्डारी | " |
| ४५ | जलबर्सी रैदास | " |
| ४६ | कर्णबहादुर बि.क. | " |
| ४७ | मीना थारु | ,, |
| ४८ | बरफी चौधरी | " |
| ४९ | हिरादेवी औजी | " |
| ५० | गीता सुनाम | " |
| ५१ | दुर्गाबहादुर थापा | " |
| ५२ | बाबु दैलोनिया | " |
| ५३ | रुपाकला भण्डारी | " |
| ५४ | होमेन्द्र थापा | ,, |
| ५५ | दयाराम परियार | " |
| ५६ | केशबहादुर वि.क. | " |
| ५७ | पहारी थारु | " |
| ५८ | माया थारु | " |
| ५९ | सीता थारु | " |
| ६० | शिवगौरी थारु | " |

| | | |
|---|---|---|
| ६१ | साउनी थारु | ” |
| ६२ | हैरानी थारु | बर्दिया |
| ६३ | रामपति थारु | ” |
| ६४ | नोमी थारु | ” |
| ६५ | हासी रानी | ” |
| ६६ | कुमबहादुर बि.क. | ,, |
| ६७ | कोमबहादुर परियार | ,, |
| ६८ | कासीराम राजी | ” |
| ६९ | बुधराम राजी | ” |
| ७० | धनवीर राजी | ” |
| ७१ | मानबहादुर राजी | ” |
| ७२ | कुलबहादुर राजी | ” |
| ७३ | जनक राजी | ” |
| ७४ | बामबहादुर राजी | ” |
| ७५ | लक्ष राजी | ” |
| ७६ | चाम्रे राजी | ” |
| ७७ | ललिता पुरी | बाँके |
| ७८ | रामकुमारी थारु | ” |
| ७९ | सुमित्रा थापा | ” |
| ८० | रीता थारु | ” |
| ८१ | रबिना थारु | ” |
| ८२ | मुगी रोका | ” |
| ८३ | गीता | ” |
| ८४ | भीमकुमारी बोगटी | ” |
| ८५ | सरिता बोगटी | ” |
| ८६ | मायादेवि रैदास | ” |
| ८७ | नीरा चौधरी | ” |
| ८८ | टीका राना | ” |
| ८९ | धुनी शाही | ” |
| ९० | शिव पासी | ” |
| ९१ | डण्डप्रसाद शर्मा | ” |
| ९२ | जसवीर बड | ” |
| ९३ | लक्ष्मी नेपाली | ” |
| ९४ | कला बस्नेत | ,, |





| | | |
|---|---|---|
| ९५ | जयसरा खड्का | ” |
| ९६ | रामसिंह सार्की | बाँके |
| ९७ | लक्ष्मी नेपाली | ,, |
| ९८ | बषती शर्मा | ,, |
| ९९ | कुवारी हरिजन | ,, |
| १०० | मन्तुरा हरिजन | ” |
| १०१ | सुकदैया थारु | ” |
| १०२ | सावित्री थारु | ” |
| १०३ | विष्णु पोखरेल | ” |
| १०४ | पर्खा रैदास | ,, |
| १०५ | कर्णदेवी बि.क. | ” |
| १०६ | अछुमा बुढाथोकी | ” |
| १०७ | केशव शर्मा | ” |
| १०८ | सुनीता माली | ,, |
| १०९ | रामसुरद रैदास | ” |
| ११० | प्रेम वि.क. | ” |
| १११ | पुतली बुढा | ,, |
| ११२ | हासु नेपाली | ” |
| ११३ | वीरबहादुर बम | ” |
| ११४ | उर्मिला सुनार | ” |
| ११५ | सुनिल दाहाल | ,, |
| ११६ | सुरेश बुढा | ,, |
| ११७ | पूर्णबहादुर सुनार | ,, |
| ११८ | फुन्नीलाल थारु | ” |
| ११९ | टीका चौधरी | बाँके |
| १२० | सरिता चौधरी | ” |
| १२१ | निर्मला चौधरी | ” |
| १२२ | राजेन्द्र शर्मा | ” |
| १२३ | कौशिला नेपाली | ” |
| १२४ | विमला श्रेष्ठ | ” |
| १२५ | चन्द्रा चौधरी | ” |
| १२६ | पहलसिहं पहराई मगर | सुर्खेत |
| १२७ | राजेन्द्र शर्मा | ” |
| १२८ | मानबहादुर गन्धर्व | ” |

| | | |
|---|---|---|
| १२९ | शान्ति नेपाली | सुर्खेत |
| १३० | हरिकला राना | ,, |
| १३१ | चन्द्रा चौधरी | " |
| १३२ | सम्झना चौधरी | " |
| १३३ | सीता चौधरी | " |
| १३४ | बिर्फा बि.क. | " |
| १३५ | तारा बि.क | " |
| १३६ | धनसरी बि.क | " |
| १३७ | तारा वि.क. | ,, |
| १३८ | चन्द्र चौधरी | " |
| १३९ | आरति सिंह | " |
| १४० | मनकुमारी चौधरी | " |
| १४१ | देविसरा गन्धर्मा | " |
| १४२ | नन्दा बि.क. | " |
| १४३ | ताराकुमारी शर्मा | " |
| १४४ | रेणुका पौडेल | सर्लाही |
| १४५ | सरिता लुइँटेल | धनकुटा |
| १४६ | निर्मला खकिङ्ग | झापा |
| १४७ | पुस्तादेवी तामाङ | झापा |
| १४८ | बालकुमारी थापा | दैलेख |
| १४९ | डम्बर कटुवाल | " |
| १५० | विष्णु खड्का | " |
| १५१ | ओली बि.क. | ,, |
| १५२ | खगेन्द्र थापा | " |
| १५३ | सोमिता राम | सप्तरी |
| १५४ | भोला सदाय | सप्तरी |
| १५५ | हरिहर विश्वकर्मा | सिराहा |
| १५६ | समतोलिया | सिरहा |
| १५७ | जमुना वि.क. | मनिकापुर-४ |
| १५८ | सीता रसाइली | महोत्तरी |
| १५९ | मनमाया घिसिङ | " |
| १६० | दुर्गा राई | मोरङ |
| १६१ | देवमाया सन्दास | " |
| १६२ | गौमती परियार | म्याग्दी |





| | | |
|---|---|---|
| १६३ | गङ्गा परियार | म्याग्दी |
| १६४ | सुमा राना | पर्वत |
| १६५ | ल्यामबहादुर दर्जी | पर्वत |
| १६६ | खिरमाया दर्जी | पर्वत |
| १६७ | जगत देउजा | सिन्धुपालचोक |
| १६८ | धना खत्री | बागलुङ |
| १६९ | सरस्वती बि.क. | बागलुङ |

**समूह ३ : दाङ**

| क्रं. सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | बतासी चौधरी | लालमटिया ४, दाङ |
| २ | सुमित्रा राउत | लालमटिया ७, दाङ |
| ३ | देवी राउत | लालमटिया ४, दाङ |
| ४ | मनतुन्नी चौधरी | लालमटिया ५, दाङ |
| ५ | माया चौधरी | सिसहनिया २, दाङ |
| ६ | कुमारी चौधरी | सिसहनिया १, दाङ |
| ७ | हिरामणि चौधरी | सिसहनिया १, दाङ |
| ८ | शिवादेवी चौधरी | सिसहनिया ९, दाङ |
| ९ | नेमकुमारी चौधरी | लालमटिया ५, दाङ |
| १० | मनकली चौधरी | विजौरी ६, दाङ |
| ११ | सुनीता चौधरी | विजौरी ६, दाङ |
| १२ | रीता चौधरी | विजौरी ६, दाङ |
| १३ | आशा चौधरी | तुनपा, दाङ |
| १४ | सावित्रा केसी | तुनपा, दाङ |
| १५ | मेनका पाण्डे | तुनपा, दाङ |
| १६ | सुलोचना चौधरी | गोवरडिहा ८, दाङ |
| १७ | कैलाशपति चौधरी | गोवरडिहा ९, दाङ |
| १८ | रामरती चौधरी | सोनपुर १, दाङ |
| १९ | तुलरानी चौधरी | सोनपुर ९, दाङ |
| २० | रामपति | सोनपुर ९, दाङ |
| २१ | कल्पना चौधरी | हेकुली ५, दाङ |
| २२ | सर्जु चौधरी | हेकुली ५, दाङ |
| २३ | जुगमानी चौधरी | हेकुली १, दाङ |
| २४ | जवुनी चौधरी | घोनपा, दाङ |

| | | |
|---|---|---|
| २५ | एबी सुनार | घोनपा, दाङ |
| २६ | लक्ष्मी चौधरी | घोनपा, दाङ |
| २७ | सुनीता चौधरी | घोनपा, दाङ |
| २८ | मनमाया केसी | घोनपा, दाङ |
| २९ | सुशीला नेपाली | घोनपा, दाङ |
| ३० | मणि विक | घोनपा, दाङ |
| ३१ | सखहरि चौधरी | घोनपा, दाङ |
| ३२ | दीपा योगी | लक्ष्मीपुर ४, दाङ |
| ३३ | हीमा सुनार | रामपुर ३, दाङ |
| ३४ | शान्ता घिमिरे | लक्ष्मीपुर ४, दाङ |
| ३५ | कमला घर्ती | गोगली, दाङ |
| ३६ | लीला चौधरी | नारायणपुर १, दाङ |
| ३७ | सरीता चौधरी | नारायणपुर १, दाङ |
| ३८ | धना चौधरी | नरायणपुर २, दाङ |
| ३९ | सपना अन्सारी | नारायणपुर ९, दाङ |
| ४० | निलम कहाँर | महराजगन्ज |
| ४१ | विजयविक्रम थापा | पत्थरदैया, दाङ |
| ४२ | सुनीता परियार | सतवरिया ६, दाङ |
| ४३ | शीतरानी चौधरी | सतवरिया ६, दाङ |
| ४४ | राधा चौधरी | सतवरिया ७, दाङ |
| ४५ | फूलमानी चौधरी | सतवरिया ७, दाङ |
| ४६ | सरीता चौधरी | सतवरिया ६, दाङ |
| ४७ | चन्द्रकुमारी चौधरी | सतवरिया ६, दाङ |
| ४८ | रमा चौधरी | सतवरिया ७, दाङ |
| ४९ | रामप्यारी चौधरी | सतवरिया ७, दाङ |
| ५० | वाटुली खत्री | सतवरिया ६, दाङ |
| ५१ | विष्णु देवकोटा | धर्ना २, दाङ |
| ५२ | लक्ष्मी बस्नेत | धना २, दाङ |
| ५३ | तारा चलाउने | धर्ना २, दाङ |
| ५४ | सन्तोषी नेपाली | धर्ना २, दाङ |
| ५५ | सपना मिया | ढिकपुर १, दाङ |
| ५६ | मीनाकुमारी कुमाल | वेला ५, दाङ |
| ५७ | राजकुमारी चौधरी | वेला ५, दाङ |
| ५८ | सुशीला कुमाल | वेला ५, दाङ |





| | | |
|---|---|---|
| ५९ | प्रेमदैया चौधरी | गङ्गापरस्पुर ९, दाङ |
| ६० | राधा माझी | गङ्गापरस्पुर ९, दाङ |
| ६१ | अरुणा चौधरी | गङ्गापरस्पुर ३, दाङ |
| ६२ | लीला वि.क. | नारायणपुर ५, दाङ |
| ६३ | मीना यादव | वेला ४, दाङ |
| ६४ | सूर्यप्रकाश चौधरी | नारायणपुर ६, दाङ |
| ६५ | शरद चौधरी | नारायणपुर ९, दाङ |
| ६६ | रीता चौधरी | डुरुवा ३, दाङ |
| ६७ | सुमित्रा थापा | घोनपा २, दाङ |
| ६८ | मेघबहादुर बिसी | सोनपुर ८, दाङ |
| ६९ | सुनिल चौधरी | गङ्गापरस्पुर ३, दाङ |
| ७० | कुलबहादुर चौधरी | वेला ४, दाङ |
| ७१ | जगवीर चौधरी | सिसहनिया ९, दाङ |
| ७२ | प्रयागनारायण चौधरी | सोनपुर ९, दाङ |
| ७३ | आशाराम चौधरी | गोवरडिहा ८, दाङ |
| ७४ | विष्णु चौधरी | गोवरडिहा ८, दाङ |
| ७५ | लालमणि भण्डारी | नेपालगन्ज, दाङ |
| ७६ | पर्साराम वि.क. | नारायणपुर, दाङ |
| ७७ | शुभराज चौधरी | दाङ |
| ७८ | जानकी सुनार | हथौसा ९, कपिलवस्तु |
| ७९ | पुना सुनार | विसनपुर ३, कपिलवस्तु |
| ८० | शिवरत्नी | विसनपुर, कपिलवस्तु |
| ८१ | वसन्ती थारु | कोपवा, कपिलवस्तु |
| ८२ | नुरजहाँ खातुन | वीरपुर ९, कपिलवस्तु |
| ८३ | नसिवुन निशा | वीरपुर ९, कपिलवस्तु |
| ८४ | चिन्की केवत | वीरपुर, कपिलवस्तु |
| ८५ | नजुमा खातुन | वीरपुर, कपिलवस्तु |
| ८६ | सरस्वती सुव्वा | सर्लाही |
| ८७ | शशिकला दहाल | बर्दिवास, महोत्तरी |
| ८८ | Dorthe B. Olesen | Denmark |
| ८९ | Mirre Gruijters | Haarlem, Netherland |

## यात्रा समीक्षाका सहभागी

| क्र.सं. | नाम थर | संस्था/संगठन |
|---|---|---|
| १ | कल्पना कार्की | सा.आ.सेवा केन्द्र |
| २ | शुभराज चौधरी | सा.आ.सेवा केन्द्र |
| ३ | आशा राम चौधरी | स्वान |
| ४ | सुनिल चौधरी | स्वान |
| ५ | जवाल सिं तिरुवा | सा.आ.सेवा केन्द्र |
| ६ | मेघ वहादुर वि.सि. | संगठन दाङ्ग |
| ७ | ममता औजी | भू.अ.म. वैतडी |
| ८ | नन्दा जोशी | भू.अ.म. कञ्चनपुर |
| ९ | नरी राम लोहार | सि.एस.आर.सि |
| १० | सरस्वती नेपाली | सि.एस.आर.सि |
| ११ | टीका वोहरा | सि.एस.आर.सि |
| १२ | हिमा सुनार | वर्दिया |
| १३ | तारा वि.क. | सुर्खेत |
| १४ | खगेन्द्र थापा | दैलेख |
| १५ | पूर्ण वहादुर सुनार | सि.एस.डि.आर |
| १६ | मोति देवि चौधरी | मुक्त कमैया समाज वर्दिया |
| १७ | पार्वती राजी | भू.अ.म. वर्दिया |
| १८ | रिता चौधरी | स्वान |
| १९ | ल्याम वहादुर दर्जि | रा.भू.अ.म. नेपाल |
| २० | गंगा प्रसाद चौधरी | रा.भू.अ.म. दाङ्ग |
| २१ | मान्वा वहादुर नेपाली | जि.भू.अ.म. चौमाला, कैलाली |
| २२ | सूर्य प्रकाश चौधरी | स्वान |
| २३ | लालमणि भण्डारी | सा.आ.सेवा केन्द्र |
| २४ | सुनिता परियार | जिल्ला मञ्च दाङ्ग |
| २५ | मिरा कुमारी थारु | जिल्ला मञ्च बाँके |
| २६ | प्रयाग ना. चौधरी | स्वान |
| २७ | भागी राम चौधरी | स्वान |
| २८ | विष्णु पोखेल | सि.एस.डि.आर |
| २९ | ललिता मयाल | भू.अ.म. कैलाली |
| ३० | विकास मान डंगोल | सि.एस.आर.सि |
| ३१ | जगत देउजा | सि.एस.आर.सि |





## सन्दर्भ सामाग्री


१ भूमिमा महिला स्वामित्व (भूमिअधिकार बारे पढ्ने सामाग्री ), सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाण्डौ

२ भूमिमा महिला अधिकार, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं, २०६३

३ भूमिमा महिला अधिकार, कार्यपत्र, जुलिया चित्रकार, २०६३

४ महिला अधिकार बारे थाहा पाउनु पर्ने कानुनी कुरा, २०६७, एक्सनएड नेपाल

५ नेपाल अन्तरिम संविधान (२०६३), कानुन किताव व्यवस्था समिति, काठमाडौं

६ राष्ट्रिय कृषि गणना (२०५८) , केन्द्रीय तथ्याङ्क विभाग

७ सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका भूमिमा महिला अधिकारसम्बन्धी विभिन्न कार्यक्रमका प्रतिवेदन तथा कार्यपत्रहरु


◆◆◆